# नेपाली

(त्रैमासिक)

**२०६४ वैशाख, जेठ र असार पूर्णाङ्क १९१**

## *गुठीको समाचार*

सन् २००७–२००८ का लागि गुठीको सिटमा भारत कोलकातामा एम.बी.बी.एस् पढ्न जाने विद्यार्थीहरूको चयन निम्नानुसार भएको छ –

**मेडिकल कलेजमा–**

*कुमारी निशा शर्मा, काठमाण्डू ।*

**आर.जी.कार मेडिकल कलेजमा–**

*श्री लक्ष्मण ठाकुर, मोरङ ।*

**– कार्यालय–सचिव**
**म. पु. गुठी**

## *मदन पुरस्कार पुस्तकालयको पाना*

### 'नेपालको षेल्षाल'

*[करिब ५० वर्षअघि इ.शि. बाबुराम आचार्यकहाँ गौचरमा क.दी. गएको बेला उनले पुस्तकालयमा राख्नू, काम लाग्छ भनेर हातको लेखोट भएका ठूलै दुई फर्दा कागज दिएका थिए ९ इन्ची X १८ इन्ची साइजका । समयको अन्तरालले एक फर्दा हरायो अथवा कतै अलमलियो । ऐले पछिल्लो एउटा फर्दामात्र छ । त्यति नै भए पनि अत्यन्त रोचक त्यो एकप्रकारले पूर्ण पनि । त्यही प्रस्तुत हुँदै छ यसपटक यस पानामा । त्यो लेखोट मलाई दिँदा इतिहासज्ञ शिरोमणिले मलाई भनेको कुरा यो : "यो लेखोट लन्डनबाट आएको फोटोकपीबाट सारेर राखेको हो । यो जाहेरी उसबेलाका श्री ५ (सायद राजेन्द्र वीरविक्रम) लाई पठाइएको गोप्य जाहेरी हो । यो लेख्ने व्यक्तिचाहिँ मेरो हिसाबले नुवाकोटको धामी हो । त्यसबेला ऊ निकै टाठोबाठो, बुरुक्कडमा गनिन्थ्यो । यसबाट भीमसेन थापा कति बदमास थिए, उनीसँग जनता कति नाखुस थिए भन्ने बुझ्न सकिन्छ । इत्यादि ।"*

*इ.शि.को यो पछिल्लो वाक्यचाहिँ मार्मिक छ । बाबुरामजीलाई भीमसेन थापा कत्ति पनि मन पर्दैनथ्यो भन्ने जगजाहेर छ । केही समयअघि मात्र मदन पुरस्कार गुठीले चित्तरञ्जन नेपालीलाई 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' भन्ने कितापका लागि पुरस्कृत गरेको थियो । इतिहासज्ञ शिरोमणिजीलाई त्यो पुरस्कार दिएको चित्त बुझेको थिएन । उनको भनाइ थियो– "त्यति बदमास मान्छेलाई त्यति ठूलो बनाएर लेख्यो त्यो चित्तरञ्जनले । तपाईंहरूले पनि त्यस्तो कितापलाई पुरस्कार दिनुभयो । यो ठीक भएन ।" त्यही आफ्नो भनाइलाई प्रमाणित गर्न इ.शि.ले मलाई त्यो फर्दा थमाएका हुन् । यति दिन त्यो त्यसै थियो यहाँ पुस्तकालयको दराजमा । हुन त*

*(बाँकी पृ. ८५ मा)*

# जङ्कु–प्रसङ्ग

*– कमल दीक्षित*

एउटा कथा नै भएछ ! ठूलो योजना बनेको र काम नभएको उदाहरण नै बन्नपुगेछ क.दी.को जङ्कु-प्रकरण ।

नेवार समुदायमा 'बूढो पास्नी' या भीमरथारोहण अर्थात् जङ्कु गर्ने प्रथा छ । बाहुन-छेत्रीमा छैन त्यो । तर सर्ववर्ग समन्वय गर्न क.दी. का सन्तानले त्यो प्रथा सुरु गर्ने विचार गरेछन् । पहिलो जङ्कु ७७ वर्ष ७ महिना ७ दिनमा आयोजना हुन्छ रे, त्यो धार्मिक समारोह । तर मेरो जङ्कु भने धार्मिक हिसाबले नगरी सामाजिक पाराले गर्ने उनीहरूको निक्यौल रहेछ । त्यसै निर्णयअनुसार ७७ वर्ष ७ महिना केही नाघिए तापनि नयाँ वर्ष अर्थात् २०६४ को वैशाख सङ्क्रान्तिका दिन एउटा भेटघाट, जमघट रमाइलो समारोह आयोजना गरी क.दी. को जङ्कु गरिने भएछ । त्यसको सल्लाह प्रकाश सायमीसँग पनि गरेछन् उनीहरूले । प्रकाशजी एकदम उत्साहित भएर त्यसबेलालाई एउटा अभिनन्दनग्रन्थ नै निकाल्नुपर्छ भनेर सुरिएछन् । यो कुरा थियो क्यारे २०६३ सालको कार्तिक निक्लँदोको । ६ महिना जति बाँकी भएकाले सबै काम समयमै भैहाल्छ भन्नेमा सबै ढुक्क भएछन् । तर भनेका कुरा सबै हुँदैनन् । आँटेका कुरा सधैँ पुग्दैनन् । क.दी.को जङ्कुको प्रसङ्ग पनि त्यसैगरी तुहिएछ ।

कुरा आयो गयो हुन्थ्यो तर प्रकाशजीले पठाएका चिठीले तताएका एकदुई जनाले चैत लाग्दा नै "खोइ के भयो ?" भनेर सोध्न थालेछन् । "मैले लेखेर पठाएको थिएँ, छापियो ?" भनेर फोनहरू पनि आउन थालेपछि आफूकहाँ आइपुगेका दुईचारओटा 'लेख'हरू बिटो पारी मलाई नै पठाइदिए प्रकाश सायमीजीले । मलाई झन् के गरूँ, कसो गरूँ भन्ने भयो । आफ्नो 'प्रशंसा' का पुलिन्दा आफै फुकाउन ठीक लागेन र म चुप लागेको थिएँ । तर त्यसो गर्नु झन् उचित नहुने देखेँ र 'जस-अपजसको भागी नहुने' सर्तमा भएका कुरामात्र खोली आफ्नै हातको पत्रिका 'नेपाली'मा छापिदिने जमर्को गरेँ मैले । त्यसमा मेरा कुनै टिप्पणी हुनेछैनन् भन्ने पनि अठोट गरेँ । र वैशाख २०६४को मिति पर्ने नेपाली पूर्णाङ्क १९१ मा

हालिदिएँ। जम्माजम्मी ६ जनाले मात्र लेखिपठाएका रहेछन् सायमीको अनुरोध स्विकारेर। अरूले उनको चिठी पाए पाएनन् थाहा भएन। किनकि मैले सय जनाजतिलाई लेखेको छु भनेथे प्रकाशजीले। त्यो होस्।

प्रकाश सायमीले पठाएको भनिएको चिठीचाहिँ यो–

गोधूलि संसार, सैँबु- ८
ललितपुर।
मिति २०६३ मङ्सिर

श्री .........................
...............................

महोदय,

नेपाली साहित्यका अथक सेवक साहित्यकार कमल दीक्षितको व्यक्तित्व, कृतित्व र उहाँको योगदानलाई परिलक्षित गरी उहाँको ७७ औँ जन्मोत्सवको उपलक्ष्यमा प्रकाशन गर्न लागिएको 'कमल दीक्षित : जङ्कु'का लागि यहाँलाई पनि लेखकको रूपमा चयन गरेको सहर्ष जानकारी गराउँदछौँ। यहाँको आफ्नो दृष्टिकोणमा कमल दीक्षितका बारेमा लेखिएको संस्मरण, विचार वा अनुस्मृति जेजस्तो लेखौट हुन सक्छ कृपा गरी पत्र प्राप्त भएको पन्ध्र दिनभित्र प्राप्त होस् भन्ने आग्रह गर्दछु।

धन्यवाद ! यहाँको शीघ्र प्रतिक्रियाको अपेक्षा गर्दै–

सम्पादक
प्रकाश सायमी

आफ्नो रचनालाई इमेलबाट पनि पठाउन सक्नुहुनेछ।

यस्तो चिठी पठाएपछि प्रकाश सायमीको हात लागे (माथि भनेजस्तै) जम्माजम्मी ६ ओटा लेख। तिनमा पनि अचम्म के भने

एउटा लेख त इमेलबाटै आइपुग्यो उनीकहाँ । ती ६ ओटा लेखमा बढी नालीबेली नगरी अब सरासरी ती लेख नै राखिदिन्छु म, लेखकको नामको आकारादि क्रममा । त्यसमा पहिले इन्द्रनाथ अर्ज्यालको लेख । यो –

## कमल र म

*– इन्द्रनाथ अर्ज्याल*

"उहाँलाई दुलहीको खुट्टा नछुनु भनेर सिकाएको रहेछ क्यारे साथीभाइहरूले । उहाँले खुट्टा छुने बेलामा खल्तीमा अगिल्तिर सिउरेको रेसमी रुमाल झिकेर दुल्हैको खुट्टामा झुन्ड्याइदिनुभयो– खुट्टा छोएसरह भइहाल्यो- छुन पनि परेन । त्यो कुरा हाम्रो दुल्हैपट्टिकालाई मन परेन । कुनचाहिँले मलाई सिकायो– त्यो रुमाल थुतिदेऊ न भनेर । दोस्रोपटक खुट्टामाथि रुमाल झुन्ड्याउँदा मैले सुरुक्क पछाडिबाट गएर त्यो रुमाल थुतिदिएँ । दुल्हाले दुल्हैको खुट्टा नछोई सुक्खै पाएनन् ।" (कमल दीक्षितको 'बिर्सेको सम्झेको' पुस्तकबाट)

ऊ अक्षरतिर लाग्यो म अङ्कतिर । उसको कार्यक्षेत्र साहित्य भयो, मेरो गणित । एउटा सरस अर्को निरस । प्राय साहित्यकारहरू गणित रुचाउँदैनन्, त्यस्तै छन् गणितज्ञहरू पनि ।

कस्तो संयोग, त्यही विवाहको एउटै प्रडक्टको रूपमा जन्मेको हेमन्त अर्ज्यालले आफू सानो कक्षामा छँदा पाएको पुरस्कारको रूपमा मरनच्याँसे नेपाली पुस्तक कुन सट्का मेरो गणितैगणितका पुस्तकहरू भएको दराजमा घुसारिदिएछ थाहा भएन तर त्यो महाकवि देवकोटाले आफ्ना कृतिहरूमा सर्वश्रेष्ठ सम्झेको मुनामदन मेरो आँखाअगाडि पर्दा झन्डै २५ वर्ष भएको थियो । त्यसबेलासम्म त ती किताबहरूबीच रसको आदान-प्रदान भइसकेको रहेछ, त्यसमाथि थप छोराको कामले प्रोत्साहन मिल्यो । मैले लट्ठी टेक्ने बेलामा मेरो प्यारो शब्द गणितले मलाई लट्ठी टेक्न नदिई रसको रूपमा कान्नानी लिएर झन् प्यारो शब्द गणिता पो भएछ । गणितकै माध्यमबाट नेपाल र नेपालीका केही खास गुणहरू अघिल्याउने प्रयास हो गणिताको । गणिताको एउटा उदाहरण दिन खण्डकाव्य मुनामदन नै अघि सर्छ ।

त्यसमा मदनको दुईओटा उद्देश्य भेटिन्छ । एउटा हो बूढी आमालाई दूधभात खुवाउने, उनको पाटीपौवा बनाउने इच्छा पूरा गर्ने अर्को चाहिँ श्रीमतीको हातमा सुनको चुरा लगाइदिने । स्वर्ग र धरती सम्बन्धित ती दुई लक्ष्यबीचको दूरीलाई नौ आठ सात छ पाँच चार तीन दुई एक घट्दै गए जस्तै घुम्ती (HELIX) बाटोको रूपमा परिणत गरी त्यसमा त्यो खण्डकाव्यको पहिलो हरफ "नछोडी जानोस् हे मेरो प्राण ! अकेली मलाई" देखि अन्त्यको हरफ 'मुना, म पनि आउँछु' सम्मका हरफहरू एकपछि अर्को गरी बाटोभरि बिछ्याइएका छन् ।

नेपाली (त्रैमासिक) सम्पादन गर्ने कमल दीक्षितले त्यसकै पूर्णाङ्क १०६ मा यस्तो लेखेका छन्– "प्रसिद्ध नेपाली गणितज्ञ इन्द्रनाथ अर्ज्याललले गणितका अङ्कहरूलाई साहित्यमा उतारेको शब्दचित्र हामीले पूर्णाङ्क ८३ मा छापेका थियौँ। अहिले महाकविको मुनामदनलाई रेखागणितमा अनुवाद गरेको रेखाचित्र प्रस्तुत गर्दछौँ– त्यसको व्याख्यासहित । विद्वान् गणितज्ञका यस्ता साहित्य/गणितले शब्द र चित्र पाएका कृतिहरूको प्रदर्शनी केही महिनाअघि राजधानीका बासिन्दाले हेर्न पाएका थिए भन्ने कुरा यहाँ सम्झिइन्छ" । महाकवि देवकोटाको २०४२ र २०४३ सालका जन्मजयन्तीहरूमा कमल दीक्षितको टिप्पणी पहिलोमा यस्तो– "आँखा हुनेले यस्तो यस्तो पनि देख्दा रहेछन् । बधाई छ" छ, दोस्रोमा "देवकोटालाई साँच्चै राम्ररी खार्न गणितज्ञ नै चाहिँदो रहेछ बल्ल बुझेँ ।"

त्यस्तै त्यो त्रैमासिक पूर्णाङ्क १७७ मा जन्मभूमि र कर्मभूमि शीर्षकअन्तर्गत शब्द NEPAL लाई मेरो कर्मभूमि (MATHEMATICS) गणितको आँखाले हेरिएको छ । नेपालको सानो नक्सा टाइप गरेको शब्द NEPAL कसिएर रहने चारकुनेभित्र कसिएरै रहन्छ । अतः NEPAL शब्दमात्र होइन त्यसको आकार पनि हो । दोस्रो कुरा N ले दुई ढुङ्गाबीचको तरुल नेपालको मौलिक राजनीतिक सिद्धान्त सम्झाउँछ । जसमा तरुलले एउटा ढुङ्गालाई शिरमा अर्कोलाई पाउमा भेट्छ । तेस्रो कुरा पछिल्लो अक्षर L मा ठाडो रेखाको टुप्पो सगरमाथाको टुप्पो र तेर्सो रेखाको टुप्पो केचनाकलन सम्झे ती दुई टुप्पो सोझै जोड्दा N मा तरुलको भिरालो रूप दिन्छ । चौँथो

कुरा P को बायाँ E (EVEREST) र दायाँ (SAGARMATHA) एउटै पहाडको दुइटा नाम हो। त्यसैले ती ढुङ्गाहरू बराबर शक्तिमा छन्। नेपालको अस्तित्व तबसम्म रहन्छ, जहिले ती दुईतिर दृष्टिकोण समान रहन्छ। N को एकान्तर कोण बराबर हुन्छ भनेर गणितले भन्छ। अन्त्यमा NEPAL को पहिलो अक्षर N धेरै दृष्टिकोणबाट अर्थपूर्ण छोटकरी हो भन्न सकिन्छ।

यहाँ कमल दीक्षित लेख्छन्– "आधा शताब्दीभन्दा बढी समय गणित सिकाएर 'रिटायर' अवकाशको जीवन बिताउने, ८३ वर्ष खाएका, अध्यापक/प्राध्यापक इन्द्रनाथ अर्ज्याल अक्षर, भाषा र साहित्यमा पनि गणितै देख्छन्, गणित नै खोज्छन्। 'गणिता' भनी ३ भाग पुस्तक उनले यस्तै विषयमा लेखेका छन्। 'नेपाली'मा समेत यसअघि उनका गणितीय लेखहरू (८३, १०६, १०९, ११८, १२०, १२६, १३४, १७७, १७९) छापेका छौँ। यसपटक फेरि विद्वान् प्राध्यापकको एक मधु-निबन्ध पढूँ।"

सङ्ख्या १७९ बाट सङ्ख्या १८५ धेरै टाढा पर्दैन। त्यस्तै छ नेपाली (त्रैमासिक) पूर्णाङ्क १७९ र नेपाली (त्रैमासिक) पूर्णाङ्क १८५। पहिलोमा 'NEPAL शब्द नै सुन्दर' शीर्षकको लेख छ भने दोस्रो त मदन पुरस्कार स्वर्णवर्षमा नेपाली भाषाको विशेषाङ्कको रूपमा निस्केको छ। उक्त अवसरमा म कसरी अछूत रहन सक्थें। केही गर्ने प्रेरणाले अनुरोधलाई पछाडि पाऱ्यो। गर्ने त गर्ने तर के गर्ने, यो अन्यौलको अवस्थामा अङ्कगणितको पहिलो पाठ १, २, ३, ४ सम्झन पुगेछु, जसले मलाई मदन पुरस्कारमा पुरस्कारको राशितिर डोरायो। प्रत्येक वर्षको एउटामात्र पुरस्कारको विचार गर्दा त्यो ४ हजार रुपियाँबाट १० बाट २० बाट २५ बाट ३० बाट ४० बाट ५० बाट १०० बाट २०० हजार रुपियाँ, एउटै वाक्यमा भन्ने हो भने ५० वर्षमा पुरस्कारको रकम ५० गुणा हुन पुगेको भेटिन्छ, गजबार चित्र (Bar diagram) को लागि सामग्री हुन पुग्यो। चित्र तयार भयो भऱ्याङजस्तो, जसको फाँच कालो एकनासको खुड्किला पनि कालो तर अग्लो, झन् अग्लो झन्झन् अग्लो हुँदै गएको। बीचमा जगदम्बा-श्री थपिएकाले फाँचचाहिँ कालोसेतो भई फराकिलो भयो। खुड्किला पनि कालोसेतो भयो तर उक्लन पर्ने उचाइचाहिँ ज्यौँका त्यौँ। ५०

हजारको खुड्किलाबाट १ लाखको चढ्न सानो मानिसले आँट्न नसक्ने, १ लाखको बाट २ लाखको चढ्दा ठूलो मानिसको टाङ च्यातिनेजस्तो भयो । चित्रले ऐना फ्रेम पायो । मेरी नातिनी डा. एरिनाले दुलही सिँगारेको जस्तै गरी अन्माइदिई श्रिति रुम्सिखेलबाट मदन पुरस्कार गुठी, यलमाया केन्द्र, पाटनढोकाका लागि ।

भनिन्छ गणित विषयको लेख तीन जनाले मात्र पढ्छन्,– लेखिसकेपछि लेखकले एकपटक; सम्पादकले आफ्नो पाठकले रुचाउँछन् कि रुचाउँदैनन् भनेर एकपटक अनि अन्वेषकले अघिअघि गणितमा केके लेखिएको रहेछ भनेर पत्रपत्रिका खोतलेर हेर्छ, पायो भने पढ्छ । मदन पुरस्कार स्वर्णवर्षको अन्तिम दिन २०६२/८/२७ मा मेरो आँखामा टाँसिएको त्यो चित्र भित्ताभित्तामा खोज्नु व्यर्थ थियो । साहित्यकारहरू जमघट भएको आँगनमा विज्ञानकी रानी गणित त कोठेरानी भएर भित्रै बसिछन्, बाहिर आउन मानिनछन् ।

अन्त्यमा कमल र म, साहित्य र गणितको सम्बन्ध स्पष्ट गर्न महाकवि देवकोटाले सुलोचना महाकाव्यमा दुई श्रीमती भएको विलास सिं सम्झेर कोरेको युगल हरफ अगाडि आउँछ :

*दोटा रेखा मिलेजस्तो हुन्छन् ती एक विन्दुमा ।*
*पतिको दिलमा जुट्ने आफू फाट्ने अनन्तमा ॥*

हामी दुई नेपाल र नेपालीमा जुटेका छौँ तर हाम्रो बाटो फरक छ । अङ्ग्रेजी वर्ण V जस्तै ।

अङ्ग्रेजी वर्णको V अक्षरजस्तै हामी सालाभेनाको बाटो फरक भएको पढिसकेपछि अब उत्तर बङ्ग विश्वविद्यालयका घनश्याम नेपालले पठाएको यो लेख–

## हाम्रा साहित्यिक खनित्र : कमल दीक्षित

*– घनश्याम नेपाल*

समाजमा व्यक्तिको विकासका लागि संस्थाहरू बन्दछन् । तर कति व्यक्ति आफै संस्था हुन्छन्, अरु भनूँ संस्थाभन्दा ठूला हुन्छन् जसले संस्थाहरू उभ्याउँछन्, व्यक्तिहरूलाई व्यक्तित्व दिन्छन् र समाजलाई

उँभो उक्लिनका लागि लिस्नो र भऱ्याङहरू उभ्याइदिन्छन्। त्यस्तै एक जना व्यक्ति हुन् कमलमणि दीक्षित, जसलाई नेपाली लोकले प्यारो गरेर कमल दीक्षित भन्ने गरेको छ। कमलझैँ पत्रपत्र परेर वर्तमानको पङ्कदेखि माथि उभिएको अतीतभित्रका चेपचेपबाट, अन्तरकुन्तरबाट विस्मृति र अवहेलनाको धूलोमूलो र कसिङ्गरले छोपिराखेका नेपाली भाषा-साहित्यका पुराना पृष्ठहरू खोतलेर, उधिनेर टकटक्याएर इतिहासका घमाइला पृष्ठहरू लोकका दृष्टिसामु उभ्याउने कार्यविधि र प्रणालीमा स्वयं दीक्षित कमल दीक्षित नेपाली भाषा साहित्यको बीसौँ/एक्काइसौँ शताब्दीका एक जना संस्था पुरुष हुन्, स्वयं संस्था हुन्।

मोतीराम भट्टले रोपेको शोध–अनुसन्धानमूलक लेखनको सानो बुटो कमल दीक्षितमा आएर पूर्ण विकसित, पूर्ण प्रशाखित बन्न पुग्यो। नेपाली भाषामा उहिलेदेखि अहिलेसम्म लेखिएका र प्रकाशित भएका वा हुन नपाएका विविध विषयका पुस्तक-पत्रपत्रिकादिको विधिपूर्वक सङ्कलन गरी विद्याव्यसनी सबैका लागि उपलब्ध तुल्याइदिने काम एक जना व्यक्तिबाट हुन सक्छ जस्तो हामीलाई लाग्दैन। तर कमलमणि दीक्षित एक्लैको प्रयत्नबाट (भगीरथ प्रयत्न नै हुनुपर्छ त्यो) यो कुरा सम्भव भयो, अनि कसैले फुङ पाई नसक्तैमा सम्भव भयो। त्यसैले कमल दीक्षित एउटा व्यक्ति कम र संस्था अधिकको नाउँ हो। पुराना थोत्रा ग्रन्थादि बटुलेर आफूले थुपारेका मात्र भए उनी एक जना जडाशक्त कहलाइन्थे, मनोचिकित्साविज्ञानका विद्यार्थीहरूका लागि एउटा अध्येतव्य वस्तु वा पात्र, एउटा 'इन्टरेस्टिङ केस' बन्ने थिए। तर त्यसरी अतीतको उत्खनन गरी उनले एउटा सिङ्गो अभिलेखागार वा ग्रन्थ-सङ्ग्रहालय खडा गरिदिए अनि सार्वजनिक प्रयोजनका निम्ति अनुशासित उपयोगविधिसहित त्यसलाई लोक-समक्ष प्रस्तुत गरिदिए। त्यसरी उनी व्यक्तिबाट माथि उठेर आफै संस्था बन्न पुगे। उनको सङ्ग्राहक मन वा एक जना व्यक्तिको एक्लो तपस्या र साधनाले बनेको नेपालको पाटनस्थित मदन पुस्तकालय आफैमा एउटा महाकाव्य हो र यस महाकाव्यका रचयिता हुन् कमलमणि दीक्षित, महाकवि कमलमणि आ.दी.। यो यस्तो एउटा महाकाव्य हो जसको मङ्गलाचरण यसका रचयिताले मनमनै रचे र राखे अनि खालि महाकाव्यमात्र सर्गसर्ग गर्दै निर्माण गर्दै गए।

यो हो कमल दीक्षितको विशाल व्यक्तित्वको एउटा उदात्त अध्याय ।

अर्को उस्तै उज्ज्वल अध्याय छ उनको लेखकपक्ष । त्यसतर्फ पनि उनी संस्थातुल्य छन् ।

काठमाडौँमा त्रिभुवन विश्वविद्यालय र यता भारतमा उत्तर बङ्गाल विश्वविद्यालयको स्थापना भएर नेपाली भाषा-साहित्यका क्षेत्रमा उच्चतहको अध्ययन-अध्यापन तथा शोध-अनुसन्धानको कार्य विधिवत् गरिन थालिनुभन्दा अघि नेपाली भाषा र साहित्यको ऐतिहासिक एवम् अनुसन्धानमूलक अध्ययनको काम व्यक्तिस्तरमा नै सीमित थियो । विभिन्न समयमा विभिन्न व्यक्तिले आफ्ना सामु उपलब्ध सीमित साधन, सुविधा र सहुलियतका भरमा नेपाली भाषा-साहित्यबारे खोजी र अध्ययन गर्ने एउटा परम्परा बसाई त्यसलाई निरन्तर अघि बढाउने उद्यम गरे । ती व्यक्तिहरू एक्लैएक्लैले एउटाएउटा संस्थाको भूमिका पालन गरे । मोतीराम भट्ट एउटा संस्था, बाबुराम आचार्य एउटा संस्था, कमलमणि आचार्य दीक्षित एउटा संस्था ।

खोजी जो कोही गर्न सक्लान् । खोजेर आफूले फेला पारेको वस्तुबारे विवरण र व्याख्या पनि जो कोही लेख्न सक्लान्, तर अनुसन्धानाश्रित लेखनलाई आख्यानको सहज प्रवाहशीलता र कविताको रसमयतामा चुर्लुम्म डुबाई चुरोसम्म भिजाएर/रसाएर प्रस्तुत गर्न सक्ने क्षमतामा कमल दीक्षित अद्वितीय छन् । मजस्तै उनीसँग कहिल्यै व्यक्तिगत रूपमा भेट्ने अवसर नपाएका साधारण नेपाली पाठक उनका *कालो अक्षर, यस्तो पनि, पर्खंदै बित्ला कि !, कागतीको सिरप* जस्ता कृतिहरूभित्र जब प्रवेश गर्दछौँ र एउटाएउटा शब्द टेक्तै हरफहरफ उक्लँदै वाक्यहरूका आँचिला नाघेर पृष्ठहरूबाट क्रमश: बाहिरिँदै जतिजति अघि बढ्दछौँ, हाम्रा आँखासामु एक जना फर्स्याइला तर गम्भीर र प्रौढ रुचि भएका, अध्ययनशील तथा साँच्चै जानिफकार व्यक्तिको भव्य मूर्ति र उदात्त व्यक्तित्व आफ्नो हँसिलो मुस्कँदो तर दृढ मुद्रामा उतिउति प्रस्ट बन्दै उभिन आउँछ । उनका कृति पढ्दा हामीलाई कुनै व्यायामशाला वा परीक्षा-केन्द्रको कठोर अनुशासनबद्ध परिवेशमा चुनिन पुगेजस्तै होइन तर नेपाली भाषा-साहित्यको कुनै रमणीय उद्यान, कुनै बौद्धिक वा भनूँ प्राज्ञिक 'एम्युज्मेन्ट पार्क'बाट

ऐतिहासिक फुच्का र सुस्वादु चाटकचौडीहरू चाख्तै, स्वाद लिँदै अघि बढिरहेको प्रतीत हुन्छ, अथवा यसो भनूँ, स्थानीय वेणीबजारको माघेमेलामा मेसु वा साँधेको गुन्द्रुक हातमा लिएर खल्तीबाट भुटेका मुरलीमकै र भटमास झिक्तै, फाँको मार्दै, औँली चाट्दै, रमाइलो बौद्धिक रोटेपिङ खेलिरहेजस्तो सहज एवं निस्प्रयत्न आनन्द आउँछ। अप्ठ्याराभन्दा अप्ठ्यारा कुरा सजिलैसित कसरी भन्न वा लेख्न सकिन्छ भन्ने कुराको खुलदुली लागेमा हामीले पढ्नुपर्ने एक जना लेखक राजनारायण प्रधान हुन् भने अर्का हुन् कमल दीक्षित। 'मणि' र 'आचार्य' झिकेर आफ्नो नाउँलाई सजिलो र छरितो कमल दीक्षित पारेजस्तै आफ्नो बौद्धिकता र बहुसूचिततालाई गूणीभूत तुल्याएर उनले आलोचनात्मक नेपाली गद्यशैलीको एउटा आफ्नै मौलिक र मनोरञ्जक मुहुडा तयार पारेका छन्। भव्यता जटिलताभन्दा बेग्लै कुरा हो भन्ने चेत हामीलाई उनका एकएकओटा पङ्क्तिले दिन्छन्। यसैर उनी जताबाट हेरे पनि अनुकरणीय आदर्श देखिन्छन्।

विद्वान् डा. ले 'साहित्यिक खनित्र' भनेर सह्राएको क.दी.को यति 'विरुदावली' पढिसकेपछि बाग्लुङबाट प्रेम छोटाले पठाएको यो लेख–

## कहिलेकाहीँ गल्तीले पनि राम्रो गर्छ

*– प्रेम छोटा*

लब्ध प्रतिष्ठित साहित्यकार एवं वरिष्ठ भाषासेवी कमल दीक्षित राजधानीबाहिर मोफसल बाग्लुङमा स्थापित (२०३४) रत्न श्रेष्ठ पुरस्कार संस्थानद्वारा आयोजित पुरस्कार समर्पण समारोहमा प्रमुख अतिथिका रूपमा २०४३ साल फागुन ७ गते पहिलोपटक बाग्लुङमा आइपुगेका थिए। त्रिचालीस सालको बेहुला (पुरस्कार विजेता हीरामणि शर्मा पौड्यालको स्वास्थ्यको कारण अनुपस्थिति) विनाको पुरस्कार (बेहुली) प्रतिनिधिका रूपमा कुनै एक जनालाई वरण गराएर यहाँबाट दीक्षित फर्के। करिब सवा एक महिनाको अन्तरालमा उनको 'मोटर पुगेपछि' शीर्षकको यात्रा संस्मरणात्मक लेख २०४३ चैत्र १३ गते गोरखापत्रको शनिवासरीय परिशिष्टाङ्कमा

प्रकाशित भएकै दिनमा यसका पङ्क्तिकार गोरखापत्र संस्थानमा पुगेको थियो । ठीक त्यही समयमा प्रसिद्ध समालोचक डा. तारानाथ शर्माले "प्रेम छोटा भाइ ! कमलमणि दीक्षितले तपाईंको बारेमा लेख्नुभएको आजको गोर्खापत्र हर्नुभयो ! हेर्नुस् राम्रो छ ।" यत्तिकैमा डा. शर्मा पछि भेट्ने अंशमा बिदा भए । मनमा खुलदुली र जति सक्दो छिटो पत्रिका हेर्न पाए हुन्थ्यो जस्ता कुरामा उत्सुकता जाग्नु स्वाभाविकै पनि हो । दीक्षितद्वारा लिखित गोरखापत्रभित्रको लेखलाई आद्योपान्त हेरियो । हेर्ने क्रममा एकाध ठाउँका आधारभूत अनुभूतिहरू-बाहेक अरू सबै यथार्थतामा आधारित आत्मपरक निबन्धका रूपमा लेखिएका भावनात्मक उद्‌गारहरू अभिव्यक्तिएको हुन्छ । तर उनका भाषामा "काजी रोशन आफै कवि हुन्, लेखक हुन् । प्रेम छोटालाई साहित्यसेवामा लाग्ने प्रेरणा दिने पनि उनै हुन् । उनैको प्रेरणाले प्रेम छोटाले आफ्नी आमा रत्नकुमारीको सम्झनामा रत्न श्रेष्ठ पुरस्कार संस्थान खडा गरे......" जस्ता वाक्यांशमा यस पङ्क्तिकारको सहमति हुन सकेन, किनकि त्यसमा यथार्थ, तथ्यपरक तथा विनाआधारको अभिव्यक्तिको अनुभूति हुन थाल्यो । यस्तो कुरा किन लेखेहोलान्, उनी जस्ता व्यक्तित्वले ? बुझेर लेखिदिएका भए बेस हुने थियो, आदि इत्यादिकै क्रममा सो अभिव्यक्तिमा आफ्नो विमति जनाउँदै भोलिपल्ट २०४३ चैत्र १४ गते आइतबार दीक्षितज्यूको निवासस्थान, पाटनढोकामा पुगियो । 'मोटर पुगेपछि' को लेखबारे कुराकानी पनि भयो ।

कुराकै सिलसिलामा आफ्नो जन्म वि.सं. २००२ साल वैशाख १४ गते भएको देखि यता १०/११ वर्षको कलिलो उमेरमा 'पुस्तकालय के हो, यसको महत्त्व के हुन्छ ?' जस्तासम्म केही पनि नबुझेका केटाहरूको हो...र...है...को लह... लहैमा आआफूले पढिने गरिएका वर्णमालाहरूजस्ता लगायतका अन्य केही पाठ्यपुस्तकहरू र सामान्य खालका पत्रिकाहरू जम्मा गरौँ र एउटा पुस्तकालय खोलौँ आदि मोटामोटी सरसल्लाहमुताबिक आफूसहितका (मेरा) समकालीन मित्रहरूमा विजय राजभण्डारी, राधेश्याम राजभण्डारी र सुधार राजभण्डारी (सुधार परलोक भैसकेका छन्) को मिलोमतोमा वि.सं. २०१३ साल फागुन १५ गते किनाराटोलस्थित कृष्णलाल राजभण्डारीको पुरानो घरको पछाडिपट्टि सानो कोठामा 'सरस्वती पुस्तकालय' नामको

पुस्तकालय खोलियो। त्यो पुस्तकालय अहिले छैन। ८/१० महिनापछि स्वत: बन्द भएको थियो। त्यसपछि वि.सं. २०१४ साल माघ/फागुनको आसपासमा बाग्लुङका तत्कालीन युवा कलाकार तथा संस्कृतिकर्मीहरूको सक्रियतामा प्रदर्शित 'मनोमानी' सामाजिक नाटकमा एउटै नामका र श्रेष्ठ थरका दुई जना कलाकारहरू छनौटमा परियो । तत्कालीन नाटक निर्देशकबाट एउटाको नाउँपछाडि प्रेमप्रसाद 'बडा' र अर्काको नाउँपछाडि प्रेमप्रसाद 'छोटा' को उपनामबाट चिनाइयो । त्यसको केही समयपश्चात् वि.सं. २०१६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाकृत 'अष्ट-मार्ग' कविताका हरफमा 'उद्देश्य के लिनु? उडी छुनु चन्द्र एक' को उच्च भावनानुरूप रूसले छोडेको रकेट (यान) चन्द्रमा टेकेको कुराले सार्थकता प्राप्त गर्‍यो भन्ने विषयले सारा राष्ट्रराष्ट्रहरूमा फैलिएको प्रचारप्रसारको प्रभाव ममा पनि परेकै कारण तत्कालै 'असम्भव के?' नामक ६ हरफको कविता रचियो। जुन कविता वि.सं. २०१७ सालमा प्रकाशित हस्तलिखित साहित्यिक पत्रिकामा प्रकाशित लेखकको पहिलो कविता हो। यसपछाडि आफ्ना टुटेफुटेका शब्दहरू जोडेर झिनामसिना खालका कविताहरू रचना सिर्जना गर्न थालियो र त्यसको पछाडि प्रेमप्रसाद छोटाको उपनामबाट बेलाबखतमा हुनेगरेका साहित्य-गोष्ठीहरूमा वाचन गर्नमा रमाइयो। त्यसबेलादेखि नै एकातिर 'छोटा' उपनामको पुच्छर गाँसिएको छ भने अर्कातिर तिनै छोटा वा सानो रूपमा नेपाली भाषा साहित्यको सेवामा निरन्तर लाग्न पाउनुमा आत्मसन्तोष मिलेको छ । यिनै सन्दर्भमा वि.सं. २०१७ भाद्र १५ गते बाग्लुङमा 'सरोज सुधा सङ्घ' नाउँको एउटा साहित्यिक संस्था हामीहरूको अग्रसरतामा जन्म दिएका हौँ भने उक्त प्रसङ्गमा भन्नुपर्दा मित्र काजी रोशनको जन्म वि.सं. २००६ सालमा भएको देखिन्छ । उनले वि.सं. २०१९/२० सालतिर कविता रचना गरेका हुन्। वि.सं. २०२१ सालमा स्थानीय विद्या मन्दिर हाई-स्कूलको वार्षिक मुखपत्र 'ज्योति' पत्रिकामा 'स्कूल छाडेपछि' नामक आफ्नो पहिलो कविता प्रकाशित गराएदेखि यता रोशनको औपचारिक रूपमा साहित्यिक यात्रा थालनी भएको इतिहास छ भने अर्कोतिर मेरा बुबा (दीपबहादुर श्रेष्ठ) को मरण हुँदा वा पितृवियोगको समयमा यो व्यक्ति ७ महिना ८ दिनको अबोध शिशुको रूपमा मात्र थियो।

त्यतिखेर ३२/३३ वर्षकी मेरी आमा नौओटा बच्चाहरू जन्माई सो समयमा विधवासमेत हुन पुगिन्। यस्ता अति पीडादायक अवस्था र भारलाई पार गर्दै इहलीला त्यागेकी वात्सल्यताकी प्रतिमूर्ति आमाको मातृवियोगको आलो घाउ र सदासदाका लागि वियोगिन पुगेका पुत्र प्रेम छोटाले आफ्नी स्वर्गीय आमा रत्नकुमारीलाई चिरस्थायी वा चिरञ्जीवी तुल्याउनेजस्ता अन्तःस्करणबाट सहज रूपले उब्जेका मेरा स्वच्छ भावनाहरूको प्रतिबिम्ब वा प्रतीक हो आमा रत्नको स्मृतिमा स्थापित 'रत्न श्रेष्ठ पुरस्कार संस्थान' (पछि गुठी) न कि कसैको प्रेरणाबाट। यतिका अन्तर वा अगाडिपछाडि, दाँया-बायाँ हुँदाहुँदै पनि वरिष्ठ अन्वेषक दीक्षितज्यूले कसरी र कुन दृष्टिले प्रेम छोटालाई साहित्यसेवामा लाग्ने र पुरस्कार संस्थान खडा गर्ने प्रेरणा दिएका हुन्" भन्ने विषयबारेमा मैले बुझ्न सकेको छैन, जसको (दीक्षित) गहिरो स्नेह, श्रद्धा र हार्दिकताबाट म वशीभूत हुन पुगेको छु र सुनेको पनि छु। साहित्यकार नरेन्द्रराज प्रसाईंका अनुसार "नेपालमा सबभन्दा बढी चर्चा र प्रशंसा गर्छन्" भने कमल दीक्षितले प्रेम-छोटाको गर्छन्' भन्ने भनाइबाट म अरू अनुगृहीत हुन पुगेको छु।

यी माथि उल्लिखित यावत् आधारभूत तथा वास्तविक तथ्यसित सम्बन्धित विषयहरू उनीसामु अवगत गराइसकेपछि मेरा यथार्थिक विषयलाई हृदयदेखि नै स्वीकार गर्दै गम्भीर मुद्रामा हाँस्दै 'प्रेमजी कहिलेकाहीँ गल्तीले पनि राम्रो गर्छ' भन्ने शाश्वत उद्गार २० वर्षअघिको हो दीक्षितको। जसलाई यसका पङ्क्तिकारले त्यतिखेरै तिनै गोरखापत्रको तल्लो खाली पृष्ठमा कालो मसीले उल्लेख गरिराखेको छ। त्यो न मेटिन्छ न त हराउँछ नै, जुन अङ्कित बोलीका पङ्क्ति सुरक्षितसाथ रहेको छ।

यसअघि २०३५ भाद्र ९ गते दीक्षितज्यूसित भेट गर्ने अभिप्रायले भान्जा मनमोहन श्रेष्ठ, विराटकुमार श्रेष्ठ र मसहित तीन जना उनीकहाँ पुग्यौँ जीवनमा पहिलोपटक। क.दी.सँग भेट्नुभन्दा अगावै मूल गेटमा बसेका पालेसित कमल बाबुसँग भेट्न पाउनका लागि बाग्लुङबाट आएका हौँ भनी हामीले पालेसित अनुरोध गर्दा "कमल बाबुसाहेबबाट भेट पाउनुहुन्न शनिबारको दिनमा," उनले अरू थप्दै भने– "उहाँले बम्बै र काशी बनारसबाट आएका ठूलठूला व्यक्तिहरूलाई

त भेट दिनुभएको छैन, तिमीहरूलाई !" भन्दै गरेका उनका कुराले हामीमा अलिकति नैराश्यता पैदा भएकै भए पनि पुनः तिनै पालेसित अनुनयविनयका साथ सानो खाली कागजको टुक्रा मागी त्यस कागजमा मनमोहन, विराट र प्रेम छोटा भेट्नका लागि यहाँ आइपुगेका छौँ भनी दीक्षितज्यूसमक्ष पुऱ्याउन निकै आग्रह गऱ्यौँ। अप्ठयारो मान्दामान्दै पालेलाई उनीकहाँ पठायौँ। सायद हाम्रो नाउँको स्लिप पाएपछि दीक्षितज्यूबाट पालेलाई कार्यालयकक्ष खोली हामीलाई बस्न अराए होलान्। त्यतिखेर त्यस पालेको अनुहारमा पहिलेको चमक र दमकभन्दा बेग्लै पारा, बोलीमा नरम र फरकपन झल्किन्थ्यो। "तपाईंहरू कार्यालयमा आउनुस् र बसिराख्नोस् हजुर ! कमल बाबु सवारी हुँदै हुनुहुन्छ।" कार्यालय कक्ष खुल्ला गर्दै हामीलाई आदरपूर्वक बस्न के आग्रह गर्दै थिए पालेले, कमल दीक्षित टुप्लुक्क आइपुगे र "खै ! प्रेम छोटा, कहाँ हुनुहुन्छ" उनले भन्दै गरेको अवस्था, उनको शिष्टता र शालिनताले हामी औधी आकर्षित र प्रभावित भएका थियौँ। त्यसमाथि पनि उनको हँसिलो र उज्यालो मुख-मुद्रा, तेजिला आँखा। आँखामाथिको कलात्मक चस्मा, भादगाउँले टोपी र चुस्त पोसाकको सिङ्गो स्वरूपमा पहिलोपटक उनलाई भेट गर्न पाउँदा अपार हर्ष र आनन्दले हामी विभोर भएका थियौँ।

आ-आफ्नो परिचय लिनेदिनेको क्रममा प्रेम छोटा, मनमोहन र विराट श्रेष्ठको तर्फबाट सर्वप्रथम अभिवादन गरियो। क.दी.बाट "तपाईं प्रेम छोटा ! हुनुहुन्छ। ओ... हो... कति गौरवको कुरा ! मलाई साह्रै अचम्म लाग्यो। यति कम उमेरको व्यक्तिले बाग्लुङजस्तो ठाउँमा बसेर त्यत्रो ठूलो काम गर्नुभएको, मेरो ख्यालमा त्यत्रो ठूलो पुरस्कार राख्ने व्यक्ति त्यसमा पनि विकट ठाउँमा बसेर काम गर्ने व्यक्ति कमसेकम ६५ वर्षभन्दा बढी नाघेको हुनुपर्छ, साथै लामोलामो जुँगा, मोटोघाटो शरीर, लबेदा सुरुवाल र कोट लगाएको हुनुपर्छ भन्ठानेको थिएँ। त्यो मेरो कल्पनामात्र रहेछ। तर यति कम उमेरको व्यक्तिले एक हजारको पुरस्कार स्थापना गर्नु भनेको राजधानीलाई चुनौती दिनु हो। तुलनात्मक रूपमा तपाईंको पुरस्कार मदन पुरस्कारभन्दा ठूलो ठान्दछु म।" यो भनाइ दीक्षितको हो। अनि पुनः भन्छन्– "यस्ता प्रकारका अदम्य साहसी युवाहरू देशभरि

नै भइदिए मुलुक कहाँ पुग्थ्यो कहाँ” आदि लगायतका स्याबास र धन्यको पगरी गुँथेर हामी पुन: नमन गर्दै र उनीसित बिदा लिई फर्कन्छौँ। बाटोभरि असल मान्छेको उच्च विचार, उच्च विनयशीलता र आदर्श गुणले उनीहरू असल हुँदा रहेछन् र मान्छे जति ठूला हुन्छन्, त्यत्तिकै नरम र असल पनि हुँदा रहेछन् वा हुनुपर्दछ भन्ने कुराको शिक्षा हामी उनीबाट पाउँछौँ। उनको विनयशीलताले गर्दा उनीप्रति हामीहरूमा असीम श्रद्धा जागेर आउँछ। यदि त्यस पालेले भनेजस्तै उनीबाट हामीले भेट नपाएको भए, रित्तै फर्केर आउनुपरेको भए सायद अब उप्रान्त कहिल्यै पनि फर्केर आइन्न भन्ने सोचाइमा पुऱ्याउँथ्यो होला। यसप्रकारको सोचाइ गर्नु पनि मानवीय कमजोरी नै ठान्दछु।

ललितपुर, गैह्रीधारा, शान्तिनिकेतनको एउटा कुलीन परिवार र कुशल संस्कारमा वि.सं. १९८६ सालमा जन्मेका बालक आज १८००० हजारभन्दा बढी नेपाली भाषाका पुस्तकहरू तथा ५/६ हजारभन्दा बढी विविध खालका (गोरखापत्रको पहिलो अङ्क वि.सं. १९५८ वैशाख २४ को अङ्क) नेपाली भाषाका पत्रपत्रिकाहरूको उरुङ्खात सङ्कलनकर्ता त्यस्तो अद्वैयता बन्ला भनेर कसले पो कल्पना गरेको थियो होला र? तर आज ७८ औँ वर्षको उमेरमा अनि पाको, अत्यन्तै ओजस्वी साधक, अन्वेषक कमल दीक्षितले यस चुनौतीपूर्ण विषयलाई सिद्ध गरी देखाइदिएका छन्। यो नै उनको नेपाली वाङ्मयको अनुपम उदाहरण हो। विलक्षण प्रतिभाको सही पहिचान पनि हो।

जीवनको सबभन्दा महत्त्वपूर्ण पाटो भाषासाहित्यको समूल उन्नयन र सेवामा अर्पिने कर्मयोगी दीक्षितको सारा जीवन साहित्यको पर्याय भइसकेको छ। यसर्थ नेपाली वाङ्मयका बहुआयामिक व्यक्तित्वहरू-मध्ये एक अग्रगण्य भाषासेवी तथा अन्वेषकका रूपमा उनी निकै उचाइमा पुगिसकेका छन्। नेपाली साहित्यको इतिहासमा आधुनिक शैलीका निबन्ध र अनुसन्धानको क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत समृद्ध तुल्याउनुका साथै नवीन दृष्टिकोण प्रदान गर्नमा सफल छन्। यसका अतिरिक्त स्रष्टा र द्रष्टाका रूपमा सुपरिचित क.दी.बाट आधा शताब्दीभन्दा अघिदेखि अविछिन्न गतिले भाषिक तथा

साहित्यिक आन्दोलनमा आफूलाई पूर्ण रूपमा समाहित गराउँदै नेपाली वाङ्मयको सुन्दर बाटिकामा उनले रोपेका पुष्प वीजहरू आज आएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बगैँचामा मौलाउँदै मगमगाएका छन् ।

साहित्यको साधनालाई केवल आफू एक्लैमा मात्र सीमित नराखी मदन पुरस्कार, जगदम्बा-श्री पुरस्कार, मदन पुरस्कार पुस्तकालय, जगदम्बा प्रकाशनजस्ता उच्च कोटीका पुरस्कार, पुस्तकालय र प्रकाशनहरूका माध्यमबाट कहिले नेपाली त्रैमासिक पत्रिकाको कुशल सम्पादनका माध्यमबाट, कहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गत अनुसन्धानका माध्यमबाट, कहिले साझा प्रकाशनका माध्यमबाट, कहिले तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका माध्यमबाट, त कहिले नेपाल-भारतका नेपाली लेखकहरूको राष्ट्रिय सम्मेलनका माध्यमबाट, कहिले आदिकवि भानुभक्त आचार्यको वृत्तचित्रका माध्यमबाट, कहिले देश-विदेश र कुनाकाप्चासम्म छरिएर रहेका नेपाली साहित्यका नव-प्रतिभाहरूलाई प्रकाशनमा ल्याउने र उत्प्रेरणा जगाउने कार्यहरूबाहेकका पुस्तैनी सेवाका क्षेत्रलगायतका साल्ट ट्रेडिङ लिमिटेड, नेपाल बैङ्क लिमिटेड, आँखा अस्पताल आदि अति संवेदनशील क्षेत्रमा स्वास्थ्य, शिक्षा तथा वित्तीय र व्यापारी क्षेत्रहरूमा समेत उनको उत्तिकै योगदान पुगेको छ । समग्रमा भन्नुपर्दा समस्त क्षेत्रका आँखामा अङ्कित शिखर पुरुष दीक्षितको उच्च सम्मान तथा मूल्याङ्कन गर्दै बाग्लुङमा तीस वर्षपहिले स्थापित जेठो संस्था रत्न श्रेष्ठ पुरस्कार गुठीको तर्फबाट उनलाई 'रत्न श्रेष्ठ राष्ट्रिय सम्मान २०५७'द्वारा सम्मानित तथा नागरिक अभिनन्दन गरिने घोषणासहितको आमन्त्रण-पत्रको प्रत्युत्तरमा "कमल दीक्षितले पुरस्कारहरू र औपचारिक सम्मानहरू नथाप्ने" भन्ने बेहोरा सार्वजनिक भैसकेको आफ्नो असमर्थताको लिखित पत्र मिति २०५७/१०/१८/४ मा पुरस्कार गुठीको नाउँमा प्राप्त भएपछि प्राप्त पत्रलाई मिति २०५७ फागुन ७ गतेको दिन गुठीद्वारा आयोजित ११ औँ 'रत्न-श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार तथा राष्ट्रिय सम्मान समारोह'मा पढेर सुनाइन्छ । सो समारोहमा केन्द्रबाट आएका मुख्य अतिथि तत्कालीन ने.रा.प्र.प्रतिष्ठानका सदस्य-सचिव डा. तुलसी भट्टराई तथा अतिथि पत्रकार जयदेव भट्टराईद्वारा (गोरखापत्र वर्ष १००, अङ्क २८५, २०५७

फागुन १२, शुक्रबारमा प्रकाशित लेखबाट) लिखित 'स्रष्टाको सम्मान बाग्लुङको सम्झना' शीर्षकको लेखमा "कमल दीक्षितको उपस्थितिबिना पनि आयोजकहरूले साहित्यकार दीक्षितलाई चढाएको सम्मान पढेर सुनाए र त्यसलाई रत्न श्रेष्ठ पुरस्कार पुस्तकालयमा सजाएर राख्ने मात्र बताएनन्, सम्मानपत्रलाई दोसल्ला ओढाएर स्रष्टाप्रति हार्दिक सम्मानसमेत प्रकट गरे । सम्मान मोटो रकम र उपस्थितिमै मात्र गर्न सकिन्छ भन्ने मान्यताबाट अलग रहेर भावनात्मक रूपले स्रष्टालाई सम्मान गरेको एउटा अनौठो र अनुकरणीय दृश्य देखियो बाग्लुङमा" ।

यसप्रकार पूर्व घोषित रत्न श्रेष्ठ राष्ट्रिय सम्मान ०५७ लाई दीक्षितबाट नथाप्ने असमर्थता जनाइएको आधिकारिक पत्र प्राप्त भएको भए पनि पुरस्कार गुठीको पूर्व निर्धारित समयमा विधिवत् रूपमा समारोह सम्पन्न गरिने परम्परा अद्यापि रहिआएको छ । पुरस्कार तथा राष्ट्रिय सम्मान एउटै समयमा समर्पण गरिएको तीन वर्षपछि वि.सं. २०६० असोज २४ गते बाग्लुङमा तेस्रोपटक काजी रोशन पुरस्कार वितरण गरिने कार्यक्रमको आगमनकालमा पुरस्कार गुठीको कार्यालयकक्षमा एक समारोहको बीचमा २०५७ सालको 'रत्न-श्रेष्ठ राष्ट्रिय सम्मान' दीक्षितज्यूबाट हार्दिकताका साथ ग्रहण गरी लिएकामा पुरस्कार गुठीले आफ्नो गौरवको अनुभूत गर्न पाएकोमा गुठीले आफूलाई धन्य सम्झेको छ ।

### *सन्दर्भ-स्रोत*


१. मिति २०३५ भाद्र ९ गते पाटनढोकास्थित मदन पुरस्कार गुठीका पालेसितको भेटघाटको आधारमा ।

२. कमल दीक्षित, 'मोटर पुगेपछि', गोरखापत्र, शनिवासरीय परिशिष्टाङ्क, २०४३ चैत्र १३ गते प्रकाशित लेखको आधारमा आधारित ।

३. रत्न श्रेष्ठ पुरस्कार गुठीद्वारा सम्मानित व्यक्तित्व कमल दीक्षितको सम्मान नथाप्ने पत्र २०५७ माघ १८/४ को पत्रअनुसार ।

प्रेम छोटाले आदर गरेर कमल दीक्षितलाई प्रयोग गरेका आदरार्थी क्रियापदहरू 'नेपाली'को नियमअनुसार साधारणीकरण गरिएकोमा सम्पादक कमल दीक्षित उनीसँग क्षमा माग्छ। तर उनले भनेजस्तै 'गल्तीले पनि कहिलेकाहीँ राम्रो गर्दो रहेछ भन्नेमा पाठकहरूलाई विश्वास जगायो होला भन्ने लाग्छ। यति भनेपछि अब पोखरा साल्ट ट्रेडिङका महेन्द्र भुसालले जस्तो देखे त्यस्तै लेखेको पढूँ। यो–

## जस्तो देखेँ त्यस्तै लेखेँ, पाठकको नजरमा कमलमणि दीक्षित

*– महेन्द्र भुसाल*

हुन त म लेखक पनि हैन, समीक्षक पनि हैन। कोरा पाठक हुँ। त्यसमा पनि कमल दीक्षितका केही लेखहरू, उनका कृतिहरू भने पढ्ने मौका पाएको छु र म कामना गर्छु श्री दीक्षित अझै लामो समयसम्म आफ्ना कृतिहरू, लेख रचनाहरू नेपाली साहित्य-साधकहरूमाझ पस्कनेछन् भन्दै उनको दीर्घायुको कामना पनि गर्छु।

हुन त मैले आफ्नो कर्मथलो साल्ट ट्रेडिङ कर्पोरेशन लि. लाई आजभन्दा करिब २२ वर्षअगाडि देखि जब सुरु गरेँ, तबदेखि नै श्री दीक्षितज्यूसँग सामिप्य हुने मौका पाएँ। त्यसपछि मात्र उनी र म संस्थाको अध्यक्ष र कर्मचारीजस्तो नभएर एक लेखक, साधक र पाठकको सम्बन्धमा नजिकिन पुगिएछ। कमलमणि दीक्षितसँग केही साहित्यिक स्रष्टाहरू र संस्कृतकर्मीहरूबीचको मीठो सम्बन्धलाई नियाल्ने मौकाचाहिँ मिलिरह्यो। उनमा रहेका गुणहरू देख्दा मलाई कहिलेकाहीँ ईर्ष्या जाग्छ भने कहिले श्रद्धाले भुतुक्कै हुन्छु। भन्छन् मानिसको यो जन्मको फल उ जन्मको कमाइ हो तर म भन्छु कमल दीक्षितका मातापिता, गुरु अनि उनले पाएको संस्कारले नै उनलाई नेपाली संस्कृति र साहित्यको सेवा गर्ने प्रेरणा मिलेको हुनुपर्छ। हुन त मानिस सर्वगुणसम्पन्न कमै हुन्छन् तर श्री दीक्षितमा भने बत्तीसै गुण नभए पनि एकतीस त पक्कै छन् होला। यस लोकमा कमै मानिस होलान् जसको तन, मन, धन सरस्वतीले पूर्ण होस्। तर श्री दीक्षितज्यू भने सबै गुणले पूर्ण होलान् जस्तो लाग्छ। त्यो उमेरमा पनि १७ वर्षे जवानजस्तो, हट्टाकट्टा र फुर्तिलो, हेरिरहूँ जस्तो लाग्ने लोर्के ठिटोजस्तो,

अरू नेपाली दौरासुरुवालमा त झन् सधैँ दुलाहाजस्तै देखिने। चिटिक्क परेर हिँड्ने बानीले मानिस बूढो कहिल्यै नहोला जस्तो। अरू कसैले ६० वर्षमै बुढेसकाल लाग्यो भन्छ भने, म त भन्छु दीक्षितज्यूलाई हेर अनि मात्रै बोल।

त्यसरी नै आम नेपालीको तुलनामा उनी धनमा पनि त्यति कमजोर छैनन् होला। हुन त मैले आर्थिक हैसियत के छ भनेर कहिल्यै पनि औल्याउन चाहिनँ, त्यस्तै उनको मन पनि मैले बुझेसम्म स्वच्छ नै पाएको छु। सानोठूलो सबैसँग कति मीठो व्यवहार गर्न सकेको। सबैको हालचाल सोधिहाल्ने, भन्छन् नि वचनैले किन दरिद्र हुने, सायद त्यसैले होला। उनीसँग केही जिल्लाहरू घुम्ने मौका पाएको थिएँ, बाटो काट्न कति सजिलो, गीत पनि गाएकै हुने, गाउँठाउँको, बस्ती, जात, भाषा, आदिको जानकारी लिन कत्ति पछि नपर्ने। सोचाइमा पर्छ, अहिले त यति तन्दुरुस्त र हरेक कुरामा रुचि राख्ने मानिसको जवानीमा कस्तो जोसजाँगर थियो होला? भर्खर बामे सर्ने लेखक वा साहित्यप्रेमी होस् वा कलाकार होस् वा खेलाडी सबैलाई प्रेरणा दिएर ऊर्जा दिने उनको गुण मलाई असाध्यै मन पर्ने बानी हुन्। त्यसरी नै उनको सबैभन्दा उत्तम गुण भनेको समयलाई २४ घण्टामा बाँडेर योजना बनाएर हिँड्ने लाग्छ। जसले उनी कहिल्यै पनि ढिलो नहुने। त्यस्तै जुनसुकै सभासमारोहमा होस्, भाषण गर्ने बानी अरू सुन्दर, तानाबाना नबुनी छोटो, छरितो र विषयपरक भाषण नै, समयको ख्याल गर्ने बानीले होला। हुन त उनको एउटा बानीले कहीँ अरूहरूलाई अप्ठ्यारो पार्ने गर्छ, त्यो के भने सँगै भ्रमणमा निस्क्यो उनको खाना खाने बानी अति सरल र छिटो, मीठो नचाहिने। सँगै खान बस्यो उनी २-४ मिनेटमै उठिदिने, साथीलाई आपत्। पेट भरेर खाँदा १०-१५ मिनेट लाइहाल्ने मान्छेलाई कति आपत्। बिहान ढिला उठ्ने मानिस त उनीसँग नहिँडे हुन्छ। केही वर्षअगाडि गुल्मीमा कफीको मार्केटिङ र किसानहरूलाई ढाडस दिने भनेर म, एक जना साल्ट ट्रेडिङका मेनेजर र उनी गुल्मीतिर लाग्यौँ। मेनेजर अलि सुताहा, बिहान ८ बजेसम्म सुत्ने, बिहान ३ घण्टा उनी छटपटिएर आपत्, कहाँ जाने। मतलब उनलाई समयको महत्त्व बुझेका साधक भन्छु म त।

उनलाई भाग्य लिएर आएको मानिस भन्छु म। आफू सन्तुष्ट, छोरा-बुहारी, नाति-नातिनी सबै समयको मागअनुसार चल्न सिकेका। खानलाउन दुःख छैन, कामको कमी छैन, त्यसमाथि उनले हात हालेका सङ्घसंस्थाहरू पनि प्रगतिपथमा हुँदा रुन् कति सन्तुष्टि हुन्छ होला। उनलाई म त धन्यवाद नदिई रहन सक्दिनँ। कारण नेपाली साहित्यको भविष्य समालेर भावी पिँढीहरूलाई जोगाएर राखिदिएकामा। विश्वको जुनसुकै कुनामा पनि नेपाली कृतिहरू इन्टरनेटमा हेर्न पाइने। म त उनलाई अझै पनि सदाबहार भएर र नेपाली साहित्य, कला, संस्कृतिको जगेर्ना र अन्वेषण गरी नेपालको सेवा गर्ने जाँगर वर्षौंसम्म रहिरहोस् भनेर भगवान्सँग हात पसार्छु।

महेन्द्र भुसालले यसप्रकार भगवान्सँग हात पसारेको देखिसकेपछि सुदूर सिक्किमबाट रुद्र पौड्यालले कुरो नबुझेरै भविष्यका लागि थाती राखेको प्रसङ्ग पढूँ–

## भविष्यमा लेखौँला

प्रकाश सायमी,

सम्पादक, कमल दीक्षित, 'जङ्कु' भनेर लेख्ने मान्छे परेको चिठी मेरो कार्यालयमा प्रा.डा. राजेन्द्र भण्डारीजीले छाडेर जानुभएछ। पत्रमा कमल दीक्षितज्यूको ७७ औँ जन्मोत्सवमा 'जङ्कु' प्रकाशन गर्ने र आफ्ना केही कथ्य कुरा लेख्य रूपमा पठाइनुपर्ने निवेदन नै भनौँ रहेछ।

मलाई अलिक अप्ठ्यारो पऱ्यो यो 'जङ्कु' भनेको के हो, साथीहरू जो त्यहाँ थिए सोधेँ– उनीहरूले जानेनन् बरु तपाईंले नजानेको नेपाली शब्द हामी के जानौँ र भन्दै मेरो प्रश्न मैतिर फर्काइदिए। राजेन्द्र भण्डारीज्यूलाई नै थाहा होला भनेर सोधेँ फोनमा, त्यहाँबाट पनि प्रश्न खाली हात फर्क्यो।

कुन्नि के हो 'जङ्कु' भनेको। अँ कमल दीक्षितज्यूका विषयमा भने थोरै जानकारी राख्छु, त्यही पनि बोक्रे मात्रै।

साझा प्रकाशन नेपालले प्रकाशित गरेका प्राय: जम्मै पुस्तकहरूको प्रकाशकीय वा भूमिकाको अन्त्यमा क.दी. लेखेको हुन्थ्यो । म परैं सिक्किमको, यतै पढेर बनारस पुग्दा स्नातकस्तरका कतिपय नेपाली पुस्तकहरू साझा प्रकाशनबाट छापिएका थिए । ती पुस्तकहरूमा धेरै ठाउँ क.दी. पाइन्थ्यो । नेपालका साथीहरूले कमल दीक्षित भनेर चिनाएपछि म यो क.दी.को अर्थज्ञ भएँ ।

काम खोज्न नेपाल गएको, नेपालीमा एम.ए. हुँदो रहेछ, पढ्न मन पर्‍यो र त्यस क्रममा कमल दीक्षितद्वारा सम्पादित पुस्तकहरू पढ्ने अवसर पाएँ (कतिपय त किनेको थिएँ पछि आफैं प्राध्यापक भएपछि ती पुस्तकहरू मेरा छात्र-छात्राले उत्तर वङ्गाल विश्वविद्यालयमा पढ्न लगेका फर्किएर आउन सकेनन्) । मलाई उनको सम्पादनमा निस्किएका धेरै पुस्तकहरू अब याद छैन, तर यस्तो पनि मा उनले खोजी गरेर लेखेका २/४ प्रसङ्गले भने मलाई अझ्र कुतकुती लगाइरहन्छ, त्यसमध्येको एउटा थियो, कलकत्ताबाट चलाएको एउटा पाठ्यक्रम (शीर्षक बिर्सिएँ) । त्यसमा परेका पुस्तकहरू र उनको कथ्य धेरथोर मलाई सम्झना छ ।

यसै समय मदन पुरस्कार पुस्तकालय जाने अवसर पाएँ तर कमल दीक्षितसँग देखादेखबाहेक बातचित हुन सकेन (अलिकचाहिँ सानो केटाकेटी देखेर आ ! है ! भनेको हो कि ?) । बासुदेव लुइँटेलसँग खुबै बात गरिन्थ्यो । उनको भनाइमा कमल दीक्षित अत्यन्त व्यस्त मान्छे अरे ! विभिन्न सङ्घ-संस्थाका अध्यक्ष, सचिव, सदस्य, सल्लाहकार आदि र धेरै समय उनको यस्तै सभासङ्गठनहरूमा बित्छ भन्ने कुरा लुइँटेलबाट सुनेथैं, त्यो पनि ३/४ पटकसम्ममा पनि भेट गर्न नपाउँदा ।

यो थियो म त्रिभुवन विश्वविद्यालयको विद्यार्थी हुँदाको कुरा । त्यहाँ मैले केही साहित्यसम्बन्धी गोष्ठीतिर कमल दीक्षितलाई देखेको थिएँ । उनले सभामा भाषण होइन, पठन गरेको पनि सुनेको थिएँ । नढाँटी भन्ने हो भने कमल दीक्षित मलाई खुप मन पर्थ्यो ।

गान्तोकमा भानुभक्तको पूर्णाङ्ग प्रतिमा स्थापना गर्न हामीले जमर्को गर्‍यौं । सौभाग्यले त्यस समितिभित्रको एक मुख्य कार्यकर्ता हुने अवसर मिल्यो, नेपाली साहित्यका अग्रज कवि भानुभक्तलाई तर्पण-पिण्ड ।

एउटा स्मारिका प्रकाशन गर्ने निर्णय लिएबापत म भारतका विभिन्न ठाउँ र नेपाल जाँदा धर्मराज थापा, बालकृष्ण सम, माधव घिमिरे, ईश्वर वल्लभ, यादव खरेल, वासुदेव त्रिपाठी आदि कलमोद्यमीसँगै कमल दीक्षितको वासस्थानमा गएको थिएँ ।

त्यहाँ उनको कमरामा बसी मीठा कुरा गरेथ्यौँ। यसपल्ट भने कमल दीक्षितसँग राम्रो बातचित भएथ्यो । हामीले सिक्किममा पूर्णाङ्ग प्रतिमा निर्माण गर्दै छौँ भानुभक्तको भन्ने सुनेपछि उनी खुबै खुसी भएको देखेँ, यसले हाम्रो काम राम्रै रहेछ भन्ने आत्मसन्तुष्टि लागेथ्यो ।

भानु-जयन्तीको एउटा समस्या हामीसँग थियो असार २९ गते । हाम्रो सरकारी कामकाज अङ्ग्रेजी गतेअनुसार चल्ने, भानु-जयन्ती नेपाली गते । कसरी मिलाऊँ भन्ने विषयमा कुरा गर्दा दीक्षितज्यूले राम्रो सल्लाह दिएथे– मिल्दो एउटा तारिख तय गरेर त्यसै दिनलाई भानु-जयन्ती भन्ने गर्नुहोस् । उनले भानुभक्त जन्मिएका वर्षको पात्रो खोज्न लगाएर हेराए, तर त्यो वर्ष सायद जुलाई १० मै असार २९ गते परेको थियो अथवा के कसो, (अहिले बिर्सिएँ) १३ तारिख जुलाई नै हामीले मनाउने कुरा गरेको भन्दा दीक्षितजीले ठीकै हो भनेथे । त्यसै वर्षदेखि सिक्किममा १३ जुलाई भानु-जयन्तीको सार्वजनिक बिदा घोषणा गराउने हाम्रो निवेदनलाई सरकारले स्विकार्‍यो। भानु-जयन्तीको सरकारी बिदा भयो ।

मदन पुरस्कार पुस्तकालय नेपाली वाङ्मयको तीर्थस्थल ठान्छु म । यसका परिकल्पक, कार्यपालक दीक्षित पक्कै पनि नेपाली भाषासाहित्यका वरदपुत्र हुन् भन्ने कुरा मेरा चाहिँ आत्माले भन्छ ।

यसपछि धुलाबारी नेपालमा, विराटनगरमा साहित्यिक गोष्ठीमा छोटो भेटघाट भए पनि त्यो समयका स्मृतिका कुरा अहिले केलाउँदिनँ। आजसम्मको पछिल्लोपल्ट (सायद अझै भेट होला, त्यसैले यो पछिल्लोपल्ट विशेषण ठीकै होला) । गान्तोकमै भेट भयो, वज्र सिनेमा हलबाहिर ।

भानुभक्ताचार्यको जीवनीमा आधारित चलचित्र तयार गरेको रहेछ नेपालले। हल्ला गरे, हेर्ने रहर लाग्यो र त्यहाँ गएको थिएँ। बाहिरै उनलाई भेटेर केही गफडा गरेथ्यौँ। त्यस चलचित्रमा कमल

दीक्षितले निर्वाह गरेको भूमिका खुबै सफल नायकको भूमिका लाग्यो ।

म फेरि उनलाई सम्झन्छु– 'सूक्तिसिन्धु फेरि', 'यस्तो पनि', 'कालो अक्षर', 'कागतीको सिरप', 'बुइँगल' आदि शोध-ग्रन्थहरूका भूमिका र व्याख्यानहरूमा ।

अचेल गान्तोकको मात्र बसाइ, भाषासाहित्यतिर थोर र अरू काममा धेर रहनुपरेकाले पढ्न प्राय: नै थोरै समय मिल्छ । सम्झनाभित्र धेरै कुरा भए पनि काठमाडौँबाट प्रकाशित पुस्तकहरूसँग भेटघाट कम्ती नै हुनेगर्छ यहाँ। मलाई मदन पुरस्कार पुस्तकालयको साह्रै सम्झना आउँछ तर त्यो नेपालमा छ, म भारतमा ।

कमल दीक्षितसँग भेटघाट छैन, भेट्ने साधन र अवसर पनि छैन । पत्राचार गर्ने बानी गरिएन । अब यो मोबाइलको जमानामा लेखेर पठाउनु के सुहाउँथ्यो र । लेख्नै परे यतिचाहिँ लेख्थेँ हुँला- “नेपाली वाङ्मयलाई विभिन्न ढङ्गले सिँगार्ने, सङ्ग्रह गर्ने, बचाउने र अरू धेरै काम गर्ने कमल दीक्षित साँच्चै पक्का नेपाली हुन् । उनले जो काम गरे त्यो काम नै नेपालीहरूको एउटा भण्डार हो । उनी यस्तै काम गर्दै धेरै बाँचून्,” यस्तै उस्तै ।

अहिले 'कमल दीक्षित' 'जङ्कु' का सम्पादक श्री प्रकाश सायमीको पत्र हातमा छ । यो जङ्कु निकाल्ने अरे, मैले केही बुझिनँ। बुझेँ भने पछि लेखौँला, अहिले केही पनि लेख्न मिलेन। कमल दीक्षितको नेपाली भाषासाहित्यको संरक्षण संवर्द्धनमा रहेको भूमिकाबारे समय लिएर लेखौँला । अहिले यस्तै कुरा गरेर पत्र थन्क्याउनुपर्‍यो भन्ने अठोट कसेँ ।

*रुद्र पौड्याल*

*गान्तोक, सिक्किम ।*

*फोन : ९४३४४१२७६ (मो.)*

रुद्र पौड्यालले एउटा अठोट गरेर थन्क्याएको यो पत्र पढिसकेपछि– व्यापारी सांसद लक्ष्मीदास मानन्धरले व्यक्त गरेको यो शुभकामना पढेर यो सन्दर्भलाई टुङ्ग्याऊँ–

## शुभकामना

*– लक्ष्मीदास मानन्धर*
*सदस्य: व्यवस्थापिका संसद्*

कमलमणि दीक्षित (कमल बाबु) को आउने दिन भीमरथारोहणको उत्सव मनाउने सुन्दा ज्यादै हर्ष लागेको छ। उनी जस्तो विद्वान् साहित्यिक व्यक्तित्वलाई बधाई दिन पाउनुमा अत्यन्त खुसीको अनुभव भएको छ। विगत ४० सौँ वर्षदेखि साथै काम गर्दाको अनुभवमा केही रमाइला कुराहरू छन्। साहित्यिक व्यक्तित्व भएर पनि उद्योग-व्यापार, जस्तै नेपालको पहिलो बैङ्क नेपाल बैङ्क लि. को स्थापनाकालदेखि नै सञ्चालक भई कार्य सम्पादनमा सफलता पाउनु तथा अन्य विविध व्यापारिक संस्थाहरूमा पनि निर्देशकको हैसियतमा प्राप्त गरेको सफलता र साल्ट ट्रेडिङ कर्पोरेसनमा चालीसौँ वर्ष कार्य गर्दा पनि सञ्चालक समितिमा कुनै पनि विषयमा मतभेद नराखी हालसम्म मिलनसार भई काम गर्दै आउनु अति स्मरणीय छ। नेपालमा आफ्नै प्राकृतिक नुनको स्रोतको खोजी गर्न सा.ट्रे.क.लि. र सरकारको खानी विभागसँग सहकार्य गर्दै जिल्ला मुस्ताङको तुसाङ तेताङ गाविसमा पर्ने नरसिंग खोलाबाट नुन उत्पादनको विकल्पको खोजीमा जाँदा उनीसँग बिताएका दिनहरू अति स्मरणीय रहेका छन्।

घोडा चढी कालीगण्डकी नदी तर्दा घोडासँगै म पनि नदीमा डुबेँ। सङ्कटको त्यसै घडीमा साथीहरूसँगै उनले मलाई बचाउन पहल गरेको सम्झना आजसम्म पनि ताजा छ। आफू अम्मल सेवन नगर्ने भए तापनि अम्मल सेवन गर्ने अन्य साथीहरूसँग ख्यालठट्टा गर्न उनी कहिल्यै पछि परेनन्।

फुर्सतको क्षणमा साहित्य वाचन गर्ने उनको बानीले काठमाडौँदेखि हेटौँडासम्मको गाडीको सफर कहिल्यै लामो लागेन। काठमाडौँदेखि हेटौँडासम्म गाडी हाँक्दा साहित्यका मधुर र हास्य रसपान गर्ने मौका छुटेको बिरलै मात्र होला। क्षणभरमा निर्णय लिन सक्ने उनको क्षमताको म भुक्तभोगी हुँ। हेटौँडा औद्योगिक क्षेत्र भ्रमणको क्रममा ओरालोमा गाडी राखेर निरीक्षण गर्ने क्रममा हामी थियौँ। सबै साथीहरू गाडीबाट उत्रन नपाउँदै गाडी आफै गुड्न थाल्यो। उनले

क्षणभरमै गाडीसँगै दौडी गुडेको गाडीमा चढ्न सफल भएर गाडीलाई नियन्त्रणमा लिए ।

देश-विदेशमा व्यापारिक कामको सिलसिलामा तथा सम्झौताको क्रममा उनी जहिले पनि मलाई अगाडि सार्छन् तर उनको व्यक्तित्व व्यापार सम्झौताको निर्णायक घडीमा अति सहयोगी भएको मैले पाएको छु ।

देश र जनताको भलो चिताउने मन उनको रहेको बुझेको छु। २०४६ सालको आन्दोलनको बेला उनले हातमा कलो पट्टी बाँधी पञ्चायत शासनको विरोधमा जुलुसमा भाग लिए र पक्राउ परे । माननीय ईश्वर पोखरेलसँग ३ करोडको सम्पत्ति पानीट्याङ्कीमा फेला पर्‍यो भन्ने समाचारको खण्डन गरेको पुस्तक (माघ १८ गते) आफै प्रकाशक भई प्रकाशनमा ल्याएकामा सत्यसँग सहकार्य गर्ने उनको इच्छा व्यक्त भएको सम्झेको छु ।

नेपाली भाषाको संरक्षण र संवर्द्धन गर्ने क्रममा जगदम्बा पुरस्कारको स्थापना गरी नेपाली भाषाको विकासमा ठूलो टेवा दिने कार्यको स्रोत उनी बन्न पुगेको अनुभव मैले गरेको छु ।

उनीविरुद्ध लेखिएको कुनै पनि लेखको विरोधमा लेख्ने क्रमलाई कहिल्यै निरन्तरता दिनेतिर लागेनन् । आज उनको उमेर भीमरथारोहणको तिथिमा आइपुगेको छ । यस उमेरमा पनि परिवारद्वारा स्थापित र सञ्चालित रातो बङ्गला स्कूलमा पढाउने क्रम जारी नै छ ।

उनको भीमरथारोहणको यस तिथिमा उनको देशविकासप्रतिको शोच, फूर्ति र हँसी-ठट्टा गर्ने स्वभाव कायमै रहोस्, यही मेरो हार्दिक शुभकामना छ ।"

\+ + + +

साँच्चै भीमरथारोहण नगरे पनि, रथ नचढे पनि, मेरा अग्रज लक्ष्मीदास मानन्धरले यसरी दिएको शुभकामना लाग्छ भन्ने मेरो विश्वास छ। तर भन्नु नपर्ला २०६४ सालको वैशाख सङ्क्रान्ति आयो र गयो– कमल दीक्षितको जङ्कु भएन ।

यति भनेर मेरो 'जङ्कु'को नहुँदो चर्चाले चर्काएको सन्दर्भको तन्तु चुँडाएर म थान्को लगाउँछु, यो मेरो जङ्कु-प्रसङ्ग ।

२०६४/१/५

# 'श्री सीतायण' र 'मिथिला-भाषा रामायण': एक विवेचना

*–डा. गङ्गाप्रसाद अकेला*

*['नेपाली'ले यसअघि यसप्रकारको कृति छाप्न पाएको थिएन । बहुभाषाविद् विद्वान् डाक्टर गङ्गाप्रसाद अकेलाको यो लेख 'नेपाली'का लागि एउटा महत्त्वपूर्ण प्राप्ति भएको छ । हामी डाक्टरसाहेबलाई धन्यवाद भन्छौँ । अवधी, मैथिली र नेपाली भाषाको त्रिवेणी परेको छ यस लेखमा । हाम्रो देशको संस्कृतिको एउटा बहुमूल्य पाटो जनकपुर अञ्चलको गरिमा बखान्ने यस लेखको त्यसै हुँदा सबैतिर स्वागत हुनेछ भन्ने हामीलाई लाग्छ । नेपालीको मात्र ज्ञान राख्ने हाम्रा धेरै पाठकहरूका लागि अकेलाज्यूको यो लेख अत्यन्त सूचनामूलक हुनेछ । हामीले थाहा नपाएका धेरै कुरा बताएको छ यस लेखले । रामायणको मात्र नाम सुनिआएका हामीलाई 'सीतायण'को चर्चाले छक्क पार्नेछ । हुन त डा. रामेश्वर अधिकारीले नेपाली भाषामा पनि एउटा बृहत् ग्रन्थ 'सीतायन' (आठ भाग) लेखेर प्रकाशित गरिसकेका छन् तापनि डा.अकेलाले वर्णन गरेको अवधी भाषाको यो अद्‌भुत महाकाव्यका बारेमा कमैलाई ज्ञान थियो । त्यस्तै मैथिल कवि चन्दा झाको रामायणको एउटा अंश 'सुन्दरकाण्ड' भानुभक्तीय सुन्दरकाण्डसँग गाँसेर जनकजानकी सभाले २०६१ सालमै प्रकाशित गरेको हो तापनि चन्दा झाको रामायणको यति विस्तृत छलफल यसअघि नेपालीभाषामा कतै भएको हामीलाई थाहा छैन । त्यसै हुँदा डा. गङ्गाप्रसाद अकेलाको यो लेख 'नेपाली' का लागि विशेष महत्त्वको हुनपुगेको छ । यस्तैगरी देशका अरू विद्वान्‌हरूले पनि यस्तै गहकिला लेखले 'नेपाली' लाई सहयोग गरे हामी गौरवबोध गर्ने थियौँ । – सम्पादक]*

मिथिलाञ्चलका दुई जना महाकविहरूद्वारा लेखेका महाकाव्यहरू क्रमश: 'श्री सीतायण' र 'मिथिला-भाषा रामायण'को आ-आफ्नै महत्त्व रहेको देखिएको छ । 'श्री सीतायण' रचयिता जनकपुरधामका

एक मन्दिरका महन्त स्वामी श्री रामप्रियाशरणजी रहेका छन् भने 'मिथिला-भाषा रामायण'का रचयिता सीमावर्ती भारतीय क्षेत्रका दरभङ्गा जिल्लाका कवीश्वर चन्दा झा रहेका छन्। दुवै महाकविहरू मिथिलाञ्चाल क्षेत्रका नै रहे पनि दुवैका कृतिहरूमा मौलिक भिन्नता एवं विषयवस्तुका दृष्टिले हेर्ने हो भने विषयवस्तुसमेतमा भिन्नता रहेको छ । अब दुवै महाकाव्यका विषयवस्तु र महाकविद्वयका रचनात्मक विशिष्टता एवं विशेषतातिर तिनको स्वरूप स्पष्ट हुने गरी विचार गरौं ।

जगत्-जननी जानकी वा सीताको चरित्रलाई केन्द्रविन्दु मानेर स्वामी रामप्रिया शरणजीले 'श्री सीतायण' महाकाव्यको रचना गरेका हुन् । डा. रामकुमार वर्माले आफ्नो 'A critical history of Hindi Literature' भन्ने पुस्तकमा स्वामी रामप्रियाशरणको जन्म मिथिलाञ्चलको मध्यपुर गाउँमा १७६० वि.सं मा भएको उल्लेख गरेका छन् र पछि उनी जनकपुरधामको एक मन्दिरको महन्त भएको उल्लेख गरेका छन् । जनकपुरधाममा नै उनले यस महाकाव्यको रचना गरेका छन् । यस महाकाव्यको विषयवस्तुको आद्योपान्त अध्ययन गर्दा मिथिलाञ्चलको प्राचीन, धार्मिक एवं सांस्कृतिक परम्पराको जुन प्रकारले वर्णन गरिएको छ, त्यसको आधारमा 'श्री सीतायण' महाकाव्यलाई सायद विश्वमा मिथिलाञ्चलको प्राचीन एवं धार्मिक परम्पराको प्रथम प्रतीक महाकाव्यका रूपमा मान्न सकिन्छ। तर महाकवि साधु समुदायको भएकाले रचनाक्रम अवधी भाषामा नै रहेको छ। यस महकाव्यको अर्को ठूलो विशेषता सीताको चरित्रका माध्यमबाट महाकविले मिथिलाञ्चलको प्राचीन र प्रचलित लोकजीवनको परम्परालाई समेत बडो सूक्ष्म एवं विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेका छन्। महाकविद्वारा लिखित यस महाकाव्यको पाण्डुलिपि सयौं वर्षदेखि श्री जानकी मन्दिरमा सुरक्षित रहेको थियो, जसलाई श्री जानकीमन्दिरको शतवार्षिकी समारोहको शुभ-अवसरमा वि.सं. २०५१ साल तदनुसार सन् १९९४ ई. मा जनकपुर उद्योग तथा वाणीज्य सङ्घ, जनकपुरधामले प्रथमपटक प्रकाशित गरेको थियो ।

'श्री सीतायण' महाकाव्यको प्रकाशित पुस्तकको मूल पाठ भएको जम्मा ६०४ पृष्ठलाई पूर्ण मौलिक एवं विशिष्ट नाामबाट यस प्रकारले वर्गीकृत गरिएको छ–

| क्र.सं. | काण्डको नाम | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | बालकाण्ड | १-७८ |
| २. | मधुरमाल काण्ड | ७९-१५३ |
| ३. | जयमाल काण्ड | १५४-३९२ |
| ४. | रसमाल काण्ड | १-१०८ स्वतन्त्र पृष्ठ |
| ५. | सुखमाल काण्ड | १-५१ पुनः स्वतन्त्र पृष्ठबाट प्रारम्भ |
| ६. | रसाल काण्ड | ५२-९६ |
| ७. | श्री चन्द्रिका | ९७-१०४ |

'श्री सीतायण' महाकाव्यको नामकरण अन्य महाकाव्यहरूको दाँजोमा पूर्णतः मौलिक, अद्भुत, विशिष्ट, अनुपमेय एवं आफ्नो स्वतन्त्र विशिष्ट गरिमा तथा प्रभाव पार्ने खालको छ भन्दा पनि अत्युक्ति हुनेछैन किनभने वाल्मीकि रामायण, रामचरितमानस, आदि रामायणहरूका काण्डहरू एकअर्कासँग मिल्दाजुल्दा रहेका छन् तर 'श्री सीतायण' को काण्डको नामकरण अनौठो र स्वयंमा विशिष्टतापूर्णसँगै अनुकरणीय खालको नभएर अरूलाई नै प्रेरित गर्ने प्रकृतिको छ । लोकजीवनको प्रचलित परम्परा, संस्कृति, लौकिक व्यवहारको जस्तो प्रस्तुतीकरण स्वामी रामप्रिया शरणजीले गरेका छन्, त्यो अन्यत्र दुर्लभ छ । 'बालकाण्ड'को प्रारम्भमा महाकविले महाकाव्यको प्रेरणास्रोतबारे यसप्रकार आफ्नो मनोभावना व्यक्त गरेका छन्–

*"सीया चरण अनुराग मोहि, सिय बिनु कछु न सोहातिं*
*ततें सीतायण कहौं, रामायण जेहि मोहिं ॥"*

(**बालकाण्ड, पृष्ठ–१**)

मिथिलाञ्चलको लोकजीवनको प्राचीन मौलिक सांस्कृतिक परम्परा, रीति-थिति, लोक-व्यवहार, विधि-विधान र त्यसको

निरन्तरताको चित्रण महाकविले सीताको जन्मकालमा यस शब्दमा प्रस्तुत गरेका छन्–

*"आजु जनकपुर मंगल बाजु बधाव हो*
*चौदह भुवन सकल सुख नृपगृहि आज हो*
*देव-वधु सब नाचहिं मंगल गावहिं हो*
*सियके चरन-सरोज निरषि सुख पावहिं हो ।"*

(**बालकाण्ड, पृष्ठ–१७**)

मिथिलाञ्चलमा अद्यापि पनि लोकजीवनमा नवशिशुको जन्म हुँदा 'सोहर' गीत (खुसीयाली गीत) गाउने चलन रहिआएको छ ।

बालकाण्डको प्रारम्भमा राजामा हुनुपर्ने गुण र राजाले आफ्नो प्रजाको सुखका लागि गर्नुपर्ने अनुकरणीय कार्यका बारेमा समेत महाकविले यसप्रकार प्रस्तुत गरेका छन्–

*"जनक राय के देश में, भइ अकाल कछु काल ॥*
*जल विनु सब परजा दुखित, अतिशय भयउ बेहाल ॥"*

(**बालकाण्ड, पृष्ठ–६**)

राजर्षि जनकको राज्यमा ठूलो अकाल परेपछि राजदरबारका मन्त्री, ऋषिमुनि आदिले राजालाई स्वयं हलो जोतेमा सोको निवारण हुने सल्लाह दिएपछि राजर्षि जनकले आफ्नी रानी सुनयनासहित हलो चलाएपछि त्यसै हलोको सिराउरबाट सीताको उत्पत्ति भएको चित्रण यसप्रकार गरिएको छ–

*"जो आज्ञा मुनिवर सब दीन्हा। सो सब परिचारक तहँ कीन्हा ॥*
*पावन भूमि सोहावन भयऊ। रानी राय तहाँ तब गयऊ ॥*
*भूमि पूजि बुहविधि अनुरागे। घरि लांगल्ल चलावन लागे ॥*
*यक दि शि पालव रानी राजें। सतानन्द दिशि दूसर भ्राजें ॥*
*प्रगट भई सीता तेहि काला। सिया दरस मुद मंगल माला ॥"*

(**बालकाण्ड, पृष्ठ–७**)

यसप्रकार राजको धर्म, आचरण र नीतिबारे वर्णन गरिएको छ भने सीतासहित उनकी बहिनीहरूको जन्म, बाल्यकालका लीला,

केलिक्रीडासँगै निमिवंशका राजकुमारहरूका सम्बन्धमा तथा मिथिलाञ्चलको लोकजीवनका रीति-रिवाज, संस्कृतिजन्य क्रियाकलपाहरूका सम्बन्धमा समेत विभिन्न लय र छन्दहरू प्रयोग गरेर महाकविले मिथिलाञ्चलको लोकजीवनको झाँकी प्रस्तुत गरेका छन् ।

**दोस्रो सर्ग, मधुरमाल काण्ड**मा राजाका छोरीहरूले आफ्ना साथीहरूसँग छओटै ऋतुमा विभिन्न प्रकारले आनन्द मनाउने, आफ्ना बहिनीहरू तथा सखी-सहेलीहरूसँग बाँसका पिचकारीहरूमा नानाथरीका रङ्गहरू भरेर एकआपसमा होली खेल्ने मनमोहक दृश्य, निमिवंशका राजकुमारहरूको विवाह-अवसरहरूका वर्णन, सीताको आफ्ना साथीहरूसँग नजिकको कमला नदीमा नुहाउने वर्णनसमेत बडो मनमोहक ढङ्गले गरिएको छ। यसै काण्डमा राजर्षि जनकले शिवधनुष भङ्ग गर्नेसँग सीताको विवाह गर्ने घोषणा गरेका छन्। यसप्रकार पारिवारिक मधुर वातावरणको प्रस्तुति यस काण्डमा विभिन्न छन्द र लयको माध्यमबाट गरिएको छ । यस काण्डको प्रारम्भमा नै महाकवि रामप्रियाशरणले विषयवस्तुका सम्बन्धमा यसप्रकारले पूर्वाभास दिएका छन्–

*"मधुर माल यही कांड को, नाम सकल सुख अैन ॥*
*मधुर सिया-लीला सकल, कहव मधुर वर बैन ॥२ ॥*

(**मधुरमालकाण्ड, पृष्ठ–७९**)

भावार्थ यो कि सीताको बाल्यकालका सबै लीलाहरूको सुमधुर ढङ्गले सविस्तार वर्णन गरिएको छ ।

**तेस्रो सर्ग जयमाल काण्ड**का प्रारम्भमा महाकविले आफ्नो रचनाको स्वरूपबारे यसप्रकार भनेका छन्–

*"कांडनाम जै माल है, रस को खान अनूप ।*
*जेहि समुरुत, अरू पढत् पुनि, नयनन सिया सरूप ॥२ ॥*

(**जयमालकाण्ड, पृष्ठ–१५४**)

यस काण्डमा राजर्षि जनकका पुत्रीहरूलाई विभिन्न प्रकारले सिँगार्ने, नानाथरीका खेल खेल्ने प्रसङ्गहरू विभिन्न छन्दहरूका माध्यमबाट प्रस्तुत गरिएको छ भने राजर्षि जनक र नारदबीचको संवाद, ब्रह्मा

र कागभुसुण्डिका तपस्या प्रसङ्ग, नारदद्वारा रामको चरित्र-वर्णन, गुरु विश्वामित्र साथ राम-लक्ष्मणको जनकपुर आगमन तथा राजप्रासादमा बसोबास गर्ने प्रसङ्ग, गिरिजा-फूलबारीमा सीता र रामको भेट-प्रसङ्ग, धनुषयज्ञ आयोजन, रामद्वारा धनुषभङ्ग, सीताद्वारा माल्यार्पण प्रसङ्गपश्चात् महाराज दशरथको बरात (जन्ती) साथ जनकपुर आगमन-प्रसङ्ग, सीताको रामसँग विवाह सँगै उर्मिलासँग लक्ष्मण तथा अन्य बहिनी तथा भाइहरूको विवाह-प्रसङ्ग, कोहवर घर-प्रसङ्ग, बरातीहरूलाई भोजन गराउने प्रसङ्ग, दाइजोका सामग्रीहरूका सविस्तार वर्णन-प्रसङ्ग आदि बडो आकर्षक, मार्मिक एवं हृदयग्राही ढङ्गले विभिन्न राग, छन्द, लय आदिका माध्यमबाट प्रस्तुत गरिएको छ । केही उल्लेखनीय प्रसङ्ग चर्चा गर्नु यहाँ प्रासङ्गिक ठानी यसप्रकार उद्धृत गरिएको छ ।

सर्वप्रथम, धनुषयज्ञमा सामेल हुन आएका सबै राजा-महाराजासमक्ष राजर्षि जनकले सुनाएका 'प्रतिज्ञा-वचन' लाई यस शब्दमा प्रस्तुत गरिएको छ–

*"आज जो राज समाज में शिव धनुआँ तोरे कोई ।*
*मिलिहिं जानकी ताहि कों अरू त्रिभुवन विजई सोई ॥"*

(**जयमालकाण्ड, पृष्ठ–२४०**)

धनुषयज्ञमा पधारेका कसैले पनि धनुषलाई आफ्नो ठाउँबाट टसमससम्म पनि पार्न नसकेपछि राजर्षि जनकले पोखेको आक्रोशलाई यस शब्दमा व्यक्त गरिएको छ–

"१– *नृपन वोर राजा बिलोकि के अति अकुलाने ॥*
*क्रोध सानिके बचन सभामहँ लगे बषाने ॥*
*दीप दीप के महाबीर सुनि परन हमारी ॥*
*आये तोरन धनुष देव नर अर बिवुधारी ॥*
*तिलभरि महिन छोडा सके वीर हीन पृथ्वी भई ॥*
*अब जति भाषहु बिर पद मोहि प्रतीति निश्चे गई ॥*

२- *तजहु आस घर जाहु व्याह बिधि लिपी न सीता ॥*
*जौं हम प्रण को त्यागि देहिं तो अति बिपरीता ॥*

*जौं जनि तेहु भइ वीर हीन पृथ्वी अब भाई ॥*
*काहे को अस प्रण को ठानि तेऊँ जो दुखदाई ॥*
*कुँअरि मनोहर बिजय बडि कीरति अति कमनीय है ॥*
*पावनिहार बिरंचि तेहि रचेउन धनु दमनीय है ॥"*

(**जयमालकाण्ड, पृष्ठ–२४१**)

प्रसङ्गबाहिरको भए पनि मिल्दोजुल्दो भएकोले सोही बखतको राजर्षि जनकको पीडादायी वचनलाई गोस्वामी तुलसीदासले 'रामचरितमानस'मा र मैथिलीशरण गुप्तले 'प्रदक्षिणा'मा क्रमशः यस शब्दमा व्यक्त गरेका छन्–

*"अब जनि भाखे कोउ भट मानी ।*
*वीर विहीन मही मै ठानी ॥*
*तजुहु आस निज-निज गृह जाहु ।*
*लिखा न विधि वैदेही विवाहु ॥"*

(**रामचरितमानस**)

*"रहे कुमारी ही वैदेही*
*लौटजायें सब पृथ्वी पाल ।*
*जान लिया जगती में मैंने*
*नहीं कोई माई का लाल ॥"*

(**मैथिलीशरण गुप्त**)

राजर्षि जनकको सो कोप वचन सुनेर लक्ष्मण धेरै क्रोधित भए र उनले आज्ञा पाउन आफ्नो आक्रोश रामसँग पोख्न थालेपछि अन्त्यमा विश्वामित्रले रामलाई जुन आदेश दिए, त्यसलाई महाकविले यस शब्दमा प्रस्तुत गरेका छन्–

*"जानि समय सुभराम कहँ मुनि नायक अज्ञा दई ॥*
*उठहु तात धनु तोरि शिव मेटहु जनक संशय भई ॥"*

(**जयमालकाण्ड, पृष्ठ–२४३**)

धनुष भङ्ग नभएसम्म सीताको मनोदशा कस्तो थियो त्यसबारे महाकविले जनजीवनमा सधैं प्रयुक्त हुने खालका अभिव्यक्ति यस शब्दमा व्यक्त गरेका छन्–

*"का बरषा को बरसनी, जब किर(षो) गइ सूक*
*पछि पछताये कहा, अवसर पर भइ चूक ॥२॥"*

(**जयमालकाण्ड, पृष्ठ–२४६**)

सीताको मनको व्यथा बुझेर रामले धनुष भङ्ग गर्ने निधो गरी उनको संशय मेट्न र वातावरणलाई प्रफुल्लित एवं आनन्दमय बनाउनका निमित्त गरेका काम-कारबाईको दृश्य महाकविले यसप्रकार प्रस्तुत गरेका छन्–

*"अति लाघव सिव धनुष को, लीन्हो राम उठाय*
*नभ मंडल सम धनु भई, दामिनी की दुति छाय ॥४॥*
*लेत चढावत षैचतें, काहू लख्यो न भेद।*
*तन्छण धनु तोरत भये, छाप्यो सबको षेद ॥५॥*
*भुअत चतुर दश मैं गयो, धनु को शब्द उदार*
*सब जान्यो शिव धनुष को तोस्यो राम कुमार ॥ ६ ॥"*

(**जयमालकाण्ड, पृष्ठ–२४६**)

त्यसपछि वातावरण आनन्द एवं उल्लासले परिपूर्ण भै सबैका मनोकामना पूरा भएपछि सीताले जयमाला पहिराएको क्षणको चित्रण यसप्रकार गरिएको छ–

*"बहुरि धीर धरि दइ पेन्हाइ जयमाल पिया को ॥*
*पिया मुदित मन भये देषि मुख चंद सिया को ॥*
*युगल हृदय आनन्द महा सुख बरणिन जाई ॥*
*पिय सिय मन हरि सिया पिया मन लई चोराई ॥*
*रघुवर उरजयमाल देषि बरषहिं सुर फूला।*
*मुनि गण तषि आशिस देत्त भुद मंगल मूला ॥"*

(**जयमालकाण्ड, पृष्ठ–२४८**)

त्यसपश्चात् महाराजा दशरथकहाँ अयोध्या सन्देश पठाइन्छ र त्यहाँबाट जनकपुर बरात आएपछि विधिवत् ढङ्गबाट चारै दाजु भाइ– राम, लक्ष्मण, भरत र शत्रुघ्नको विवाह क्रमशः शिरध्वज जनककी सुपुत्री सीता एवं उनको भाइ कुशध्वजकी सुपुत्रीहरू उर्मिला,

माण्डवी र श्रुतिकीर्तिसँग सम्पन्न हुन्छ। यस प्रसङ्गको विशदवर्णनसँगै जयमालकाण्डको इतिश्री हुन्छ ।

**चौथो सर्ग रसमाल काण्ड**को प्रारम्भ महाकविले यस दोहाबाट गरेका छन्–

*"श्री सीता श्री उर्म्मिला, नेह कली शिरनाय ॥*
*कहत कांड रसमालको, जहँरस पंक्ति सोहाय ॥ १ ॥"*

(**रसमालकाण्ड, पृष्ठ–१, पृष्ठ ३९२ पछि पुनः १ बाट प्रारम्भ**)

यस काण्डमा मिथिलाञ्चलमा विवाहका क्रममा हुने विभिन्न प्रकारका लौकिक, सामाजिक, पारम्परिक, सांस्कृतिक परम्परा एवं विधि-व्यवहारको विशद वर्णन विभिन्न पात्रहरूका माध्यमबाट मनोहारी एवं आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ। जस्तै– अयोध्याबाट जनकपुरधाममा बरात (जन्ती) आउँदा बरात नगरमा प्रवेश गरेको बखत गाउँका बाल-वृद्ध, नर-नारीले व्यक्त गर्ने गरेका भावना, बरातीहरूको स्वागत-सत्कार, खानपान, वैवाहिक रस्मको विधि-विधानपूर्वक सम्पन्न गर्ने कार्यहरू, दुलहा-दुलहीको अलग वासस्थलको वर्णन, साली-सरहजसँग गर्ने हँसी-मजाक, महाराजा दशरथको बरातसाथ प्रस्थान गर्ने बखतको वर्णन, ससुरालीमा आमोद-प्रमोद मनाउने दृश्य आदिको विशद वर्णन गरिएको छ, जो मिथिलाञ्चलको लोकजीवनको अभिन्न अङ्गका रूपमा अद्यापि प्रचलनमा रहँदै आएको छ ।

**पाँचौं सर्ग सुखमालकाण्ड**को प्रारम्भ महाकविले यस दोहाबाट गरेका छन्–

*"कांड नाम सुखमाल है, सुखको सिंधु अथाह ॥*
*जो सुनिवे को रसिक मणि, रामलाल मनचाह ॥ २ ॥*

(**सुखमालकाण्ड, पृष्ठ–१, पुन पृष्ठ–१ बाट प्रारम्भ**)

यस सर्गमा वर्षका हरेक महिनामा दुलहा-दुलहीनहरूबीचको आमोदप्रमोदको विशद वर्णन, फागुन महिनाभरि विभिन्न स्थलमा गएर होली खेल्ने गरेको मनमोहक वर्णन (जसको अनुभूति प्रतिवर्ष माघ कृष्णपक्षको चतुर्दशी तिथिदेखि फाल्गुण शुक्लपक्षको चतुर्दशी तिथिसम्म नियमित रूपमा सम्पन्न हुँदै आएको **पाक्षिक तीर्थाटन कार्यक्रम**

**'मिथिला मध्य परिक्रममा' को क्रममा** परिक्रमाको डोला 'कञ्चनवन' पुगेपछि त्यहाँका नर-नारी तथा परिक्रमामा रहेका तीर्थयात्रीहरू महिनासहित बडो हर्ष र उल्लासका साथ आनन्दातिरेकले थाल-कचौरासमेत हातले बजाउँदै मस्त भएर एक-अर्कामाथि रङ्ग, अबिर हालेर होली खेल्ने गर्दै आएकोबाट समेत गर्न सकिन्छ ।) प्रस्तुत गरिएको पुष्टि यस दोहाबाट समेत हुन्छ :

*एहि विधि भरि फागुण किये, रास विलास अनूप ॥*
*बीच बीच होरी भई, युग विहार सुख रूप ॥ १ ॥*

(**श्री सीतायण, पृष्ठ–३८, सुखमालकाण्ड**)

त्यस्तै साउन महिनामा नवदम्पतीहरूले विभिन्न स्थलहरूमा गएर झुला झुल्ने गरेको दृश्यको प्रस्तुति यस दोहाको माध्यमबाट छर्लङ्ग हुन्छ–

*"आई सावन मास जब, झूलत युगल हिडोल ॥*
*कुंज कुंज प्रति झूलना, वनिमणि मय अनमोल ॥ २ ॥"*

(**श्री सीतायण, सुखमालकाण्ड,** **पृष्ठ**–४०)

यसप्रकार वर्षभरिको प्रत्येक महिनामा नवदम्पतीहरूले मनाएका आमोद-प्रमोद एवं गरेका मनोरञ्जनले परिपूर्ण रहेको छ सुखमालकाण्ड ।

**अन्तिम अध्याय रसमाल काण्ड**मा चारओटै जनक-नन्दिनीहरू आ-आफ्ना दुलहा वा श्रीमान्सँग जनकपुरधाम फर्केर आउँछन्, जो यस दोहाबाट स्पष्ट हुन्छ–

*"द्वितीय मधुरता में कहव, रघुवंशी सिय नाथ ॥*
*आय जनकपुर भरत, अरू लषन शत्रुघ्न साथ ॥ १ ॥"*

(**श्री सीतायण, रसमालकाण्ड,** **पृष्ठ**–६०)

जनकपुर आएपछि माघ शुक्ल पञ्चमी तिथिका दिन सबै दुलहाहरू बिहानैदेखि रातिसम्म मिथिलाञ्चलको 'वसन्त पञ्चमी' आ-आफ्ना दुलहीका (श्रीमती) साथ बडो आनन्दपूर्वक मनाउँछन् । छैटौं काण्ड अर्थात् महाकाव्यको अन्तमा श्री सीतायणजीको आरतीको अन्तिम पङ्क्ति यसप्रकारको रहेको छ–

*"जोगावत सब मिथिला वासी ॥ जो आवत सब अबध निवासी ॥*
*जेहि टुटत सियराम उपासी ॥ पृयासरण मत कहेउ सवीकी ॥ ४ ॥"*
(**श्री सीतायण, रसालकाण्ड, पृष्ठ–९६**)

'श्री सीतायण' महाकाव्यको अन्तमा महाकविले 'अथ श्री चन्द्रिका'वर्णनको प्रारम्भमा 'घनाछरी' छन्दमा महाकाव्यको सार विषयवस्तुलाई चार निम्न पद्यमय पङ्क्तिमा यस शब्दमा प्रस्तुत गरेका छन्–

*"षष्ट कांड सीताको स्वरूप नख शिष मंजु वाल सो पाये मधुर माल कटि सोहाई ॥*
*उदर जयमाल रसमाल हिये शोभे हैं सुखमाल ग्रींव सो लषत मन मोहई ॥*
*मस्तक रसालता पै भूषण चंद्रिका सोहरति कवि मोह जब लौं नैन जोहई ।*
*युगरस मणि जराब पृया लाल भाई सो देखत सुख दाई छवि छाई चित्र योहई ॥१ ॥"*
(**श्री सीतायण, पृष्ठ–९७, अथ श्री चंद्रिका**)

भावार्थ यो छ कि–

महाकाव्यका छओटा काण्ड भगवती सीताको तलदेखि माथिसम्मको पूर्ण व्यक्तित्वको प्रतीक स्वरूप क्रमश: सीताको सुन्दर कपाल बालकाण्ड, कटीक्षेत्र मधुरमाल काण्ड, उदर जयमाल काण्ड, मुटु रसमाल काण्ड, सुन्दर ग्रीवा वा घाँटी सुखमाल काण्ड र उनको टाउकोमाथि चन्द्रमा जस्तो सुसज्जित आभूषणहरू रसालकाण्ड रहेका छन् । ती सबै दृश्यहरूले कविलाई यतिसम्म विमोहित तुल्याइदिएको छ कि उनका आँखाहरू अघाउँदैनन् र उनले ती सबैलाई आफ्नो आनन्दानुभूति र सन्तुष्टिका लागि आफ्नो मुटुमा सजाएर राखिसकेका छन् ।

यसप्रकार मिथिलाको भूमि अर्थात् जनकपुरधामबाट कथावस्तुको प्रारम्भ गरी महाकविले महाकाव्यको समापन पनि जनकपुरधाममा नै गरेका छन् । महाकाव्यको भाषा अवधी भए पनि भावभूमि र अभिव्यक्तिको केन्द्रविन्दु मिथिलाञ्चलको लोकजीवनका मौलिक, लौकिक,

सामाजिक, पारम्परिक, सांस्कृतिक आदि विषयवस्तु रहेका छन् । यस दृष्टिले 'श्री सीतायण' मिथिलाञ्चलको लोकसंस्कृतिको प्रथम महाकाव्यका रूपमा संस्थापित रहेको प्रमाणित हुन आएको छ ।

अब कवीश्वर चन्दा झाद्वारा विरचित 'मिथिलाभाषा रामायण' सम्बन्धमा पनि विचार गरौँ । मिथिला भाषा 'रामायण'को कथावस्तु 'रामचरितमानस'को कथावस्तुसरह नै अधोलिखित प्रकारले ७ काण्डमा विभाजित एवं वर्णित गरिएको छ। रामचरितमानसको भाषा अवधी छ भने मिथिला-भाषा रामायण मैथिली भाषामा लेखिएको छ, काण्डको वर्गीकरण यसप्रकार रहेको छ–

| क्र.सं. | काण्डको नाम/उपखण्डहित | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | बालकाण्ड (६ उपखण्डमा विभाजित) | १-५६ |
| २. | अयोध्याकाण्ड (९ उपखण्डमा विभाजित) | ५७-११४ |
| ३. | अरण्यकाण्ड (१० उपखण्डमा विभाजित) | ११५-१४८ |
| ४. | किष्किन्धाकाण्ड (९ उपखण्डमा विभाजित) | १४९-१८५ |
| | कवि प्रार्थना | १८६ |
| ५. | सुन्दरकाण्ड (४ उपखण्डमा विभाजित) | १८७-२२२ |
| ६. | लङ्का काण्ड (१६ उपखण्डमा विभाजित) | २२३-३३६ |
| ७. | उत्तरकाण्ड (८ उपखण्डमा विभाजित) | ३३७-३८४ |

बालकण्डमा राम, लक्ष्मण, भरत शत्रुघ्नको अयोध्याका महाराजा दशरथको घर जन्म कथा, ठूलो भएपछि ब्रह्मर्षि विश्वामित्रसँग राम-लक्ष्मणको जनकपुर आगमन, जनकपुर भ्रमण, धनुषयज्ञ-प्रसङ्ग, चारै दाजुभाइको विवाह-प्रसङ्ग, परशुराम-राम संवाद-प्रसङ्गको कथावस्तुपश्चात् काण्डको समापन भएको छ ।

**मिथिलाको विशिष्टतालाई कवीश्वर चन्दा झाले यस शब्दमा व्यक्त गरेका छन्–**

*"दयायुत नर सकल सुनदर स्वच्छ सभ व्यवहार ।*
*सकल-विद्या उदधि मिथिला विदित भरि संसार ॥"*

(**मिथिला-भाषा रामायण**, **बालकाण्ड**, **पृष्ठ**–२९)

भावार्थ यो छ कि सबै विद्याको भण्डारका रूपमा रहेको मिथिला संसारभर विदित रहेको छ भने यहाँका सबै नर-नारी सुन्दर रहेका छन् भने सबैको व्यवहार स्वच्छ र आत्मीय रहेको छ ।

धनुषयज्ञमा पधारेका राजा-महाराजाहरूले धनुषलाई उचाल्नसम्म नसकेपछि निराश राजर्षि जनकले व्यक्त गरेको आक्रोशपूर्ण अभिव्यक्तिलाई यस शब्दमा व्यक्त गरिएको छ–

*वीर सौं विहीन भेलि अवनि से ज्ञात भेल,*
*गेल जाओ वीरवृन्द व्यर्थ छी कि अटकल ॥"*

**(बालकाण्ड, पृष्ठ–४१)**

तत्पश्चात् विश्वामित्रले रामलाई धनुष भङ्ग गर्ननिमित्त दिएको आदेश यस शब्दमा व्यक्त गरिएको छ–

*"कौशिक कहलनि अघुवर धनुष उठाउ ।*
*पूरिअ जनक-मनोरथ आधि मिटाउ ॥"*

**(पृष्ठ–४१)**

धनुष भङ्गपश्चात् परशुराम त्यहाँ उपस्थित हुन्छन् र राममाथि क्रोधित मुद्रामा रिस पोख्न थालेपछि लक्ष्मण त्यसको उत्तर जुन प्रकारले दिन्छन्, त्यो लोकजीवनमा प्रचलित लोकोक्तिलाई दोहाका माध्यमबाट कवीश्वरले यसप्रकार प्रस्तुत गरेका छन्–

*"कयल उपद्रव सभ जनक,देखता भलैं जमाय*
*टेंगरा पोठी चाल दै, रोहुक शीर विसाय*
*लक्ष्मण कहल सारोष सुनि, भृगुपति मति अति छोटि ।*
*पर्व्वत मध्ये ठेकलैं, भाँगिय धरक शिलौटि ॥"*

**(बालकाण्ड, पृष्ठ–५२)**

त्यसपछि परशुरामको भ्रम दूर हुन्छ र उनी रामका अगाडि नतमस्तक हुन्छन् । त्यस क्षणलाई कवीश्वरले अर्को लोकोक्ति प्रयोग गर्दै यसप्रकार उद्धृत गरेका छन्–

*"परशुराम मन बाढ्ल भीति ।*
*भय बिनु कतहु शुनल नहि प्रीति ॥"*

**(बालकाण्ड, पृष्ठ–५३)**

त्यसपछि नौओटा अध्यायमा विभाजित **अयोध्या काण्डको** कथावस्तु प्रारम्भ भई बाह्र वर्ष अयोध्या-वासपछि रामको वनवासको प्रसङ्गको योजना नारदमार्फत प्रारम्भ भई तदनुरूप सरस्वतीद्वारा मन्थराको मतिभ्रष्ट पारी उसमार्फत कैकेयीलाई महाराजा दशरथसँग रामको चौध वर्ष वनवास र भरतलाई राजगद्दीको उत्तराधिकारी बनाउने माग राख्न लगाउने प्रसङ्ग, महाराजा दशरथको मूर्च्छित हुने अवस्थामा नै वन प्रस्थान गर्ननिमित्त राम, सीता र लक्ष्मण आफ्ना पितासँग आज्ञा लिन जान्छन्। यसै सन्दर्भमा कवीश्वर चन्दा झाले तत्कालीन विषय-वासनायुक्त संसारबारे आफ्नो अभिमत यसप्रकार व्यक्त गरेका छन्–

*"देखइत छी जे ई संसार। सकल भरल विष विषय-विकार॥"*

(**मिथिला-भाषा रामायण, अयोध्याकाण्ड,** **पृष्ठ**–७४)

त्यसपछि वन गमनका क्रममा निषादराज केवटसँग रामको भेट-प्रसङ्ग, सोही क्रममा लक्ष्मण निषादराजलाई सम्झाउने क्रममा यसप्रकार अर्ती दिन्छन्–

*"शत्रु मित्र दारा सुत भाय। समटा कर्म्मे देथि मिलाय॥"*

**अयोध्यायकाण्ड पृष्ठ–८६**

चित्रकूट पर्वतमाथि रहेको वाल्मीकि ऋषिको आश्रममा राम, सीता र लक्ष्मण गएर उनीसँग भेट्ने प्रसङ्ग, दशरथको मरण प्रसङ्गपश्चात् भरत-शत्रुघ्न मामाघरबाट अयोध्या आएर अन्त्येष्टि गर्ने प्रसङ्ग, भरतको वनमा गएर रामसँग भेटी रामको पादुका दिएर अयोध्या आई तपस्वीको भेषमा राज्य सञ्चालन गर्ने प्रसङ्गको विवरणपश्चात् अयोध्याकाण्डको कथाको समापन हुन्छ।

**तेस्रो, आरण्यकाण्ड** दस अध्यायमा विभाजित यस काण्डको प्रथम अध्यायमा दण्डक वनमा विराध राक्षसको वधपश्चात् दोस्रो र तेस्रो अध्यायमा क्रमश: अगस्ति ऋषिको वासस्थान तथा पञ्चवटी प्रस्थान प्रसङ्ग रहेको छ भने चौथो अध्यायमा रामको जटायुसँग भेट तथा पाँचौं अध्यायमा दण्डक वनकी रानी रावणकी विधवा बहिनी शूर्पणखाद्वारा रामसँग प्रणय-याचनाप्रसङ्ग पश्चात् लक्ष्मणद्वारा शूर्पणखाको नाक काट्ने प्रसङ्ग, खरदूषण राक्षस-वध प्रसङ्ग,

शूर्पणखाद्वारा रावणसमक्ष रामको महिमा र वीरताको बखान-प्रसङ्ग रहेको छ । तत्पश्चात् रावणद्वारा सीताको हरण, रामद्वारा जटायुको उद्धारपश्चात् अष्टावक्रलाई देखी उनको मजाक उडाएपछि श्रापित गन्धर्वराजको मुक्ति प्रसङ्गसँगै शवरीसँग भेट-प्रसङ्ग तथा अन्तमा किष्किन्धा गएर सुग्रीवसँग दोस्तीको प्रसङ्गबाट यस काण्डको कथावस्तु समाप्त हुन्छ ।

**चौँथो, किष्किन्धाकाण्ड** विभिन्न ८ अध्यायमा विभाजित यस काण्डमा रामको सुग्रीवसँग मैत्रीपश्चात् रामद्वारा वालिको वध, सुग्रीवलाई किष्किन्धाको राजा घोषणापश्चात् सीताको खोजी-प्रसङ्ग र यसै क्रममा विभिन्न कार्ययोजनापश्चात् जाम्ववन्तको प्रेरणा-अनुसार हनुमान्को लङ्का-प्रस्थान गर्ने प्रसङ्गको योजनाबाट यस काण्डको विषयवस्तु समाप्त हुन्छ ।

**पाँचौँ सुन्दरकाण्डको** कथावस्तु ४ अध्यायमा विभाजित गरी हुनमान्को लङ्का प्रस्थान प्रसङ्गबाट सुरु हुन्छ र उनी विभिन्न बिघ्नबाधाहरूसँग जुध्दै आफ्नो अभियानमा सफल हुँदै अघि बढ्छन् । यस अध्यायमा कवीश्वरले यो लोकोक्ति प्रयोग गरेका छन्–

*“शुनि हरि हँसल चलल उत्साह । घरहिक भेदिया लंका डाह ॥”*

(**सुन्दरकाण्ड, पृष्ठ–१८१**)

अशोक वाटिकामा हनुमान् प्रवेश गरेपछि रावण मन्दोदरीसँगै अशोक वाटिकामा आएर सीतालाई भयत्राश देखाउँछ । रावणको त्यस व्यवहारप्रति मन्दोदरीको आक्रोशलाई कवीश्वरले लोकोक्तिका माध्यमबाट रावणलाई सम्झाउने गरी यसप्रकार प्रस्तुत गरेका छन्–

*“अबल उपर एतटा रोष । कडरिक तरु पर शितुआ चोष ॥”*

(**सुन्दरकाण्ड, पृष्ठ–२११**)

त्यसपछि पनि रावण हनुमान्को पुच्छरमा वस्त्र-घृत-तेल बेर्न लगाएर त्यसमा आगो लगाउने आदेश दिएपछि हनुमान् भन्छन्–

*“के थिक केहन न कयल विचार । मूर्खक लाठी माँझ कपार ॥”*

(**सुन्दर काण्ड, पृष्ठ–२१३**)

लङ्कादहनपश्चात् हनुमान् सीतासमक्ष पुनः उपस्थित भई उनलाई आश्वस्त गराएर रामका अगाडि उपस्थित भई सबै वृत्तान्त सुनाउने प्रसङ्गबाट यस काण्डको अन्त हुन्छ ।

**छैठौँ लङ्काकाण्ड** विभिन्न १६ अध्यायमा विभाजित रहेको छ र यस काण्डको कथावस्तुको सुरुआत हनुमान्बाट प्राप्त जानकारीका आधारमा राम-लक्ष्मण वानरसेनासहित लङ्का-प्रस्थानको प्रसङ्गबाट हुन्छ । यस काण्डको द्वितीय अध्यायको सुरुमा कवीश्वरले दैनिक जीवनमा प्रयुक्त हुने लोकोक्तिलाई यसप्रकार व्यक्त गरेका छन्–

*"की कर्त्तव्य भेल बड घोल। बजबहि पड्य गरा पर ढोल॥"*

(**लङ्काकाण्ड, पृष्ठ–२२८**)

रावणद्वारा विभीषणलाई निष्कासित गरेपछि उनी रामको शरणमा पुग्छन् र राम उनलाई लङ्कापति बनाएर अभिषेक गर्छन्। तत्पश्चात् समुद्रमाथि बाँध निर्माण-प्रसङ्ग, रामद्वारा अङ्गदलाई दूतको रूपमा रावणकहाँ पठाउने प्रसङ्ग र रावणले नमानेपछि युद्ध-प्रारम्भको प्रसङ्ग, युद्धमा लक्ष्मण मूर्च्छित हुने प्रसङ्ग, हनुमानद्वारा सञ्जीवनी बुटी ल्याएपछि लक्ष्मणको पुनर्जीवन, कुम्भकर्ण वध, मेघनाद वधपश्चात् रावण वध प्रसङ्ग, रावणको मृत्युपश्चात् सीताको अग्नि-परीक्षापश्चात् अयोध्या प्रस्थान प्रसङ्ग र अन्तमा रामको राज्याभिषेक-प्रसङ्गको वर्णनसँगै लङ्काकाण्डको कथावस्तुको समापन गरिएको छ ।

अन्तमा आठ अध्यायमा विभाजित '**उत्तरकाण्ड**' को कथावस्तुको प्रस्तुतीकरणका क्रममा धोबीको कुरा सुनेर रामद्वारा सीताको गर्भावस्थामा परित्याग, वाल्मीकि ऋषिको आश्रममा सीताको वास र त्यहीँ कुश र लवको जन्म, कुश र लवसँगको परिचयपश्चात् सीताको आगमन, रामद्वारा पश्चात्तापपश्चात् सीताद्वारा धरतीमा समाविष्ट हुने प्रसङ्ग, दुर्वासा ऋषिले गर्दा रामद्वारा लक्ष्मणको परित्याग र अन्तमा कुश र लवलाई राज्य सुम्पेर रामसँगै भरत, शत्रुघ्न, सुग्रीव, विभीषण, हनुमानादि सबै 'सरयू' जल स्पर्श गरेपछि अनन्तधाम प्रस्थान गरेको प्रसङ्गसाथ 'मिथिला भाषा रामायण'को कथावस्तु समाप्त हुन्छ ।

**माथि वर्णित मिथिलाञ्चलका दुई महाकवि क्रमशः स्वामी रामप्रियाशरणजीद्वारा विरचित 'श्री सीतायण' महाकाव्य र कवीश्वर चन्दा झाद्वारा विरचित 'मिथिला भाषा रामायण' मिथिलाञ्चलका महाकाव्य भए पनि दुवैमा मौलिक भिन्नता र कथावस्तुका दृष्टिले समेत देखिएका अन्तरबारे छोटकरीमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ–**

१. 'श्री सीतायण' महाकाव्यको भाषा अवधी छ भने 'मिथिला भाषा रामायण'को भाषा मैथिली छ ।

२. 'श्री सीतायण' को भाषा अवधी भए पनि सीताको चरित्रलाई केन्द्रविन्दु मानेर त्यस महाकाव्यमा मिथिलाञ्चलको लोकजीवन, लोकसंस्कृति, परम्परा, रीति-रिवाज, वैवाहिक विशिष्टता आदि विभिन्न विशिष्टतायुक्त परम्पराहरू एवं सांस्कृतिक अद्वितीय निधिहरूका सम्बन्धमा विशद वर्णन गरिएको छ जबकि 'मिथिला भाषा रामायण' मैथिली भाषामा लेखिए पनि त्यसको कथावस्तु 'रामायण', 'रामचरितमानस'मा मात्र आधारित रहेको छ ।

३. 'श्री सीतायण' मिथिलाञ्चलको मौलिक प्रथम महाकाव्यको रूपमा अधिष्ठापित हुन पुगेको छ भने 'मिथिला भाषा रामायण'लाई मिथिलाञ्चलको महाकाव्य मान्न सकिन्छ ।

४. भाषागत शैली, पद्यात्मक विशिष्टता एवं एकरूपताका दृष्टिले मिथिला-भाषा रामायणलाई तुलनात्मक रूपले अग्रणी भन्न सकिए पनि विषयवस्तुको प्रस्तुतिको दृष्टिले 'श्री सीतायण'लाई मात्र मिथिलाञ्चलको मौलिक महाकाव्य मान्न सकिन्छ ।

५. सीताको चरित्रलाई केन्द्रविन्दु मानेर 'श्री सीतायण'को रचना गरिएको छ र प्राचीन मिथिला राज्यका राजा राजर्षि एवं ब्रह्मर्षि जनकको वंशको विवरणका साथै मिथिलाञ्चलको लोकजीवनमा प्रचलित समस्त परम्पराहरू सो महाकाव्यका माध्यमबाट प्रस्तुत गरिएको छ। जबकि 'मिथिला भाषा रामायण'को कथावस्तु मौलिक नभएर

रामायण, रामचरितमानसको कथावस्तुलाई मात्र मैथिली-भाषामा प्रस्तुत गरिएको छ ।

निष्कर्षत: यो स्पष्ट रूपमा भन्न सकिन्छ कि 'श्री सीतायण' मिथिलाञ्चलको मौलिक विशिष्टताहरूको परिचायक अग्रणी र एकमात्र महाकाव्य हो, जो 'मिथिला-भाषा रामायण' मा बिल्कुलै छैन र त्यसैले 'श्री सीतायण'लाई मात्र मिथिलाञ्चलको प्रथम मौलिक महाकाव्यका रूपमा निर्विवाद रूपमा घोषित गर्दा सर्वथा उपयुक्त हुनेछ । अन्तमा 'मिथिला महात्म्य'मा वर्णित मिथिलापुरीको अधोलिखित महिमालाई उद्धृत गर्दै यहीँ विराम लिने अनुमति माग्दछु । शुभमस्तु !

*"मंगल मिथिला धाम है, मंगलमय श्री मैथिली*
*राजर्षि सदा मंगल करै, सुधरे सर्व जगस्थली ॥"*

***सन्दर्भ-सामग्री***


१. 'श्री सीतायण'- स्वामी रामप्रियाशरण, जनकपुर उद्योग वाणीज्य सङ्घ, २०५१ (१९९४ ई.)

२. 'मिथिला-भाषा रामायण'- कवीश्वर चन्दा झा, मैथिली अकादमी, पटना (१९७७ ई.)

३. 'रामचरितमानस'- गोस्वामी तुलसीदास, गीताप्रेस, गोरखपुर ।

४. 'प्रदक्षिणा'- मैथिलीशरण गुप्त ।

५. 'मिथिलाञ्चलको लोकजीवन र संस्कार गीत'- डा. गङ्गाप्रसाद अकेला (ने.रा.प्र.प्र. लोकसाहित्य विभागद्वारा मिति- २०६२/२/३ का दिन आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र) ।

# ३६ औँ समारोहको श्लाघनीयता

*– मदनमणि दीक्षित*

*[एउटा संयोगै हो। विद्वान् मदनमणिजीले, सके 'नेपाली'मै दिन भनेर लेखेको (२०४८ कात्तिकको) एउटा लेख असावधानीवश लेखककै अरू कागजपत्रमा लुकेर रह्यो र १५ वर्षपछि ऐले फेला पर्‍यो ! सहृदयी विद्वान्ले यो रहस्य सम्पादकलाई खोलेपछि सम्पादकले नम्रतासाथ त्यो माग्यो र उत्तिकै सहृदयतासाथ पायो ! त्यस लेखमा उल्लिखित दुई मनीषीहरू त अब छैनन्, दिवङ्गत भैसके । तर सम्पादकलाई लाग्छ, मदनमणिजीको गहिरो चिन्तनको उपज, त्यस लेखको सार्थकता अझ बिलाएको छैन । त्यसैले 'नेपाली' यस अङ्कमा त्यो समाविष्ट छ । बरु, 'नेपाली'को परम्पराअनुसार यसमा प्रयुक्त आदरार्थी क्रियापदहरूलाई मिल्ने गरी, सामान्यीकरण गरिएको छ । लेखको उत्तरार्धतिर लेखकले विनोदीपाराले वर्णन गरेको सुट-टाई प्रकरण पनि त्यति हल्का लागेन हामीलाई । त्यो व्यङ्ग्यात्मक अभिव्यक्तिमा पनि गूढार्थ छ भन्ने हामीलाई लाग्छ, पाठकहरूलाई के लाग्छ कुन्नि !*

*–सम्पादक]*

यो वर्षको १६ असोजको समारोहलाई मदन पुरस्कार गुठीले आफ्नो वार्षिक समारोहहरूको ३६ वर्षको इतिहासमा सबैभन्दा गहकिलो, गौरवशाली र ओजस्वी भनेर अङ्कित गर्नु सर्वथा ठीक मूल्याङ्कन ठहरिनेछ । यो समारोहमा भएका सबै कार्यलाई मैले स्वागत गर्न नसक्नु सामाजिक सेवा पद्धति सम्बन्धित मेरा आफ्ना स्थापना र मान्यता हुन् तथापि यो समारोह स्वयम्ले चाहिँ बौद्धिक क्षेत्रमा यो देशको एउटा अङ्गले प्राप्त गरेको उच्च तथा सम्मानित ठहरिने धरातललाई सार्वजनिक तवरमा अङ्कित गर्‍यो ।

सार्वजनिक संस्थाहरूले सृजनशील परिणाम प्राप्त गर्दै, एकपछि अर्को सफलता प्राप्त गर्दै, संस्थागत विकास गर्दै जाँदा आफ्ना संस्थाहरू र पदाधिकारीभन्दा पनि उच्चतर र सम्मानित हुँदै जान्छन्, राष्ट्रलाई निर्देशनकारी भूमिकायुक्त संस्था परिणत हुँदै जान्छन् । संस्थाले त्यसरी ऊर्ध्वगामी जीवनी ऊर्जाको आन्तरिक विकास गर्दै जाँदा त्यसलाई शैशव, माता-पिताबाट प्राप्त संरक्षण क्रमशः घटाउँदै

लैजानु र आफ्नै राष्ट्रिय खुट्टामा उभिने बनाउनुपर्छ, झन्झन् आमाको काखमा सीमित तुल्याउनाले सन्तानको स्वाभाविक विकासमा बाधा पर्नेजस्तै सम्भावना बढ्छ ।

असोज १६ को मदन पुरस्कार गुठीको समारोह केदारमान व्यथितको ओजस्वी र मनोहारी नयाँ कविता, बडागुरुज्यू अम्बिकाप्रसादको सर्वतोमुखी प्रभावोत्पादक अद्भुत वाचन र गरिमायुक्त प्रवचन र सरुभक्तको साहसिक, प्रष्टोक्ति तथा चिन्तनपरक उत्साहद्वारा ओतप्रोत अभिव्यक्तिले गर्दा ऐतिहासिक महत्त्वको हुन गएको थियो । नयाँ स्थापित 'सीताराम पुरस्कार' तथा भारती खरेल पुरस्कारलाई समारोहमा म.पु. गुठीद्वारा स्वागत र अनुमोदन गरिनु नेपाली वाङ्मयको श्रीवृद्धिमा देखिने समर्पणमा र प्रयासप्रति त्यो संस्थामा रहेको निष्ठावान् र सहिष्णु सद्भावको अभिव्यक्ति ठहरिनेछ । उदारताका पारस्परिकताबाट देशमा प्रजातन्त्रको संस्थागत विकासनिम्ति जग निर्माण हुन थाल्दछन् ।

## बडागुरुज्यू

बडागुरुज्यूको त्यो दिनको प्रवचनले (त्यो 'नेपाली' पूर्णाङ्क १३२ मा प्रकाशित छ) आफ्नो आफै परिचय त दिएकै छ, कवि र काव्यको विषयलाई लिएर त्यसले यो देशका चिन्तनले प्राप्त गरेको उच्च धरातल, समाधानमा सहायक आधारभूत राष्ट्रिय दृष्टिकोणयुक्त (त्यसकारण जुनसुकै सामाजिक क्षेत्रनिम्ति पनि स्वीकार्य, व्यवहारयोग्य र मार्गदर्शनकारी) परम्परा र आधुनिकताबीच समायोजन गरी र आन्तरिक विसङ्गतिबाट हरप्रकारले मुक्त, वैज्ञानिक प्रस्तुति गरेको छ । उच्चतम चिन्तन र निदिध्यासनबाट मात्र, विषय र समस्याबारे सिद्धान्तनिष्ठ-वस्तुनिष्ठ प्रस्टताबाट मात्र त्यस्ता अभिव्यक्ति हुन सक्छन् । अम्बिकाप्रसादज्यूको ईश्वरवादी आस्था निजी जिज्ञासु-श्रद्धा हो । आफ्ना श्रद्धा र आस्थाका अनुशासनभित्र रही बौद्धिक क्षेत्रनिम्ति स्वीकार्य र व्यवहार्य परिभाषा तथा विश्लेषण र निष्पत्ति प्रस्तुत गरेर गुरुज्यूले 'बडागुरुज्यू'मध्ये आफ्नो पदको गरिमालाई इतिहासमा दृश्य र उल्लेख्य रूपमा उच्चतर तथा प्रतिष्ठितसमेत तुल्याएको मैले मानेको छु। बडागुरुको त्यो प्रवचन विश्वविद्यालयका

स्नातक छात्रसामुको दीक्षान्त-भाषण होइन कि राष्ट्रको सर्वोत्कृष्ट बौद्धिक उपस्थितिका सामूहिक चिन्तननिम्ति मार्गदर्शनकारी अभिव्यक्तिको रूपमा म हार्दिक प्रशंसा गर्छु । त्यो प्रवचन नेपालको मेरो पहिलो त्यस्तो अनुभव भएको छ, जो आह्लादकारी छ र जुन प्रवचननिम्ति ममात्र होइन, नेपालवासी हामी सबै विश्वसामु साहसका साथ अभिमान गर्न सक्छौं ।

## केदारमान व्यथित

केदारमान व्यथितको कविताबारे आफ्ना कुनै पूर्वकथनमा मैले थप्न सक्ने एउटै कुरो मात्र रहेको अनुभव गरें । कवि र काव्यदर्शनबारे बडागुरुज्यूबाट जुन प्रस्तुति भयो, व्यथितले आफ्नो त्यो दिनको (त्यसै अङ्कको पृ.२०-२३ मा भएको) कविताद्वारा त्यही दर्शन नेपालमा प्राणवन्त र गतिमान रहेको प्रमाणित गरे । उनीहरूका आफ्नै छुट्टाछुट्टै सृजनशीलताबाट ती दुई अभिव्यक्ति भएका थिए तापनि दुवै नै समान सन्देशवाही रहेकाबाट दर्शनको व्यावहारिक रूपमा सार्वजनिकता र शाश्वतता रहन्छ भन्ने नै घतलाग्दो तवरमा प्रकट भयो ।

त्यसमाथि, उमेरको नवौं दशकको सँघारमा उभिँदा पनि कवि व्यथितमा युवकोचित कौशल, ओज र जीवन्तता आफ्नो मार्मिक ऊर्जाले ओतप्रोत छ भन्ने सुखद अनुभव मलाई भयो ।

## सरुभक्त र शून्यतावाद

त्यो समारोहमा मदन पुरस्कार ग्रहण गर्दाका सरुभक्तलाई निकै वर्षपहिले आफूले लेखेको पत्रको सम्झना मलाई भइरह्‌यो । मेरो त्यो पत्र सके उनले पाएनन् । ने.रा.प्र.प्र. मा त्यो वर्ष उनको नाटकले उनले आफूले ठानेसरहको अनुमोदन नपाएकोमा गुनासो गरेका थिए। उनको त्यसबेलाको प्रतिक्रियाबाट असन्तुष्ट त्यसबेलाभन्दा भिन्न पनि र समान पनि देखिए। उनको यसपटक पुरस्कृत कृति मैले नपढेको हुँदा पुस्तकका सम्बन्धमा म केही भन्न सक्दिनँ। समारोहमा भएको उनको अभिव्यक्तिमा (यो वाक्य उक्त अङ्कका पृ. २३-२९ मा छ) ओज र विचार थिए तर विसङ्गतिरहित समेत भनी स्वीकार गर्न मलाई अप्ठ्यारो भयो ।

'वाद'को स्रष्टा हुने सोखमा लाग्नु कदापि पनि आलोच्य होइन तर सोखबाट वादको जन्म पनि हुँदैन । आफूले 'शून्यतावाद'को प्रतिपादन गरेको भनी उनले बताए। 'शून्यतावाद' भन्ने शब्द आफै नै आन्तरिक विसङ्गतियुक्त ठहरिन्छ। त्यसैकारण शून्यतावादतिरका प्रत्येक प्रयासलाई इतिहासको हरेक चरणले सबै ठाउँमा व्यक्तिका अस्थायी तृप्ति प्रयास भनेमा सीमित राखेर समाजमा व्यवहारनिम्ति अयोग्य ठान्दै अन्ततोगत्वा इन्कार नै गर्दै आयो । आयामवाद, तरलतावाद, अस्वीकृत जमात, अमलेख आदिआदि जस्ता निजात्मक परिचय प्रत्याशितभन्दा बढ्ता केही अथवा फरक केही होइनन् त्यस्ता स्थापना भन्ने मलाई लाग्दछ ।

तैपनि सरुभक्त भनेको यो मुलुकको आजको उदीयमान चिन्तन तथा प्रयोगपरक प्रतिभा भने अवश्य नै हो। शून्यतावाद भनेको जे ठहरियोस् तर त्यो समारोहमा उनीबाट प्रस्तुत अभिव्यक्तिहरूमा सृजनशीलताप्रति आकर्षण, मार्मिकता र उच्चस्तरीय शिष्टता तथा आत्मानुशासन थिए ।

## मेरो दुर्दशा

त्यो समारोहमा दुर्दशामा चाहिँ म आफू पुगेको आफै मैले अनुभव गरेँ। कुन्नि किन हो, म नयाँ सुट पैरिएर त्यो समारोहमा पुगेको थिएँ। परिणाम के भयो भने म आफू सुटमा परिणत भएँ र मेरो परिचय त्यो सुटले आफ्नो निम्ति लिइदियो। सोह्र वर्षपहिले मैले सुट भन्ने वस्तु पहिलोपटक भिर्दा त्यस्तो हुन पाएको थिएन। यो दोस्रो सुटले किन ममाथि आफ्नो श्रेष्ठता स्थापित गर्न सक्यो– बुझ्न बाँकी नै छ।

गत वर्ष सुरु चैत्रमा प्रधानमन्त्रीको चीन भ्रमणमा सँगै जाने आकर्षक अवसर पाएको थिएँ। मलाई विमानघाटमा पुऱ्याउन आएका मेरा तेस्रा सुपुत्रले त्यहाँ चीन जान एकत्रित अन्य नेपालीहरूका भन्दा अनाकर्षक पोसाकमा म रहेको छु भन्ने विचार गरेका कारणले मेरा निम्ति नयाँ महँगो, मलाई भलादमी र सके सुख्यातसमेत तुल्याउने महँगो सुटनिम्ति मैले सूचीकारछेउ गएर आफूलाई फित्ताले नपाउनुपऱ्यो । ती सबै अनुभवबाट विचित्र मान्दै म

गुज्रिएँ। सत्य हो, सके पास्नी हुँदा आफ्नो थाङ्नोबाट पेटेभोटोमा म सारिएपछि र पछिपछि सूचीकारनी दिदीले मलाई बारम्बार छेकिन् होलिन्। झन् पछिपछि ती कलाकार स्रष्टाहरूले मलाई कपडा च्यात्दै नाप्ने काम सुरु गरेका पनि थिए होलान्। यसपालि नयाँ सुटनिम्ति म सिन्थेटिक फित्ताले नापिएँ। छाति बढेछ, पेट घटेछ, हात लामो भएको ठहरिएन। सौभाग्यवश टोपी मैले सिउनुपरेको थिएन, नत्र आफ्नो गिदी-बाकस टाउको पनि मैले नपाउनुपर्ने थियो।

सूचीकारले मेरो नाप लिएको प्रति मैले यसरी असन्तोष जाहेर गर्न खोजेकोचाहिँ होइन। 'यो देशका राजा, मन्त्री, गुरु, पुरोहित र पण्डितहरू सबै मेरा सामु मौकामौकामा नतमस्तक हुने गर्दछन्' भनी एउटा नाऊले गर्वोक्ति गरेको कथा मैले बाल्यकालमा पढेको अझै सम्झिन्छु। म नापिनु ठूलो कुरो होइन कि उचित कुरो हो। म त के एकपटक त मेरो यो घर नै नापिएर ठूलो ठहरिएको थियो भन्ने मैले सम्झिराखेको छु।

नापेर तयार भएपछि उपयोग गर्ने कर्तव्यपालन गर्न नयाँ सुट अनुकूल घाँटीमा दाम्लोसमेत बाँधी कालो जुत्तालाई झन् टल्काएर म मदन पुरस्कारको रातो बगैँचामा त्यो दिन पुगेँ। अनि पो सुटको महत्त्व थाहा हुन थाल्यो। कसैले पट्ठो, कसैले दस उमेर घटेको, कसैले पराक्रमी भएको, कसैले 'ड्यान्डी' सबको देखे मलाई। मचाहिँ नुन खाएको कुखुरो नत्र रुझेको बिरालोझैँ अनुभव गरिरहेँ। खुसी पनि लाग्यो। बितेका त्रियासी लाख उनान्सय हजार नौ सय उनान्सय जुनीमध्ये कुनैमा कुखुरो र अर्कोमा बिरालो अवश्य भएको थिएँ हुँला म। त्यसबेलाका अनुभव मानवजुनीमा सुट पैरिएर ढाँचा पार्ने शुभावसर आफ्नो जीवनमा अन्य कसैले के पाएको होला। कसो त्यसबेला त्यहाँ सचिव विष्णु धितालले मलाई पनि छोटो भाषण गर्न आह्वान गरेनन्, नत्र त्यो सुटभित्रबाट छोटोमात्र किन नीच नै भाषण गर्न बेर लगाउने थिइनँ।

सुट पैरिएपछि आफ्नो उमेर दस वर्ष घटेको बारे त्यहाँ सुन्दा मैले हाँस्दै डिच्च दाँत देखाएको थिएँ र ऋवाट्ट पाकिस्तानका पहिला परराष्ट्र मन्त्री फिरोज खाँ नुनको कुरा सम्झिएको थिएँ। तिनीसित सोह्र सय कमिज, आठ सय दाम्ला र चार सय जोर सुट

रहेका बारे सन् ५० तिर होला मैले अखबारमा पढेको थिएँ। मसित अरू सात जोर सुट भएको भए मेरो उमेर घट्दै गई आफू जन्मिन अझै दस वर्ष पर्खिन दुर्दशामा पुग्नुपर्ने थियो, यो सुटले गर्दा जति घटेको होस् भइगयो, आइन्दा म आफ्नो उमेर घटाउनेछैन, रून् नयाँ पट्ठो देखिएर न कुनै पट्ठीलाई लोभ्याउनेछु न पत्नीमा शंका बढाउनेछु भन्ने निर्णय गरी सन्तोष धारणा गरेरै छाडी बडागुरुज्यूको भाषण सुनिरहें ।

ज्ञानार्जन र अध्ययन भनेको के हो र कसरी गर्ने ? एउटा प्राकृतिक पद्धति हो, अर्को शिक्षा-पद्धति । प्राकृतिकलाई पद्धतिभन्दा पनि स्वभावजन्य भन्ने बढी उपयुक्त होला। जन्म पाउनासाथ प्रत्येक प्राणधारी जीवन धारण गर्न र निश्चित अवधिपछि आफूजस्तै अर्कोलाई जन्म दिने र जातिकै अस्तित्वलाई लम्ब्याउँदै जान थाल्छ। त्यसो गर्दा आइपर्ने बाधाहरूलाई पन्छाउने प्रक्रिया पनि त्यसबाट जीवनधारण प्रक्रियाअन्तर्गत स्वतः सम्पन्न हुँदै जान्छन् । आफ्नो समय पुगेपछि त्यस्ता अस्तित्वका जीवनका अन्त्य हुन्छन् । मनुष्य व्यतिरेक सबै प्राणधारीको जीवन र गति यही हो । यो पद्धतिमा व्याक्टेरिया र भाइरसका अस्तित्व न्यूनतम क्षणका र कछुवाको जीवन तीन सय वर्षसम्मको हुन सक्छ । केही वनस्पति हजार वर्षसम्म पनि बाँच्छन् ।

ज्ञानार्जनको शिक्षा-पद्धति मानवजातिको आफ्नो विशेषता हो। हुन त वानरनीले आफ्ना बच्चालाई सिकाएको र बच्चाले गल्ती गर्दा आमाचाहिँले कान निमोठिदिएर सजाय दिएको मैले स्वयम्भूमा एकदिन आफैले देखेको थिएँ। शिक्षा त्यस्तो उच्चतम सचेत कोसिस हो, जसले अभ्यासको रूपमा बानी आवश्यक र अनावश्यकलाई छुट्ट्याउने ग्रहणशीलता, धरातलको परिमार्जननिम्ति अज्ञानलाई नै ज्ञान ठान्ने अन्धविश्वासबाट मुक्ति, परम्परागत संस्कारप्रति स्पृहाहीन निरपेक्षता, विवेकको सम्पूर्ण प्रयोग गर्ने विवेचनाशीलता, सम्बन्धित विषयबारे उठेका प्रत्येक प्रश्नप्रति पूर्वाग्रहरहित संवेदनशीलता र सद्ज्ञानको स्वार्थमा आफ्नै पूर्व ज्ञानमा संशोधन, नत्र त्यसको परित्यागसम्म गर्ने तत्परता आदिको समग्र अपेक्षा गर्छ । आफ्नै

प्रत्येक ज्ञानमाथि प्रश्न गर्दै जानु शिक्षा र ज्ञानार्जनको अनिवार्य पूर्वसर्त हो ।

यो समष्टिलाई ध्यानमा राख्दा म ज्ञानलाई कठोरतम मानसिक र चारित्रिक अनुशासन ठान्छु । जो स्वीकार गरेर हिँड्दछन्, तिनका ज्ञान र अन्धविश्वासबीच विशेष अन्तर रहँदैन । तर, जो आफैसित प्रश्न गर्दै र आफैलाई झन् सन्तोषपूर्ण उत्तर दिँदै अघि बढ्दै जान्छन्, ज्ञानका अधिकारी र स्वामी तिनीहरू नै हुन् ।

*१० कात्तिक २०४८*



# प्राणायामसित ॐ को समीकरणद्वारा स्वस्थकर जीवन

*– मदनमणि दीक्षित*

*[वैदिक-कालिक उपन्यास 'माधवी'का लागि मदन पुरस्कारद्वारा सम्मानित विद्वान् मदनमणि दीक्षित प्राचीन नेपाल र आर्यवाङ्मयका विज्ञ व्याख्याता हुन् । यो छोटो तर मार्मिक लेख ॐकारको विषय सारगर्भित लाग्यो हामीलाई र हामीले यहाँ हालेका हौँ । हाम्रा पाठकहरूले पनि यसबाट लाभ लेलान् भन्ने हामीलाई लाग्छ ।*
*– सम्पादक]*

ऋग्वेदको दसौँ मण्डलका सूक्तहरू वृहस्पतिको ७१ औँ र वागाम्भृणीको १२५ औँ सूक्तले वाणीको महानताबारे चर्चा गरेका छन् । वृहस्पतिलाई आदि सप्तर्षिमा गणना गरिएको हुनाले मात्र होइन, वागाम्भृणिमा व्यक्त विचारसित ७१ औँ सूक्तको तुलना गर्दा पनि वागाम्भृणिलाई पछिल्ला ऋग्वैदिक सूक्तहरूको कोटिमा राख्नुपर्ने देखिन्छ ।

ऋग्वेदका सूक्तहरूलाई यान्त्रिक तवरमा 'लाखौँ वर्षपहिलेका' भन्ने पण्डितबाजेहरूसित छलफल गर्नु सम्भव छैन– ती ज्ञानीहरू आफ्ना ठाउँमा रहून् । मैले यहाँ कोट्ट्याउने चेष्टा गरेको प्रश्न हो, मानिसमा पञ्चज्ञानेन्द्रियका विकास, त्यसमा पनि वाक्शक्तिको विकास कहिले भयो होला ? यस विषयमा अहिले नै ठोकुवा गरी 'वाणीको विकास पञ्चज्ञानेन्द्रियमा सबैभन्दा पछिल्लो युगमा भएको हुनुपर्छ' भन्न सकिन्छ । वाणीले मानिस हुन त्यो प्राणधारीलाई सहायता गरेको होला भन्ने धारणामा म छु ।

आफ्नो 'महायात्रा' नामक पुस्तकको सुरुमा भारतका विख्यात विद्वान् श्री रांगेय राघवले '५0000 वर्ष पहिले' भनी लेखेको पढेको थिएँ। डा. रांगेय राघव निश्चय नै विशिष्ट विद्वान् थिए, (सन् १९६0 पहिले निधन भएका) तथापि ती विद्वान्लाई मानव-समाजशास्त्री वैज्ञानिक भन्न सकिन्न । अत: मानवका पञ्चज्ञानेन्द्रियमा वाणीको विकासका निम्ति डा. राघवका विचारलाई वैज्ञानिक भनिहाल्न मलाई गाह्रो परेको छ। मानिसले स्वरको उच्चारण गर्नु र स्वरमा अर्थसमेत

थपेर वाणीको उच्चारण गर्नुबीच निकै नै ठूलो भेद रहेकोलाई इन्कार गर्न सकिँदैन ।

स्वरमा अर्थ थपेर वाणीमा उपयोग गर्नु भनेको मानिसले सामाजिक क्रान्तिलाई निर्देशित गर्न थाल्नु हो। वाणीको उपयोग गर्न थाल्नेभन्दा पहिले स्वरसाधनयुक्त रहँदा पनि त्यो सामूहिकतालाई पशु समाजभन्दा पृथक राखेर हेर्न सकिन्न । त्यस अवस्थामा हुने परिवर्तनले प्रकाण्ड कालावधिभित्र मात्र प्राणधारीका जीवनमाथि प्रभाव पार्न सक्थ्यो । विकासक्रममा 'खडे मानव'को उत्पत्ति र वाणीयुक्त खडे मानवबीच केही लाख वर्ष लागेकै हुनुपर्छ। वाणीबेगरको खडे मानवले सामाजिक क्रान्तिका आह्वानलाई सोझै ग्रहण गर्नु सम्भव थिएन, भन्ने मलाई लाग्छ । खडे मानवको समूहलाई वाणीले नै सभ्यताको मार्गमा अग्रसर हुन घचेट्ने गऱ्यो कि ?

वाणीले समाजको सृष्टि गऱ्यो । वाणीयुक्त मानवसमाजको विकास निरन्तर चलिरहेको छ । वाणीले भाषा र भाषिकाहरूका भेदलाई ठाउँ दियो– वाणीचिन्तनका भेद, त्यो भेदले जाति-प्रजापति-उपजातिलाई अनि समष्टिमा मानव-समाजभित्र सांस्कृतिक विभाजन र जातिहरूका आधारमा सांस्कृतिक निरूपण गऱ्यो। यसरी हेर्दा वर्तमान मानव-समाजको जातीय विभाजन, सांस्कृतिक पहिचान आदिको मूल कारणको रूपमा वाणीलाई स्वीकार गर्नै पर्छ ।

वाणीले मानव र त्यसले समाजमा ल्याएको, यो प्रकाण्ड परिवर्तनलाई पाइलैपिच्छे बुझेर– वाणीको वैज्ञानिक रूपलाई बुझेर ऋग्वेदकी ती वागाम्भृणि नामक ऋषिकाले 'आफ्नो महिमाद्वारा महिमामयी भएर मैले यो पृथ्वी र अन्तरिक्षलाई जितिसकेकी छु' भनेकी होलिन् भन्ने मलाई लाग्छ। तिनका पूर्ववर्ती ऋषि वृहस्पतिले यो पृथ्वीमा वाणीको महत्त्वबारे मात्र चर्चा गर्दै 'यो पृथ्वीमा कोही त्यस्ता हुन्छन्, जो नभएमा अन्य कुनै काम हुन सक्दैन र अन्य केही त्यस्ता हुन्छन्, जसको उपस्थितिले बाँकी सबैलाई दुःख दिन्छ' भनेका थिए। यो पृथ्वीलाई नै नाघेर अन्तरिक्षमाथि विजय प्राप्त गर्ने विचार वागम्भृणिको थियो । वृहस्पतिको वाणीले वागाम्भृणिले झैँ यो देश-काललाई नै नाघ्ने कुरा त गरेका थिएनन् नै ।

वागाम्भृणिले देश-काललाई नाघ्ने कुरा त गरिन् तर आफूले त्यस दिशामा प्रयास भने गरेकी थिइनन्। वैदिक वाङ्मयमा कसैले त्यो दिशामा भौतिक प्रयास गरेका देखिँदैनन्। तर..... ।

वैदिक ऋचा र सूक्त तथा मन्त्रहरू अस्तित्वमा आउनेभन्दा केही शताब्दीपहिले नै आर्यहरूले त्यस्ता ऋचा र मन्त्रोच्चारण गर्नुभन्दा पहिले ॐको ध्वनिको आश्रय लिने गरेको देखिन्छ। वाणीको शक्ति र सामर्थ्यलाई बुझ्न थालेकाहरूले आफ्ना लिपिमा ५२ अक्षरको निरूपण गर्दा ॐले कतै पनि ठाउँ पाएको देखिँदैन। ध्वनिबाहेक लिपिको आविष्कार नभएको त्यो अति नै प्राचीन युगमा ॐले आफ्नो ठाउँ लियो– समाजमा नारीप्रधानता त्यो उत्तिकै प्राचीन युगमा प्रारम्भ भइसकेको योगाभ्यासको पद्धतिसित ॐ संलग्न हुने गऱ्यो। स्वरसाधनाबाट योगाभ्यास सुरु हुन्छ। त्यो स्वरसाधनाको प्रारम्भिक अवस्थामा निस्किने स्वाभाविक ध्वनिमा ॐले निवास गर्नु सर्वथा युक्तिसङ्गतजस्तो लाग्छ। कुनै विषयमा गम्भीर चिन्तन गर्नेहरू आज पनि झन्डै त्यस्तै स्वरका ध्वनि मुखबाट निकाल्छन् पनि। मानिसको प्रकृति हो त्यसो गर्नु। ॐको महत्त्व भनी ‘शब्द ब्रह्म’ सित त्यसको व्याख्या गर्नु र वाणीको महत्त्वलाई वागाम्भृणिको मन्त्रमा रहेको महत्त्वसित समीकरण गर्न खोज्नु त्यति सारो अस्वाभाविक नभनौँ। ॐ, शब्द ब्रह्म र वागाम्भृणि ऋषिकाको त्यो ऋचाका अर्थबीच यो समीकरण जानेर गरिएको भने नहोला।

अष्टाङ्गयोगका प्रवर्तक पतञ्जलीभन्दा झन्डै १००० वर्षपहिले नै ॐले प्रणव शब्द ब्रह्मको मान्यता पाइसकेको थियो। उपनिषद्हरूमा पनि यो कुरा प्रस्टै देखिएको हो। पतञ्जली अष्टाङ्गयोगमा ॐलाई ग्रहण गर्दा ॐमा रहेको भनी मान्यता पाइसकेको प्रणव शब्द ब्रह्मलाई तिनले पूरै इन्कार गर्न सक्ने त्यो समय थिएन, तथापि पतञ्जलीले ॐको आध्यात्मिक पक्षलाई किञ्चित् मात्र तर यसको प्राणपक्षलाई बढी ग्रहण गरे।

पतञ्जलीले भन्दा पहिले त्यो माथि भनिएको समीकरणबीच कति हदसम्म औचित्य थियो? थाहा छैन। तर, पतञ्जलीले अष्टाङ्ग-योगको प्राणायामसित ॐको समीकरणमात्र गरेनन् कि ॐको ध्वन्यात्मक अभ्यास गर्नुलाई प्राणायामको अनिवार्य र खँदिलो फलदायी सर्तको

रूपमा स्वीकार गरी निकै नै लामो अवधिदेखि प्रतीक्षारत रहेको व्याख्यालाई मानिसले सधैँदेखि खोजेको सुस्वास्थ्य, रोग निवारण र स्वस्थ जीवनको आधार सर्तको रूपमा प्रस्तुत गरे ।

त्यसरी योगसाधना, प्राणायाम र समाजमा सन्तुलित जीवनसित स्वर, वाणी र ॐको समीकरण गरेर पतञ्जलीलाई, आयुर्वेदलाई नै औषधोपचारको एकमात्र पद्धति होइन कि पतञ्जलीको अष्टाङ्गयोगविधिमा ॐको प्रवेशद्वारा आयुर्वेदले उपचार गर्न नसकेमा रोगव्याधिमाथि पनि योगद्वारा नियन्त्रण गर्न सकिन्छ भन्नेलाई विधिवत् प्रमाणित गरे ।

आयुर्वेदमा वैदिक र सिन्धुसभ्यताको समयदेखि कायम रहेका चरक र सुश्रुत परम्पराले ॐ पुष्ट पातञ्जल अष्टाङ्गयोग-विधिद्वारा द्विजातिहरूमा राम्रो स्वागत र समर्थन पायो । पातञ्जल-योग स्वयम् वर्णव्यवस्थामा आधारित थिएन । चारओटै वर्णभेदबीच पनि काम गरिरहेको पातञ्जल योगमा ॐको प्रवेशले योगलाई शासक द्विजातिबीच आफूलाई सीमित राख्न थाले । वर्णभेदलाई किन स्वीकार गऱ्यो भन्नेबारे विचार गर्नेहरू गर्दै रहून् तथापि ॐकारसित समीकरण गरेर पातञ्जलयोगले स्वयम् योगसाधनालाई बढी सुव्यवस्थित तुल्यायो । यही त्यो लामो समय थियो, जुनबेला आर्यहरूमा वर्णविभेद बढी सक्रिय भई एकप्रकारले धार्मिक मान्यता पनि पाउन थालेको थियो ।

अष्टाङ्गयोगमा ॐको समीकरणले योगसाधनालाई उच्च धरातलमा उठाउने काम निश्चित तवरमा गऱ्यो, यद्यपि वर्णभेदलाई त्यसरी आफूमा ठाउँ दिएर योगसाधनाले आफूलाई 'वर्णभेदवादी' अत: समाजको न्यायिक हितविरोधीसमेत देखाएको थियो ।

आर्यसमाजमा वर्णभेद वैदिक समयदेखि नै रह्यो । शूद्र घृणित वर्ण थिएन, यद्यपि शूद्रको व्यवसायले गर्दा त्यो वर्ण चार वर्णबाट क्रमश: छुट्टिँदै गयो । वैदिक कालमा चाण्डालमात्र ग्राम निष्कासित र अछूत ठानिन्थ्यो ।

यसरी हेर्दा स्वर र वाणीबीच समीकरणले यो सृष्टिमा मानवको उदयनिम्ति जसरी ढोका खोलेको थियो, ॐको सहभागिताले

त्यो समीकरणलाई पतञ्जलीको अष्टाङ्गयोगमा पुऱ्यायो । तर, त्यसो गर्दा त्यसको साथै समाजमा वर्णविभेदलाई पनि पातञ्जलयोगले स्वीकार गर्न पुगेर अन्ततोगत्वा मानवको त्यो उच्च र नयाँ उपलब्धिलाई लामो समयका निम्ति हानिकारक ठहरिन दिएको देखिन्छ ।

पतञ्जलीभन्दा पहिलेका उपनिषद्‌हरूमा ॐले ठाउँठाउँमा गम्भीर परिभाषा र व्याख्या पाएका थिए । तर, योगसित ॐको समीकरणले मात्र योग र ॐ दुवैले आफूलाई समान हितकारी साबित गर्न सके भन्नेमा म हाल विश्वस्तजस्तै छु ।

*२० जेठ २०६४*

# दीक्षित थर नेपालमा डोटीबाट सुरु भएको देखियो :

*– प्रा.डा. राजाराम सुवेदी "ज्याम्वक"*

*[नेपालमा दीक्षित कहलाइने ब्राह्मणहरूको खास थर आचार्य हो भन्ने मान्दै आएका थियौं हामीहरू । तर डा. राजाराम सुवेदीले आजभन्दा ३ सय वर्षअघि पनि 'दीखित' भन्ने थर यो पदवी पश्चिम नेपाल, (डोटी जिल्ला) मा प्रचलित थियो भन्ने प्रमाणित गरेका छन् । त्यो हामीलाई महत्त्वपूर्ण लाग्यो र यहाँ उनको यो सानो लेख प्रस्तुत गरेका छौं । प्रमाणका रूपमा आएको ताम्रपत्रको छाप भने उतिसारो पढ्न सकिने छैन । भए पनि सोसमेत यहाँ हालेका छौं*

*– सम्पादक]*

नेपालका खसहरूको थर दुईप्रकारले रहेको भेटिन्छ–

१. थल वा थलाका आधारमा बनेका थर जस्तै– कोइराली कोटमा बस्ने कोइराला, कुमागाउँमा बस्ने कुमाईं, काँडागाउँमा बस्ने कँडेल, चम्डिलो गाउँमा बस्ने चौलागाईं, लोहाखानीमा बस्ने लोहनी, पराजुलका पराजुली, गोतामका गोतामे, सुवेडाका सुवेदी, रेगमका रेग्मी, चुडीका चुडयाल, फुलोटका फुलारा, टिमिल्सैनका तिम्सिना, खनका खनाल, निरौलीका निरौला, यस्ता धेरै थर ब्राह्मण, क्षत्री, जोगी, भाट, मगर, बाधी, सुनार, कामी, दमाईं, सार्की, डोम, चेपाङ, दराई, माझी, बोटे, राउतेका बनेका छन् ।

२. काम वा पेसाका आधारमा बनेका थर जस्तै– कारबारी = कारकरी खाने कार्की, खड्गसिद्धि भएको खड्का, अधिकारप्राप्त अधिकारी, भण्डारपाल भण्डारी ग्राममुखिया मुखिया, काठको दण्ड लिई सुरक्षा दिने कठायत, बालकदेखि राम्रो ऐरिखेदा गर्ने बलायर, वृद्धावस्थासम्म ऐरिखेदा गर्ने बूढायर वा बूढा, बूढो उमेरसम्म न्यायस्थापना गर्ने बूढथापा, बूढो उमेरसम्म थोकको हाकिम बुढाथोकी, मन्त्रीको जिम्मा पाएको महत, महतारा, राजकुमार कुँवर, थानपति थानी, ढुङ्गाको काममा सिपालु

ओड, काठ कोर्नमा सिपालु चनारो, लोहा ढाल्न सिपालु लोहार कर्मीको नाइके मिझार, शास्त्रको पारख गरी उपदेश दिने अचार्ज, आचारमा रही शास्त्रविवेचना गर्ने आचार्य, बहीखाता स्याहार्ने बहिदार = वैधवार, बैदाङ्गीको काम गर्ने वैद्य, खोप लगाउने भेदुवा, भान्छाको काम गर्ने रौसेरा, ज्योतिषको काम गर्ने जोइसी = जोशी, दीक्षा हासिल गरेको दिषित = दीक्षित आदि ।

माथिका कुरा नमुना मात्र हुन्, सबैको विवरण होइन । यस्ता धेरै थर सबै नेपालीले धारणा गरेका छन् । विशेषगरी डोटीराज्य र त्यसभन्दा पुराना सिजापति खस-राज्य अस्तित्वमा रहेका बेला त्यस्ता थरहरूको उल्लेख पाइएका छन् । उदाहरणका लागि जुम्लाका राजा सिजापति राजका एक सन्तति हंसराज सातसय थाकखोलाका रजवाडा (रजौटा = सानाराजा) भई त्यहीँ बसोवास गर्दागर्दै थकाली कहिए र आजकल त्यो बिर्सेजस्तो हुन गयो ।❖

नेपालमा दीक्षित, दीक्षिताचार्य, आचार्य दीक्षित आदि थर हुने नागरिकहरू बसोबास गर्दछन् । पं. गङ्गाधर शास्त्रीले क्लिष्ट संस्कृतमा लेखी प्रकाशित गरेको वंशावलीमा शिरोमणि आचार्यले सोमयाग गरेपछि थर दीक्षित भएको कुरा थाहा पाइएको छ । हामीलाई थाहा भएसम्मको दीक्षित थर आचार्यहरूको भएको भन्ने थियो । तर दीक्षित थर पहिले पनि लेख्ने परम्परा रहेछ भन्ने कुरा प्रमाणित भएको छ । सेती अञ्चल, डडेलधुरा जिल्ला, डोटीघटाल गा.वि.स. कारीगाउँ निवासी धर्मदेव पन्तको सङ्ग्रहमा रहेको शाके १६२२ वि.सं. १७५७ मा डोटीका राजा मान्धाता शाहीले प्रसारण गरेको एक ताम्रपत्रको बेहोरामा दीक्षित थर जनाउने "दिषित" शब्दको प्रयोग भएको छ । मङ्सिर शुक्लपक्ष एकादशीको पर्व पारी श्रीमहाराजाधिराजरैका (राईका पनि राई = राजाका पनि राजा = महाराजा) मान्धाता शाहीले डुगरीभित्रको माथिपट्टिको गरोरैड्या

---

❖ *ललितजङ सिजापति, रामविक्रम सिजापति, सिजापति वंशावली (ललितपुर: सिजापति कल्याण कोष, २०४२) पृष्ठ, १३, ५४-५५ । सं. बालकृष्ण नेभा, बुकी २, (२०२६) पृष्ठ, ङ- न । सं. किशोर शेरचन, थासाङ (काठमाडौँ : थकाली अनुसन्धान केन्द्र, २०६२), पृष्ठ, २८ - ३३ मा ॐकारप्रसाद गौचनको प्रस्तुति रहेको छ ।*

२.५ साढे दुई बाँझ्खेत भन्ने जग्गा नाली १० मटालका महेश अन्दु पन्तलाई बिर्ता गरिदिएका छन् । सो जग्गा गोपी दिषितको भन्दा माथिल्लो भागमा पर्ने रहेछ । एकादशीका दिन सङ्कल्प गरेको बिर्तादान जमिनका साक्षीमा चन्द्रसूर्य, भूमण्डलका साक्षीमा राजकुमार रघुनाथ शाही, हरिकेश भट्ट, नागर साउद, नैदा भण्डारी, सुरदेउवा, धान्नी बोगटी, राइसिंह विष्ट वैयाल, लेख्ने व्यक्ति साक्षी रथरथ जोशी, अर्का लेखक साक्षी नारद पन्त रहेका छन् । ताम्रपत्रलाई लिखित बेहोराका आधारमा तामाका पातामा अक्षर उत्कीर्ण गर्ने (कुँद्ने) काम साउधा सिंहले गरेको कुरा ताम्रपत्रको अन्तिम बेहोरामा उत्कीर्ण गरिएको छ ।

पश्चिम नेपालका अभिलेखको फोटो लिइयो, फोटोकपी सिसाकलमको प्रतिलिपि छाप झिकी, त्यसलाई पढी देवनागरी लिपिमा पाठ लेख्ने र प्रत्येकको कालक्रमानुसार महत्त्व हेरी ऐतिहासिक व्याख्या गर्ने कार्य पङ्क्तिकारबाट भइरहेको छ । त्यसै सिलसिलामा प्रस्तुत ताम्रपत्र पढ्ने क्रममा दीक्षित थरका विषयमा पनि प्रसङ्ग आएको पाएर यसलाई जस्ताको तस्तै बेहोरा, सिसाकलमले निकालेको प्रतिलिपि निम्नानुसार प्रस्तुत गरिएको छः



*डडेलधुरा जिल्ला, डोटीघटाल गा.वि.कारी गाउँका श्री धर्मदेव पन्थको सङ्ग्रहमा रहेको शाके १६२२ को राजा मान्धाता शाहीको ताम्रपत्र*

**डोटीका राजा मान्धाता शाहीको शाके १६२२ को ताम्रपत्र :**

(१) श्री साके १६२२ समये अगहन सुदी ११ श्री

(२) महाराजाधिराज श्रीरैका मांधातासाहि पादाश्चिरं जयतु श्रीरैका

(३) ज्युपायले मयाचिताई डुगरिमितरकोरको हुनो गडो रैडया

(४) २ ॥ अडाई बजषेतभितर गोपि दिषितको हुनो नालि १० म

(५) टाल महेस अदुपंथले संकल्प गरी पायो अत्रसाक्षी चं

(६) द्रसुर्य भुमंडलकासाक्षी श्रीरघुनाथ साहीगोसाइ——

(७) ज्यु हरिकेस भटीज्यु नागरसाउन नैदा भडारी सु

(८) र देउवा धांनि वोगटि राइसिंग विष्ट वैयाललिषित सा

(९) श्री दसरथ जोइसिलिषितं पंथनारद कडारित साउधा

(१०) सिं

स्रोत : डडेलधुरा जिल्ला डोटीघटाल गा.वि.स. कारीगाउँ निवासी धर्मदेव पन्तको सङ्ग्रहमा रहेको ताम्रपत्रका आधारमा



# म.पु.गु. निबन्धलेखन

*[मदन पुरस्कार गुठीले गत पचास वर्षदेखि गर्दै आएका मध्ये थप एउटा महत्त्वपूर्ण काम भनेको रानी जगदम्बाले उपलब्ध गराइदिएका दुइटा 'मेडिकल सिट' मा विद्यार्थी छानेर पठाउने पनि हो। यो छनोट प्रक्रिया पैले सरलै भए पनि प्रत्याशी विद्यार्थीको चाप बढ्दै गएपछि अलिअलि गर्दै बढीबढी प्रतिस्पर्धात्मक पार्दै लगेको छ गुठीले। पैलेपैले युनिभर्सिटीहरूले दिएका मार्क (लब्धाङ्क)का आधारमा छानिने भए पनि ऐले निकै वर्षदेखि गुठीले छुट्टै लिखित परीक्षा गरी-गराई त्यसका आधारमा छान्ने गरेको छ। त्यस्तो परीक्षा भनेको १०० पूर्णाङ्कका प्रश्नपत्रहरू बनाई त्यसमा जाँच लिएर पहिलादोस्रा ठहर गरिने हो। त्यस्तो १०० पूर्णाङ्कमा ८० अङ्क विज्ञान विषयलाई दिएर २० अङ्क नेपालीका लागि छुट्ट्याइएको हुन्छ। त्यो बीस अङ्कका लागि विद्यार्थीले परीक्षाहलमै एउटा निबन्ध लेख्नुपर्छ। निबन्ध लेख्नलाई ४ ओटा शीर्षक दिइएको हुन्छ र विद्यार्थीहरूले आफूखुसी कुनै एक शीर्षकमा लेख्नुपर्छ। यस वर्ष गुठीको यो 'मेडिकल परीक्षा'का लागि जम्मा १६४ जना प्रतिस्पर्धी उपस्थित थिए। दिइएका ४ शीर्षकहरूमध्ये 'नेपालको सुन्दरता'मा नै धेरैले कलम चलाएको देखियो। त्यसपछि 'नेपालको इतिहासमा नयाँ मोड'मा र अनि पछि 'साइबर युग' छानेका छन्– केहीले। जम्मा दुई जना विद्यार्थीले मात्र उखानमूलक शीर्षक अर्थात् 'काम साँची आफूलाई, खाना साँची अरूलाई' भन्ने शीर्षक रोजेका रहेछन् र ती दुईले पनि निकै कम नम्बर पाएका रहेछन्। त्यसै हुँदा त्यो शीर्षकलाई छाडेर अरू निबन्ध लेख्ने उत्कृष्ट आठओटा कापीका (विद्यार्थीका) निबन्धहरूलाई हाम्रा पाठकहरूसामु पस्कने जमर्को गरेको छ, यसपटक 'नेपाली'ले। यसअघि २०६१ सालमा (पूर्णाङ्क १७८मा) पनि हामीले म.पु.गु. निबन्धलेखन भनी त्यस वर्षका विद्यार्थीका चारओटा निबन्ध छापेका थियौँ।*

*भन्नु नपार्ला, यसपटकका यी निबन्धहरू कुनैकुनै निक्कै राम्रा छन्। महाकविले भनेजस्तै 'पछिका बढ्ती देखाई उठ्छन् हिउँका*

*टाकुरा'। यी विद्यार्थीमध्ये कोही त पछि ठूलै 'निबन्धकार' साहित्यिक होलान् भन्ने आशा लाग्छ ।*

*तर दुःख लाग्ने कुरा पनि बताइदिनुपर्छ । नेपालीमा यत्ति राम्रा निबन्ध लेख्ने यीमध्ये कोही पनि यसपटकको डाक्टरी पढ्न जाने छनौटमा परेनन् । यसपटक छानिने दुई जनाका नाम यस अङ्कको पहिलै पृष्ठमा छन् । – क.दी.]*

## नेपालको सुन्दरता

*– मनोहर पी. भण्डारी*

### (क) विषय-प्रवेश

नेपाल ! सुन्दर, शान्त, विशाल। विश्व मानचित्रमा एक सानो विन्दुजस्तो देखिने नेपाल आफैमा विशाल छ, शान्त छ अनि सुन्दर छ । नेपाल दक्षिण एसियाका दुई ठूला मुलुक भारत र चीनका बीचमा रहेको छ। भौतिक रूपमा सम्पन्न र समृद्ध नभए पनि अन्य यावत् विशेषताहरूले नेपाल सुसज्जित छ । भौतिक र आर्थिक दृष्टिकोणले समेत अनेकौं सम्भावनाहरू बोकेको यस मुलुकमा यी क्षेत्रहरूमा भने आशातीत प्रगति हुन सकेको छैन। प्राकृतिक छटा, सांस्कृतिक विविधता, परम्परा, रीति-रिवाज, रहन-सहन, भौगोलिक संरचना तथा ऐतिहासिक महत्त्वका वस्तुहरू यत्रतत्र देख्न पाइनुका साथै विश्वमा नै दुर्लभ मानिने चराचुरुङ्गी, पशुपक्षी, र विश्वसम्पदासूचीमा परेका विभिन्न राष्ट्रिय निकुञ्जहरू र मठ-मन्दिरहरूसमेत यहीँ नै रहेका छन् । जलस्रोतमा विश्वमा नै दोस्रो स्थानमा रहेको छ नेपाल। विश्वकै अग्ला हिमचुचुराहरूले नेपालको सुन्दरता र गौरवमा अरू बढी टेवा पुऱ्याएका छन् । अरू भन्नुपर्दा 'सगरमाथा' जस्तो विश्वकै सर्वोच्च शिखरको नामै सुन्दासमेत हामी नेपालीहरू प्रफुल्लित हुन्छौं । यसरी विभिन्न प्राकृतिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक दृष्टिकोणले समेत उत्कृष्ट रहेको नेपालको जति वर्णन र महिमागान गरे पनि त्यो अपूरो हुन्छ ।

विश्वमा नै एक शान्त मुलुक भनी चिनिएको छ नेपाल । विगत एक दशकमा हत्या र हिंसाका घटनाहरू घटे तापनि अहिले

त्यो समस्या समाधान भएको छ। "वादे वादे जायते तत्त्वबोध:" भन्ने कथनलाई शिरोधार्य गरी विद्रोह गरिरहेका माओवादी पक्ष र सरकारी पक्षबीच भएको शान्तिसम्झौताले नेपालीहरू शान्तिप्रेमी रहेको तथ्यलाई पुष्टि गरेको छ। तसर्थ नेपाल अहिले ऐतिहासिक कालखण्डको एक नौलो मोडमा उभिएको छ। यसबीच ठप्पप्राय रहेका विकासका कार्यहरूले छिट्टै गति लिनेछन् भन्ने सम्पूर्ण नेपालीहरूको विश्वास रहको छ। अनि नेपालको सुन्दरतामा अझ वृद्धि हुनेछ। यसका निम्ति सम्पूर्ण नेपालीहरू एकजुट भई लाग्नु अपरिहार्य छ। हिमाल होस् वा पहाड अथवा तराई, सबै क्षेत्रका मानिसहरूमा एकता हुनुपर्दछ। अहिलेको सङ्क्रमणकालीन अवस्थामा त झन् राष्ट्रिय एकताको टड्कारो आवश्यकता रहेको छ। अन्यथा देशविकास कार्यमा विभिन्न बाधा-व्यवधानहरू देखा पर्दछन्।

तसर्थ देशलाई अझ सुन्दर र समुज्ज्वल बनाउन सम्पूर्ण नागरिकहरूको उत्तिकै आवश्यकता पर्दछ।

### (ख) विश्वमै अलग पहिचान बोकेको नेपाल

विश्व-समुदायमा नेपालको अलग्गै पहिचान छ। सुन्दरताका दृष्टिकोणले होस् या अन्य विविध पक्षहरूले, विश्वका अन्य मुलुकहरू-समेत नेपालप्रति मन्त्रमुग्ध हुने गरेका छन्। हजारौँ विदेशी पर्यटकहरू यहाँ रमाउन बर्सेनि आउने गरेका छन्। उनीहरू सगरमाथाको उच्च शिर देखी नतमस्तक हुन्छन् अनि विभिन्न प्राकृतिक सौन्दर्य र छटाहरू देखेर लालायित हुन्छन्। भगवान् गौतम बुद्ध यहीँ नेपालमै जन्मिएका थिए, जसलाई 'शान्तिका दूत' भनेर सारा विश्वले जान्दछ। भृकुटी, सीता, राजा जनक, बलबाहु, पासाङ ल्हामु शेर्पा, अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुँवर, महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता महान् हस्तीहरू यहीँ जन्मिए, अनि देशको शिर उच्च राख्ने कार्यमा सदा लागिपरे। विभिन्न बाइसे र चौबीसे राज्यहरूमा विभक्त नेपाललाई एकीकरण गर्ने महान् कार्य राजा पृथ्वीनारायण शाहले गरे। अमर सिंह थापा, भक्ति थापा जस्ता साहसी योद्धाहरूले राष्ट्रिय अखण्डतालाई कायमै राखे। भृकुटी, सीता, पासाङ ल्हामु शेर्पाजस्ता नारी-पात्रहरूको भूमिकासमेत प्रशंसनीय छ।

हजारौँ ताल-तलैया, नदी-नाला, झरना, हिमनदी इत्यादि आकर्षणका केन्द्रविन्दु बनेका छन् । वनजङ्गल तथा राष्ट्रिय निकुञ्जहरूमा पाइने दुर्लभ वनस्पति, जीवजन्तु र पशुपक्षीहरूले देशलाई अझै सुन्दर बनाएका छन् । विभिन्न मठ-मन्दिर, देवल र सांस्कृतिक धरोहर बनेर रहेका ऐतिहासिक दरबार, सङ्ग्रहालयहरू हाम्रा पेवा-सम्पत्ति हुन् । भौगोलिक विविधता सँगसँगै भिन्न परम्परा, संस्कृति, रहन-सहन र मातृभाषाहरूसमेत भिन्न रहेका छन् । हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजित नेपाल हरेक क्षेत्रमा उत्कृष्ट छ । यहाँको राष्ट्रिय झन्डासमेत विश्वमै अलग नमुनाको रूपमा रहेको छ । राष्ट्रिय पशु गाई, राष्ट्रिय पक्षी डाँफे, फूल लागीगुराँस, रङ सिम्रिक र हतियार खुकुरी नेपाललाई चिनाउने परिचायक हुन् ।

नेपालका जनताहरू कर्मठ छन्, आत्मनिर्भर छन् अनि दयालु र मिलनसार छन्, कसैसँग झै-झगडा गर्न सिकेका छैनन् । नेपालीहरूका यस्तै विशेषताहरूले गर्दा नै नेपालको अन्य मुलुकहरूसँगको सम्बन्ध पनि प्रगाढ छ । त्यसकारण कुनै मुलुकले पनि नेपाललाई अहिलेसम्म गिद्धे-दृष्टिले हेर्न सकेको छैन । यसरी नेपाल आफैमा विशाल र भव्य छ । विश्वका यावत् विशेषताहरू यहाँ देख्न अनि अवलोकन गर्न पाइन्छ । त्यसैले 'नेपाल आफै एक विश्व हो', 'Nepal : A World of It's Own भन्नु युक्तिसङ्गत हुन्छ ।

**(ग) उपसंहार**

विश्वमै छुट्टा पहिचान बोकेको एसियाली मुलुक नेपालको महिमा गाई नसक्नु छ । भौतिक वा आर्थिक दृष्टिले ज्यादा धनी नभए पनि अन्य क्षेत्रहरूमा यसको स्थान सर्वोच्च छ । प्राकृतिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक र भौगोलिक विविधता रहेको नेपाल सुन्दर छ, शान्त छ, अनि विशाल छ । विश्वमै महत्त्वपूर्ण स्थान ओगट्ने वस्तुहरू यहाँ रहेका छन्, तीमध्ये सर्वोच्च शिखर सगरमाथा, शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध आदि केही हुन् । परापूर्वकालदेखि नै नेपालीहरूले वीरता र देशप्रेमको उत्कृष्ट नमुना पेस गर्दै आएका छन् । जस्तोसुकै विपत्ति आइपरे पनि कत्ति विचलित नभई र हरेस नखाई समस्या सुल्झाउने नेपालीहरूको बानी छ । उनीहरू मिलनसार र सहयोगी पनि छन् ।

नेपालको सुन्दरतामा अझ निखार ल्याउन यहाँ रहेका ताल-तलैया, नदी-नाला, मठ-मन्दिर, जङ्गली पशुपक्षीहरू, दुर्लभ वनस्पतिहरूले समेत महत्त्वपूर्ण भूमिका खेलेका छन्। हिमालमा रहेका हिमशृङ्खलाहरू हुन् अथवा तराईका चारकोसे झाडी हुन्, ती सबै नेपालका गहनाहरू हुन् । तिनीहरूको संरक्षण गर्नु हामी सबै नेपालीको दायित्त्व अनि कर्तव्य हो ।

यसरी सबैले गुणगान गर्दै आएको नेपालको सुन्दरतामा खलल नपुऱ्याउन र यसलाई अझ बढी निखार्न सम्पूर्ण नेपालीहरू एकजुट भई लाग्नुपर्दछ । झिनामसिना कुराहरूमा नअल्झिएर देशविकास कार्यमा लाग्नुपर्दछ, यही नै समयको माग पनि हो । देशका सांस्कृतिक, प्राकृतिक र अन्य महत्त्वका वस्तुहरूको जगेर्ना र सही प्रयोग हुनुपर्दछ । अनिमात्र नेपालको सुन्दरतामा अझ वृद्धि हुनेछ र हामी नेपालीहरू देशको शिर उच्च राख्न सफल हुनेछौँ । अन्यथा हामी अनेपाली ठहरिनेछौँ । इति ।

## नेपालको सुन्दरता

*– विष्णुप्रसाद अधिकारी*

सात दिनको पोखरा बसाइपछिको मन धेरै भारी भएर आएको थियो । पिताजीले बस चढ्नुअगाडि गरेको अभिवादनलाई गाडीभित्र छिरिसकेपछि केही बेर आँसु बहाएर सम्मान प्रकट गरेँ । जब म टाढिँदै थिएँ, मेरो माछापुच्छ्रे अदृश्यतर्फ धकेलिइरहेको थियो। म सधैँ सयर गरिरहने फेवाताल अब कुन जुनीमा भेटिन्छ, म आफैँ स्तब्ध थिएँ। यस्तो पनि लाग्यो, देशकै एउटा सानो कुनाबाट अर्को कुनामा जाँदा त यस्तो महसुस हुन्छ, नेपाल नै छाडेर जानुपर्दा म कुन श्वासले बाँचिरहन सकुँला ? आफैँ स्तब्ध हुन्छु ।

गुरुले नवौँ कक्षामा 'घरको माया' भन्ने भीमनिधि तिवारीको एकाङ्की व्याख्या गरिरहँदा यस्तो सोच्थेँ– साहित्यकारहरू कुन प्राणमा बाँच्दछन्, सन्तुष्टि या मोह ? जन्मभूमिको मोहप्रति समर्पित यस एकाङ्की कुन क्षणमा जन्म्यो ? अहिले बल्ल आफैँ उत्तरहरू देख्दै छु । तिवारी पनि घर छाड्नुपर्दा धेरै रोएको हुनुपर्छ । मनमा

यही कुरा खेलिरहन्छ घरको माया...... घरको माया...... घरको माया...... ।

भौतिक सम्पन्नताका हिसाबले राजधानी बेजोड बोल्छ, अवसरहरू शरीरका कोष र तन्तु जस्तै छन् तैपनि मन किन उही जकडिएको, अनकन्टार बस्तीहरूप्रति झुक्तछ, आफैँ सोच्न जान्दिनँ । यहाँ त मात्र २०० किलो मिटरको भेद खोजिरहेछु । यदि भोलि युरोप हानिनुपर्‍यो भने म किन अगाडि डेग सार्दिनँ ? परिवारको मोहले ? होइन, देशमा शान्तिको रौनक छाएकाले ? होइन, भर्जिनियाको राक्षसको डरले ? होइन । म यो कारणले नेपालमै लेट्छु- सुन्दरता...... सुन्दरता...... सुन्दरता ।

थाहा छैन, कुन तत्त्वले मनमा जरा गाडिरहेछ तर म देशकै माटोले बनेको पुञ्ज हुँ । तिनै हिमाल, पहाड, गाउँ-बेसी, छाँगा-छहरा, झरना, तारकङ्मा बहिरहेको मादी नदी, घान्द्रुकमा देखिने प्राकृतिक मनोरमता, सराङकोटको सिरेटो...... उफ्...... नोस्टाल्जिया जीवनको सबभन्दा ठूलो कमजोरी हुन सक्दछ तर म यही सोचिरहन्छु । म डाँडामा उम्रेका घाँस र पोथ्रा सुँघ्न नपाएर ८० प्रतिशत सबलता घटाइरहेछु । मेरो भावभङ्गिमामा त्यही अनुभव घोत्लिरहेछु, जुन प्राप्त गर्न यति लालायित छु, मानौँ चरा भइदिएको भए ।

विद्यालयको आकृति कोर– धेरै सजिलो, भित्रको बयान गर– त्यो झनै सजिलो । तर मेरो याम्दी नदीलाई अक्षरमा उतार्न सक्तिनँ । लेकमा उक्लँदा कुन श्वास बहेथ्यो, त्यो पनि भन्न सक्तिनँ । छत्रे देउरालीमा बसेर सुसेली हाल्दा कुन अमरताले छोयो, त्यो पनि बक्न सक्तिनँ । त्यसैले मेरो हिमालको नाम हिमाल नै हो । धम्पुसमा रहँदा कस्तो भान भयो, यहीँ अनुभव गर्नुपर्छ । त्यसैले, प्रकृति र मन, मन र अक्षरहरूको तादात्म्यता खोज्न म इन्साइक्लोपेडिया पनि पूर्ण देख्तिनँ । जहाँ सुन्दरताको चित्रण गर्न म उभिन खोज्तछु, त्यहाँको भूमिले पुरिन्छु । त्यसैले आफ्नो जन्मथलो छाडेर हिँड्नुपर्दा म बारम्बार रोइरहन्छु किनकि म त्यो हृदयमा बौरिरहन्छु, जसको स्पर्श केवल प्रकृति र सुरम्यतासँग मात्र जडित भइरहन्छ ।

हजुरआमा पटुकीमा मकै पोको पार्दै गाई चराउन सराङकोट उक्लेकी, हजुरबुबा पनि टुकी लिएर अन्धकार छिचोल्दै, वेद पाठ गरिरहेका, सानी बहिनी पाठा चराउन थाङ्जाकोट उभिएकी– मेरो लागि यी सबै सुन्दरता हुन् । क्यामरा लिएर, ह्याट भिरेर, हिप्पी भेषमा ठाँटिएर म प्राकृतिक मनोरमता खोज्न सक्तिनथेँ, सक्तिनँ ।

टाइफाइडले च्याप्दा म छतमा बसेर माछापुच्छ्रेको सुरम्यता गम्दथेँ, मलाई त्यहीँ आनन्द मिलेथ्यो । तर ज्वरो आउँदा मात्रै पनि म टेक्सासमा मरिरहन्छु । सुन्दरता र मनोरमता बुझ्ने कैफियत ममा यही नै हो । त्यसैले प्रकृति हेर्दा म दुर्बल हुँदिन, चिसाखोलामा प्रत्येक-पटक डुबुल्की मार्दा म एक डलरको सन्तुष्टिको अभिव्यञ्जना गरिरहेको हुन्छु । तर कोही सोधोस्, प्रकृतिको मूल्य के ? म फेरि एक डलरकै सन्तुष्टि गुमाइरहन्छु । त्यसैले एक्लै बसेर म उकाली-ओरालीका कथा सम्झिरहन मन पराउँछु । आफ्नो देशको सुन्दरता बुझ्ने हृदयलाई झनै विराट् बनाउन चाहन्छु । र त प्रकृतिलाई गुरु थापेँ ।

हो, प्राकृतिक मनोरमता बुझ्ने हृदय खोज्नुपर्दा म बिल गेट्स हुँ तर त्यही मनोरमतालाई व्याख्या गर्न र पुस्तक कोर्न  म एक कौडीको पनि मूल्य होइन । आफू प्रकृति बोल्न खोज्दा, मेरा हिमालहरू पग्लँदै जान्छन् कि भन्ने डर सधैँ लागिरहन्छ । देशको सुन्दरताको परिभाषा यो भनेर मास्टर कुर्लंदा मेरा पाखापखेरुहरू ओइलाउँछन् भन्ने त्रासले म भड्किरहन्छु ।

त्यसैले म प्रकृतिसँग बोल्दिनँ, बोल्न लगाउँछु । प्रकृतिको सामीप्यता ममा होइन, मेरो सामीप्यता प्रकृतिसँग चाहिरहन्छु । नत्र, भरे फेरि मध्यरातमा मेरो माटाको मनमोहकता रोइरह्यो भने के म मानव हुन सक्छु ?

अस्तु ।

# नेपालको सुन्दरता

*– वैकुण्ठ चौलागाईं*

"सुन्दर, शान्त विशाल !" हाम्रा महान् साहित्यकारहरूले नेपाललाई दिएको उपनाम हो यो। सबै नेपालका वर्णनकर्ता हुन् या विद्वान् कलाकार हुन् या साहित्यकार, नेपालको सुन्दरतालाई सबैले आफ्ना-आफ्ना क्षेत्रबाट उत्तिकै महत्त्वका साथ बयान गरेका छन्। स्वदेशीमात्र होइनन्, विदेशी कलाकर्मी र साहित्यकारहरूलाई समेत यसले मोहित पारेको छ। नेपालको सुन्दरतालाई भौगोलिक पाटोबाट मात्र दर्साउँछु भनेर कोही लाग्छ भने त्यो उसको मूर्खतासिवाय केही पनि होइन।

मलाई त नेपालको सुन्दरताको बारेमा कल्पना गर्दा कल्पवृक्षलाई स्वर्गबाट ल्याएजस्तै यसलाई पनि कुनै देवदूतले सजाएका हुन् जस्तो लाग्छ। केवल दुई सय किलोमिटर दूरीमा नै तल्लो गरम तराईको फाँटदेखि संसारकै अग्लो शिखर नै यसै मुलुकमा पर्नुले कुनै पनि विचारको राजालाई यो निचोडमा नपुऱ्याउला भन्न सकिन्न। संसारकै सबैभन्दा अग्लो चुचुरो सगरमाथामात्र होइन, संसारकै सबैभन्दा होचो उपत्यका र गल्छी पनि यहीँ छन्। संसारको सबैभन्दा अग्लो ठाउँमा रहेको तिलिचो ताल र च्छोरोल्पा हिमतालको बयान गर्ने हो भने बैकाल र अमेरिकाको टिटिकाकाताल नै तुच्छ हुन्छ।

यसरी सबै अग्ला र होचा पर्वत र खोँचले सुसज्जित यो भूमिलाई 'ल्यान्ड अफ सुपरलेटिभ' नभनेर यो संज्ञा अन्य महादेशलाई दिएको देख्ता मलाई दुःख लाग्छ। नेपालका एकएक ठाउँको व्याख्या गर्ने हो भने यात्री मार्कोपोलो र कोलम्बसका संस्मरण एकै ठाउँमा पूरा हुन्छन्। मुगुको राराताल होस् या पोखराको फेवाताल, पाल्पाको नन्दभाउजूताल होस् या रुकुमको सुकेताल, कसैको आँखाले पनि सौन्दर्यको लेखाजोखा गर्न सक्तैन। ह्यातुङजस्ता झरना यहीँ छन्। मनाङ र मुस्ताङमा सभाना र साहारा मरुभूमिका अनुकरणहरू प्रशस्त भेटिन्छन्। खुम्बुजस्तै हिमनदी यहीँ छ। नेपालका सौन्दर्यका गहनाहरू अरू विश्वमा खोज्नुपऱ्यो भने त एउटा पारखीले आफ्नो जीवनकालमा पनि पूरा गर्न सक्तैन। लक्ष्मीप्रसादले 'के नेपाल सानो छ ?' मा

लेखेका छन्– 'सानो छ तर आफैमा विश्व छ ।' यो उक्ति सुन्दा मलाई लक्ष्मीप्रसादले नेपाललाई दिएको छोटो चिनारीझैँ लाग्छ । अनेकौँ आँधी र सुनामी ल्याउने समुद्रसँग नाता गाँस्नुभन्दा आफ्नै ताल र तलैयामा यसले आफ्ना सन्तानलाई भरणपोषण गरेको छ । विश्वका महादेश र ठूलाठूला देशले निर्माण गर्न नसकेका धरोहर त यसलाई प्रकृतिले उपहार प्रदान गरेको छ । यसरी सबै भौगोलिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपालको सुन्दरतामा कोही प्रश्न गर्छ भने तपाईं त्यसलाई के भन्नुहुन्छ ?

भौगोलिकमात्र होइन, सांस्कृतिक धरोहरहरूले पनि नेपालको सुन्दरतामा साथ दिने काम गरेका छन् । भीमसेन थापाले बनाएको धरहरा विश्वमाऽ पेरिसको आइफेल टावरभन्दा प्यारो छ । पाटनको कृष्णमन्दिर कम्बोडियाको मन्दिरभन्दा प्यारो छ र मानदेवको चाँगुनारायण रसियाको मदरल्यान्डभन्दा सुन्दर छ । अरू के चाहियो, विश्वका विजेता अशोकले सम्म यसको सुन्दरताको खातिर आफ्नो स्तम्भ यहीँ छाडेका छन् । गौतम यहीँ जन्मिए । भगवान् पशुपतिनाथ यहीँ छन् । स्वयम्भूका आँखाले यहीँ नै मार्गदर्शन गर्छन् । सीता यहीँ जन्मिइन् । भृकुटी यहीँकी सुपुत्री हुन् । यसरी यसले सांस्कृतिक सुन्दरताको दौडमा पनि विश्वलाई धेरै पछि पारेको छ ।

नेपालको भौगोलिक र सांस्कृतिक धरोहरमात्रै होइन, यहाँका मानिसको मन, वचन र कर्मको सुन्दरता त झन् विश्वले नै देखेको छ । बुद्ध नेपालकै थिए । तेन्जिङ नोर्गे नेपालमै जन्मिए । 'अतिथि देवो भवः' भन्ने नाराका साथ हिँड्ने यहाँका बासिन्दा त देशको लागि गहनै साबित भएका छन् । यहाँका झाँकी, जात्रा, चाडपर्व र रीतिरिवाजले त झन् वसन्तमा कोइलीको स्वरले वन सजाएझैँ यहाँको सांस्कृतिक परम्परालाई सजाएको छ । मागेर मीठो र चोरेर राम्रो लाउने बानी नभएका यहाँका सुपुत्रसुपुत्री आफ्नै धर्ती चिरेर अन्न उब्जाउँछन् र आफ्नो भरणपोषण गर्छन् । केको कमी छ यहाँ ? संसारले पुजेर राख्ने व्यक्तित्व त यहाँ कदमकदममा भेटिन्छन् । धार्मिक सहिष्णुताले भरिपूर्ण यो देशको यो महिमा स्वर्गका अप्सरा पनि गाउँछन् ।

पलपल र पाइलापाइलामा सुन्दरता भेटिने नेपालले आफ्नो सुन्दरतालाई विश्वसामु नै देखाइरहेको छ। खाँचो छ त हामीजस्ता कर्मठ युवाको। आफ्नो देशले आजसम्म आफूलाई विश्वमा चिनाएर र उपस्थिति गराएर पाएको सम्मान, प्रतिष्ठा र गौरवलाई हामीले भुलेर व्यक्तिगत स्वार्थमा लाग्यौँ भने हाम्रो देशको सुन्दरताको के गति होला ? बरु हामी एकआपसमा फुटेर हैन, जुटेर देश निर्माणमा लाग्नुपर्छ। हाम्रा पुर्खाले हामीलाई छाडेर गएको यो नासो हामीले हाम्रा सन्ततिलाई अझ सुन्दर बनाएर र सिँगारेर जिम्मा लाउनुपर्छ। अनि मात्रै हाम्रो देशप्रेम र सुन्दरता झल्किन्छ।

"सत्यम् शिवम् सुन्दरम्" भनेझैँ हाम्रो देशमा सत्यता छ, यसैले हामीलाई दैवी गुण प्रदान गर्छ र हामी सुन्दर छौँ। यो सुन्दरतालाई गुम्न नदिनु तपाईं हाम्रो कर्तव्य र जिम्मेवारी हो। यो सबैले पूरा गरौँ। अनि मात्र हाम्रा सन्ततिले नेपालको सुन्दरतामा निबन्ध र पूरा महाकाव्य लेख्न पाउँछन्, नत्र यो केवल पुराण बन्छ।

## नेपाली इतिहासको नौलो मोड

*– अनुप पण्डित*

नेपालको राजनैतिक इतिहासलाई हेर्ने हो भने यसलाई घटनै घटनाले सजिएको पाउँछौँ। २३७ वर्षको लामो सक्रिय राजाको शासनपछि अहिले नेपाल नयाँ युगमा प्रवेश गरेको छ। जनताको स्वतन्त्रताप्रतिको चाहना दशकौँदेखि प्रकट हुँदै आएको थियो र यसले अहिले मात्र मूर्त रूप पाएको छ। २००७ सालको जनआन्दोलन-मार्फत जनताले निरङ्कुश राणा शासनलाई बेकम्मा तुल्याइदिए। त्यस्तै २००७ सालमा नै छिमेकी राष्ट्र भारतलाई साक्षी राखेर राजा त्रिभुवनबाट संविधानसभाको चुनाव गर्ने र त्यसैमार्फत गणतन्त्रमा जान सक्ने अधिकार नेपाली जनताले पाएका थिए। तर राजतन्त्रको निरङ्कुश बन्ने चाहनाले यसलाई सफल हुन दिएन र यसलाई आलटाल गरी टारियो। वि.सं. २०१५ सालमा राजा महेन्द्रले आफै संविधान बनाई सक्रिय राजाको शासन स्थापित गरे। २०४६ सालको जनआन्दोलनपछि संवैधानिक राजतन्त्रको निर्माण गरियो। साथै

संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई अपरिवर्तनीय भनी उल्लेख गरियो । राजा, काङ्ग्रेस र वाममन्थीका सदस्यहरूबाट नयाँ संविधानको निर्माण गरियो। यसले जनताको स्वतन्त्रताप्रतिको चाहनालाई सम्बोधन त गऱ्यो तर राजतन्त्रलाई सक्रिय हुने मौका पनि दिलायो । फलस्वरूप वि.सं. २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्री शेरबहदुर देउवालाई अपदस्थ गरी शासनसत्ता आफ्नो हातमा लिए । राजाबाट मन्त्रिपरिषद्को अध्यक्षता गर्नेसम्मका काम भए। देशमा प्रतिगमनको आभास हुन थालेपछि सात राजनैतिक दलको शान्तिपूर्ण आन्दोलनको क्रम अघि बढ्यो। वि.सं. २०५२ साल फाल्गुन १ गतेदेखि संविधानसभाको मागसहित सशस्त्र आन्दोलनमा उत्रेका माओवादीको मागप्रति सात राजनैतिक दल सकारात्मक हुन गए र वि.सं. २०६२ मङ्सिर ७ गते माओवादी र सात राजनैतिक दलबीच १२ बुँदे समझदारी भयो, जसमा जनआन्दोलनको बलबाट विघटित संसद्को पुनर्स्थापना गरी त्यसैको निर्णयबाट सर्वदलीय सर कार गठन गरेर १० वर्षको माओवादी सशस्त्र जनआन्दोलनलाई दिगो निकास दिने र संविधानसभाको निर्वाचन गर्ने सहमति भयो। वि.सं. २०६२ र २०६३ को १९ दिने लामो जनआन्दोलनपछि राजाले शाही घोषणामार्फत संसद्को पुनर्स्थापना गर्न भनेपछि सात राजनैतिक दलको मागले मूर्त रूप पायो ।

अहिले देशमा संविधानसभाको निर्वाचनको लागि गृहकार्य भइरहेको छ । संविधानसभा भन्नाले जनताद्वारा निर्वाचित प्रतिनिधि अथवा जननिर्वाचित प्रतिनिधिलाई आफ्नो शासन-व्यवस्थाको बारेमा फैसला गर्ने र त्यसैअनुरूप नयाँ संविधानको निर्माण गर्ने अधिकार दिनु हो। प्रजातन्त्रको मूल मर्म भनेको स्वतन्त्र र सार्वभौम जनता अन्तिम निर्णायक शक्ति हुन्। त्यसैले प्रजातन्त्रको मर्मलाई आत्मसात् गर्दै संविधानको निर्माण तथा अवलम्बन गर्नुपर्छ। संसारका कुनै पनि राष्ट्रमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले आफ्नो शासनपद्धतिको निर्माण नगरेसम्म जनता सार्वभौम र राजकीय सत्ता-सम्पन्न मानिँदैनन्। सार्वभौमसत्ता भनेको जनआन्दोलनको बलबाट प्राप्त एउटा महत्त्वपूर्ण उपलब्धि हो । संविधानसभाको चुनावले सार्वभौमसत्ता जनतामा छ भन्ने कुरा स्पष्ट गर्दछ । अतः जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले

जनताको भावनालाई दृष्टिगत गर्दै नयाँ संविधानको निर्माण गर्नुपर्छ। अन्यथा फेरि देश लगामबिनाको घोडाजस्तै हुन जान्छ । जसरी लगामबिनाको घोडा भयङ्कर हुन्छ, त्यसरी नै देश विकराल परिस्थितिमा गुज्रन सक्छ। यसको ज्वलन्त उदाहरण २३८ वर्ष लामो राजाको शासन हो । अहिले संविधानसभाको निर्वाचनसँगै नयाँ नेपालको अवधारणा पनि आएको छ । निरङ्कुश राजतन्त्रको अन्त गरी सामन्ती- नोकरशाही संयन्त्रलाई धराशयी पार्नु यसको मूल लक्ष्य हो । नेपाली भएर पनि राष्ट्रियता गुमाएका, भाषिक- सांस्कृतिक अधिकार लुटिएका, कमजोर आर्थिक अवस्थाबाट गुज्रिएका बहुसङ्ख्यक जनजाति, उत्पीडित दलितजाति, महिला आदिको राज्यसत्तामा समानुपातिक पहुँच पुऱ्याई यिनीहरूलाई राज्यसत्ताको मालिक बनाउनु यसको मुख्य उद्देश्य हो । अतः नेपाली जनताले रगत बहाएर ल्याएको यस युगान्तकारी परिवर्तनलाई राम्ररी बुझी देशमा प्रचुरमात्रामा रहेको प्राकृतिक सम्पदाको सदुपयोग गरेर नेपाललाई आर्थिक दृष्टिले समुन्नत गराउनु आजको आवश्यकता हो ।

## नेपाली इतिहासको नौलो मोड

*– लक्ष्मी उपाध्याय*

नेपाल सानो छ, सुन्दर छ अनि नेपालको इतिहास पनि छोटो छ तर अफसोस नेपालको इतिहासमा तीता सत्य र मोडहरूको नै बाहुल्यता छ ।

पृथ्वीनारायण शाहको एकीकरणपछि नै नेपालले आफ्नो परिचय भेट्टाएको थियो तर शाह-खानदान र राणा-खानदानसँग जोडिएको हाम्रो देशको इतिहासमा षड्यन्त्र, हत्याबाहेक केही रहेनन्। आजको २१ औं शताब्दीको युगमा पनि हामी नेपाली १६ औं शताब्दीको यथार्थमा बाँच्न बाध्य भएका छौँ । हामीलाई इतिहासले ठगेको छ ।

हो, इस्ट-इन्डियासँग भएको युद्धमा हामीले हाम्रो देशको रक्षा गर्न सकेका थियौँ । त्यो मोड हाम्रो इतिहासमा मीठो मोडको रूपमा रहे पनि हामीले दार्जिलिङ, देहरादून, नैनीतालजस्ता अत्यन्त

सुन्दर स्थानहरू हाम्रा भएर पनि बेलायतीहरूले भारत छोड्दा हाम्रा भनी फिर्ता लिन सकेनौँ । त्यतिखेर फेरि हामीलाई इतिहासले ठग्यो ।

साँच्चै भन्ने हो भने हाम्रा इतिहासका पानाहरूमात्र रगतले रङ्गिएका छन् । त्यहाँ मात्र हत्या र काटमार छ । कहिलेकाहीँ त मलाई यस्तो लाग्छ– हाम्रो इतिहासको रूप कहिले फेरिने ?

म जब इतिहासको पाना पल्टाउँछु, त्यहाँ म सत्ता हत्त्याउन भाइले भाइलाई मारेको देख्छु । नेपाली जनताले सहनुपरेको थिचोमिचो देख्छु । नेपाली जनताका कुण्ठित अधिकारहरूलाई देख्छु । नेपाली जनताका पूरा नभएका विकासका सपना देख्छु ।

सायद समय परिवर्तन चाहन्थ्यो, त्यसैले नेपाली जनताले आफ्ना अधिकारका लागि सङ्घर्ष गरे । शहीदहरूले फेरि एकचोटि नेपाली धर्तीलाई रगतले पोतिदिए अनि योद्धाहरूले आफ्नो वलिदान दिए फलस्वरूप राणाशासन हटेर नेपालमा प्रजातन्त्रको सुनौलो बिहानी आयो २००७ सालमा । त्यसबेला पनि त नेपाली जनताले सोचेका थिए होलान्, नेपाली इतिहासमा एउटा नौलो मोड आयो तर अफसोस त्यही परम्पराको निरन्तरता थियो । नेपालीले राणाशासनबाट त मुक्ति पाए तर नेपालमा राजतन्त्र हाबी भयो ।

नेपाली जनताका सुनौला सपनाहरूलाई भताभुङ्ग पारेर राजतन्त्रले नेपाली जनताको प्रजातन्त्रलाई जेलमा लगेर थुनिदियो । फेरि नेपाली आकाशमा भर्खरै उदाउन लागेको सूर्यलाई कालो बादलले छेकिदियो ।

तर रगतको थोपाले लेखिने बानी बसालिसकेको नेपाली इतिहास चुप लागेर बसेन । प्रजातन्त्रको लागि, स्वतन्त्रताका लागि सङ्घर्ष भई नै रह्यो । २०३६ सालको जनमतसङ्ग्रहले नेपालीलाई राजतन्त्रको तीतो सौगात दिएर गयो ।

फेरि रगतको खोलो बग्यो अनि शहीदहरूको वलिदानले नेपालमा प्रजातन्त्र आयो तर अफसोस नेपालीहरूमा त्यसको रक्षा गर्न सक्ने खुबी थिएन । न त त्यो प्रजातन्त्रले सारा नेपालीले सोचेजस्तो सुनौलो नेपालको सृजना नै गर्न सक्यो । प्रजातन्त्रको अर्थ नै बेअर्थ

हुने शासनसत्ता बन्न थालेपछि नेपाली जनतामा नैराश्य पैदा भयो । यही नैराश्यले माओवादीको जन्म दियो ।

कोतपर्व, भण्डारखालपर्व, अलौपर्वलगायत अनेकौं हत्याकाण्डले नअघाएको हाम्रो राजदरबारमा फेरि अर्को नारायणहिटीपर्व भयो । नेपालीहरूलाई मात्र दुःख दिने यो राजदरबारमा यो घटनापछि नेपाली जनताको कुनै आस्था रहेन । अझ दोस्रोपटक यही राजदरबारले नेपाली जनताको रगतैरगतले ल्याएको प्रजातन्त्र खोसेपछि यो घाँडोको रूपमा मात्र रह्यो ।

माओवादीले नेपाली जनताको अधिकार-प्राप्तिको नाममा हत्या हिंसा बढाउँदै गयो । यदाकदा भएका विकासका संरचना पनि भताभुङ्ग पारियो । सारा देश रगतैरगतमा मुछिएको थियो, जहाँतहीँ हाहाकार र अशान्ति नै अशान्ति थियो ।

यस्तो हाहाकार र भयावह स्थिति सृजना भयो कि नेपाली जनता मृत्युको भय छोडेर सडकमा ओर्लिए । ती २०६३ सालका १९ दिनहरू म जीवनभर बिर्सन सक्दिनँ । जनताका आवाजले आकाश थर्कन्थ्यो, रगतले मातृभूमि सिञ्चित थियो । लाग्थ्यो, सारा नेपाल जागेको थियो । छिनछिनमा शहीदको शरीर नेपालीको मुक्तिको आसमा धर्तीमा ढल्दथ्यो । सारा संसार नै नेपालीको यो अदम्य साहस देखेर चकित थियो ।

आखिर जनताको अगाडि राजतन्त्रले घुँडा त टेक्यो तर फेरि नेपालीको भविष्यसँग सम्झौता गरियो म भन्छु, तर सबै भन्दछन् नेपाली इतिहासले नौलो मोड लियो ।

हो, माओवादी समस्या समाधान भयो तर माओवादीले जनतालाई दिएका आश्वासन र जनताले उठाएका मुद्दाहरू समाधान भएका छैनन् । नेपालमा राजतन्त्रले घुँडा टेकेको छ, म मान्छु तर यो राजतन्त्रले फेरि घुँडा उठाउन सक्छ । राजतन्त्रले घुँडा त २०४६ सालमा नि टेकेको थियो नि । फेरि २०१७ साल दोहोरिन पनि त सक्छ ।

जबसम्म नेपाली जनताले आफ्नो शासन आफ्नो हातमा लिन पाउँदैनन्, जबसम्म उनीहरूले पूर्ण रूपमा स्वतन्त्रता पाउँदैनन्, तबसम्म

नेपाली इतिहासमा नौलो मोड आउँदैन । जबसम्म नेपाली जनताका निर्णयहरू नयाँदिल्ली र वासिङ्टनमा हुन छोड्दैनन्, तबसम्म नेपाली इतिहासमा नौलो मोड आउँदैन । जबसम्म साढे दुई सय वर्षदेखि नेपाली जनतामा रजाइँ गर्दै आएको राजतन्त्रबाट नेपाली जनताले मुक्ति पाउँदैनन्, तबसम्म नेपाली इतिहासमा नौलो मोड आउँदैन ।

नेपाली जनतालाई सुनौलो र विकसित नेपालको सपना त नेताहरूले २००७ साल र २०४६ सालमा पनि त देखाएका थिए तर प्रजातन्त्रको प्राप्तिपछि त नेताहरू कुर्सी र सत्तावादी भए । अपसोस प्रजातन्त्रमा पनि नेपाली जनताले प्रजातन्त्रको अनुभव गर्न पाएनन् । त्यसैले जबसम्म सुनौलो र विकसित नेपालको स्थापना हुँदैन, तबसम्म नेपाली इतिहासमा नौलो आयाम आउँदै आउँदैन ।

हो, क्षणभरका लागि हत्याहिंसा रोकिएको छ । नेपाली जनताले राहतको महसुस गरेका छन् । त्यसैकारण तपाईं भन्नुहोला, नेपाली इतिहासमा नौलो मोड आएको छ तर भोको पेटले शान्ति महसुस गर्न सक्दैन । थिचोमिचो र शोषणबीच शान्ति टिक्न सक्दैन । नाङ्गा आङहरूलाई शान्तिले न्यानो पार्दैन । त्यसैले केही छिनको यो शान्ति फेरि अशान्तिमा बदलिन सक्छ कुनैबेला । त्यसैले जबसम्म नेपाली जनताका गाँस, बास, कपास तथा यावत् समस्याको समाधान हुँदैन, तबसम्म न यहाँ शान्ति नै आउँछ, न त नौलो इतिहास नै ।

लोकतन्त्र आएको छ नेपालमा, त्यसैले नयाँ इतिहास रचिएको छ, नौलो मोड आएको छ भनेर तपाईं भन्नुहोला तर म मान्दिनँ । काठमाडौँमा मात्र शान्ति र लोकतन्त्र आएर पुग्दैन । जबसम्म सारा नेपाली बालबालिकाले पढ्न पाउँदैनन्, तबसम्म नेपालमा लोकतन्त्र आउँदैन । जबसम्म ती हिमालका कुनाकाप्चामा फुल्ने फूलहरूले स्वतन्त्रताका साथ आफूलाई पनि सारा नेपालीका साथ उभ्याउन सक्दैनन्, तबसम्म नेपालमा लोकतन्त्र आउँदैन । जबसम्म कुनै पनि नेपालीले दिउसोभरि काम गरेर पनि बेलुका आधीपेट सुत्न पर्ने दिन हट्दैन, तबसम्म नेपालमा लोकतन्त्र आउँदैन । जबसम्म लिङ्ग, जाति, वर्ग आदिका आधारमा हुने सामाजिक भेदभावहरू सदासदाका लागि हट्दैनन्, तबसम्म नेपालमा लोकतन्त्र आउँदैन ।

अझ भनौँ २५० वर्षदेखि नेपालमा राज गर्ने राजतन्त्र नहटेसम्म लोकतन्त्र आउँदैन। आजसम्म त नेपाली जनता जनता हैनन्, प्रजा हुन् अनि तपाईं कसरी भन्नुहुन्छ, नेपाली इतिहासमा नौलो मोड आयो भनेर ?

यो वास्तविकता हो कि हामी इतिहास-परिवर्तनको सँघारमा आएका छौँ । नेपाली इतिहासमा नौलो मोड आउनै लागेको छ तर यो नआउन पनि सक्छ । कसलाई के थाहा ? २०१७ साल दोहोरिन पनि सक्छ ।

नेपाली इतिहासमा नौलो मोड ल्याउनमा नेपाली जनता र नेपाली नेताको विचारमा परिवर्तन आउनु आवश्यक छ । नेपाली जनतामा शहीदको रगतले छोडेर गएको लोकतन्त्रको सुनौलो सौगातलाई संस्थागत गर्ने सामर्थ्यको आवश्यकता छ । आज नेपाली जनताबीच सहृदयता, मेलमिलाप र एकताको खाँचो छ । आज नेपालमा वैचारिक क्रान्तिको खाँचो छ ।

यसो भएमा मात्र हामीले हाम्रो अधिकार शहीदको नासो लोकतन्त्रलाई संस्थागत गर्न सक्नेछौँ र हाम्रो रगतैरगतले मुछिएको इतिहासलाई एउटा छुट्टै नौलो मोड दिन सक्नेछौँ ।

इतिहासमा नयाँ मोड तब आउनेछ, जब नेपालीनेपालीले तँ कामी, म बाहुन भन्न छोड्नेछन् । नेपाली इतिहासमा पनि विनाशका होइनन्, ठूलाठूला विकासका कथाहरू लेखिनेछन्। अब फेरि नेपालीले आफ्नो अधिकारप्राप्तिको लागि रगतको खोलो बगाउनु-पर्नेछैन ।

हो, त्यो दिन मात्र नेपाली इतिहासमा नौलो मोड आउनेछ, जब नेपाल प्रकृतिको अनुपम वरदान शान्त, सुन्दर र विकसित देशको रूपमा संसारमा परिचित हुनेछ ।

त्यसैले अब नेपालीहरू चुप लागेर बस्ने अवस्था छैन । हामी यो देशको विकासका लागि लाग्नुपर्छ । आफ्नो अधिकार रक्षाका लागि सदा सक्षम हुनुपर्छ । तबमात्र हामी हाम्रा सन्ततिलाई नौलो इतिहासको मीठो उपहार दिन सक्नेछौँ ।

# नेपाली इतिहासको नौलो मोड

*– सञ्जीवराज वाग्ले*

मैले कल्पनासमेत गर्न सकेको थिइनँ कि यति कम वसन्त पार गर्दैमा नयाँ नेपालको सुनौलो मोडमा मेरो देश आइपुग्नेछ। मलाई चमत्कारजस्तै लागिरहेछ, हरेक पल विकसित नेपाली राजनीतिका नयाँ मोड र अवसर अनि खुड्किला देखेर। म त यस कुरामा अचम्मित छु कि आज हामीबाट एकपटक विश्वास अनि भरोसा गुमाइसकेका हाम्रा नेताहरूको चामत्कारिक रण-कौशलता देखेर। आज म मात्र होइन सारा संसार अचम्मित भएको छ, नेपालमा विकसित घटनाक्रम देखेर।

म सम्झन्नँ ती काला १० वर्षे युद्धकालीन अवस्था। काला यसकारण कि त्यही जनयुद्धका कारण करिब १३,००० निहत्था, निर्दोष नेपालीहरूले ज्यान गुमाउनुपर्‍यो। हुन त यसै समयमा नेपालीहरू राजनीतिप्रति केही जागरुक भए। तर यसबीचमा भएका क्षति भौतिक या मानवीय, जैविक या विकासक्रमको क्षति, हामीले यसबीचमा प्राप्त उपलब्धिभन्दा निकै कम छ। माघ १९ या असोज १८ यी पनि नेपाली इतिहासमा काला युगका प्रारम्भ थिए। तर गत साल सम्पन्न १९ दिने जनआन्दोलनले पक्कै पनि ती काला दिनमा उज्यालो ल्याइदिएको छ, ती भावविह्वल नेपालीमा आशाको किरण ल्याइदिएको छ अनि जङ्गल पसेका दाजुभाइलाई हाम्रा आँखाअगाडि ल्याइदिएको छ।

हो, विगत साल नेपालमा आशाअनुरूपको परिवर्तन भएन तर केही परिवर्तन भने पक्कै भएको छ। (Rome wasn't built in a day.) रोम सहर एकै दिनमा बनेको थिएन। गत वर्ष थालनी भएको छ– नेपाली इतिहासको सुनौलो मोडहरू। दिनप्रतिदिन नेपाली जनता सार्वभौमसम्पन्न हुँदै छन्, अधिकार प्राप्ति गर्दै छन्। अधिकार मागेर होइन, खोसेर लिनुपर्छ। यही कुरा चरितार्थ भएको छ यहाँ किनकि आज नेपालीहरू पलपल गरी राजामा निहित अधिकार खोसी स्वयं नेपाली जनतामा सार्दै छन्। अनि १० वर्षे युद्धकालीन अवस्थाको अन्त्य गर्दै माओवादीहरूलाई सडक, सदन हुँदै सरकारमा पुर्‍याएका छन्।

हालसम्म प्राप्त उपलब्धि भनेका यिनै हुन् तर अझै सुनौलो इतिहास कोरिने क्रम रोकिएको छैन। अझ धेरै गर्न बाँकी छ

नेपालीहरूले। जनआन्दोलनको म्यान्डेटअनुसार संविधानसभाको निर्वाचन गरी नेपाली जनताको प्रतिनिधित्व गर्ने नेपाली जनताबाटै संविधान तयार पार्न बाँकी नै छ । संविधानसभाको निर्वाचन भई नयाँ संविधान तयार भएर सम्पूर्ण राजनीतिक दल एकढिक्का भई अगाडि बढेपछि मात्र गत जेठ ४ को प्रतिनिधिसभा घोषणापत्र, मङ्सिर ५ को बृहत् शान्तिसम्झौता अनि माओवादी संसद्-सरकार प्रवेशले मूर्त रूप लिनेछ ।

सङ्क्रमणकाल आफैमा चुनौतीपूर्ण हुन्छ। आउँदो असार ६ मा गर्ने भनिएको संविधानसभा तोकिएकै समयमा हुन नसक्ने भएपछि सङ्क्रमणकाल लम्बिने भएको छ । इतिहास लेखेर मात्र हुँदैन, त्यसलाई जोगाउन सक्नुपर्छ । क्रान्ति गरेर मात्र पुग्दैन, त्यसका उपलब्धिहरू संस्थागत गर्नुपर्छ भन्ने कुरा हामीले विगतका अनुभवहरूबाट सिकेका छौँ। क्रान्ति २००७ साल अनि २०४६ सालमा पनि भएकै हो तर त्यसका उपलब्धिहरू संस्थागत गर्न नसक्दा २०६२-०६३ मा पुन क्रान्ति गर्नुपर्‍यो। अत: यस कुरालाई मनन गरी यस सङ्क्रमणकालीन अवस्थामा सम्पूर्ण नेपाली संयमित भई शोचविचार गरी कदम चाल्नुपर्ने भएको छ ।

तोकिएकै समयमा निर्वाचन गर्न नसक्नु सरकारको कमजोरी त हो नै तर सरकारलाई मात्र दोष दिएर आफू उम्कन खोज्नु पक्कै मूर्खता हुनेछ । यस सङ्क्रमणकालीन अवस्थामा जसरी आदिवासी, जनजाति, मधेसी आफ्ना मागसहित प्रस्तुत भए, त्यो तरिका पक्कै गलत हो तर उनीहरूको जायज माग पूरा गराउनु हामीहरूको पनि कर्तव्य हो । उनीहरूको कुरा नसुनीकनै गरिएको संविधानसभा अपूरो रहन्छ। अत: निर्वाचन पर सर्नाले यी यस्ता कुराहरूमा विचार पुऱ्याउन पक्कै समय मिलेको छ। हामीबीच पनि लुकेका, उब्जिएका अधिकारका प्रश्न उठाउने मौका मिलेको छ ।

मलाई लाग्छ, निर्वाचनका सम्बन्धमा शङ्का गर्नु औचित्यहीन छ किनकि १० वर्षे लामो जनयुद्धलाई त वार्ता-संवादमार्फत यति कम समयमा शान्तिपूर्ण राजनीतिमा परिवर्तन गर्न सक्यौँ भने निर्वाचनजस्तो प्राविधिक कुरा गर्न हामी पक्कै सफल हुनेछौँ । २-४ दिन ढिला

हुँदैमा केही बिग्रन्न। प्रमुख कुरा भनेको सबैलाई समेटी शान्तिपूर्ण, र निष्पक्ष निर्वाचन गराउनु हो ।

इतिहासको यस्तो मोड जता पनि जान सक्छ। हामी नेपाली सजग भएनौँ भने प्रतिगामीहरूले देश पुरानै काला-पथमा डोऱ्याउन सक्छन्, संविधानसभा तुहिन सक्छ, नेपाल सरकार पुनः श्री ५ को सरकार हुन सक्छ। अतः नेपालीहरूले ठन्डा दिमागले सोच्नै पर्छ। मैले/हामीले के गर्दा उचित हुन्छ। देशलाई दिशा/गति दिने हेन्डल हाम्रै हातमा छ। इतिहासको यो मोडलाई सुनौला लिपिमा बाँध्ने कि यत्तिकै राख्ने, सम्पूर्ण कुरामा नेपालीहरूले विचार पुऱ्याउनै पर्छ। इतिहासको यस्तै मोडमा आइपुगेर ओरालो लागेका मुलुकहरू पनि हामीलाई थाहै छ अनि रफ्तार गतिका साथ देशविकास भएका मुलुक पनि थाहै छ ।

म त भन्छु, आऔँ नेपालीहरू एकढिक्का भएर देशविकास गर्न, बिराम गरे नेताहरूलाई खबरदार गर्न, भूल नसच्याए दण्डित गर्न अनि निहुँ खोजे घोक्रेठ्याँक लगाउन । चाहे ज्ञानेन्द्र हुन् या गिरिजा वा प्रचण्ड, गल्ती गरेमा सबैलाई सजाय गर्नै पर्छ। बिराम गरेमा औँलो उठाउनै पर्छ । अनि मात्र देश इतिहासको नौलो मोडतर्फ लम्कनेछ । अनि मात्र सारा विश्व र भावी पुस्ताले थाहा पाउनेछन्, हामीहरूले कसरी माओवादी समस्या, निरङ्कुश राजतन्त्र अनि डामाडोल राजनीति र शून्य विकासक्रमको स्थितिलाई परिवर्तन गरी शान्त, समुन्नत, सार्वभौम नेपालको परिकल्पना गऱ्यौँ। तब मात्र इतिहासको यो मोड सुनौलो अक्षरमा लेखिनेछ ।

## साइबर-युग

*– आशिष श्रेष्ठ*

आजको युग एक्काइसौँ शताब्दीको युग हो । आदिम ऋषिमुनिहरूले रोजेका जङ्गल, सोझा र अविकसित आदिवासीहरूले खोजेका साझापन सबै हराउँदै छन्। यो नवयुग विकास र उन्नतिको शोचले भरिपूर्ण छ। वैज्ञानिकहरू नयाँ-नयाँ अविष्कारहरूको खोजीमा

संलग्न छन् भने मानिसहरू त्यत्तिकै नै ती आविष्कारहरूको प्रयोगद्वारा विलासी र आरामदायी जीवन निर्वाह गर्दै छन् । त्यही विभिन्न अनुसन्धानहरू र विभिन्न खोजहरूबाट सानो हुँदै गएको पृथ्वीमा अर्को नवयुग– साइबर-युगको सृजना भएको छ ।

हिजोसम्म टाढा भएका मानिसहरू आज हाम्रै नजिकझैँ लाग्छन्। हुन सक्छ दूरी र समयले उनीहरूलाई टाढा बनाउलान् तर सञ्चारको विकास यति छिटो हुँदै छ कि तिनीहरूसँग हाम्रो दूरी नजिकिँदै छ। इन्टरनेट एउटा यस्तो माध्यम हो, जसले नेपालमा मात्र होइन तर पूरा पृथ्वीमा नै हक जमाएको छ। त्यसैले त पृथ्वी पनि सानो हुँदै छ र मानिसहरूका बीच टाढापन घट्दै छ। चाहे त्यो टाढा-टाढा बसिरहेका साथीहरू हुन् या आमा-बुबाबाट टाढा भएको एक्लो छोरो नै किन नहोस्, एक क्षणको इन्टरनेटबाट सबै जना कुराकानी गर्न पाउँछन् ।

अफगानिस्तान, सोमालियामा भएका शीतयुद्ध, इराक र अमेरिकाबीचको लडाइँ, विश्वकप फुटवलका दृश्यहरू या जे होस्, सबै ताजा खबर र समाचारहरू, रिपोर्टहरू र विवरणहरू एक घण्टामै इन्टरनेटमा बसेर थाहा पाइन्छ । त्यसैले एउटै कोठामा बसीबसी इन्टरनेटको सवारीले हामी पूरै विश्व र ब्रह्माण्डकै भ्रमण गर्न सक्छौँ । के यो अचम्मको कुरा होइन त ? इन्टरनेटमा सबै किसिमका मानिसहरूलाई सबै किसिमका जानकारीहरू पाइन्छ । विद्यार्थीलाई चाहिने ज्ञानमात्र नभएर एउटा कुनै जिज्ञासुको तिर्खा मेटाउने साधन हो– इन्टरनेट। 'गुगल', 'याहू सर्च' जस्ता खोज गर्ने वेबसाइटहरूले सबैको जिज्ञासालाई भरिदिएको पाइन्छ ।

आजभोलि इन्टरनेट हरेक ठाउँमा प्रयोग हुन्छ। विद्यालयहरूमा शिक्षकहरूले समेत कुनै परीक्षाका नतिजाहरू नेटमा नै हालिदिन्छन् र विद्यार्थीहरूलाई आफ्नो नतिजा हेर्न स्कूल या कलेज जान पर्दैन, सीधै साइबरमा छिर्छन् र आफ्नो नतिजा हेर्छन्। एउटा व्यापारीले व्यापार गर्न पनि साइबरमा पसे केही फरक नपर्ला । कुनै व्यापारीलाई कुनै सामान रोज्नुपरे वा किन्नुपरे ऊ सीधै इन्टरनेट खोल्छ र साइटहरूद्वारा आफ्नो व्यापारलाई बढावा दिन्छ। कुनै संस्थाले आफ्ना कर्मचारीहरूलाई केही जानकारी दिनुपरेमा त्यो संस्थाले सबैलाई

बोलाएर मिटिङ राख्नुपर्दैन । सबैका लागि त्यो जानकारी नेटबाट नै पठाउन मिल्दछ । यसरी नै कुनै पनि क्षेत्रमा इन्टरनेट र साइबरले मानिसहरूको जीवन सुगम बनाइदिएको पाइन्छ ।

थप कुरा गर्दा मानिसहरू जागिरका लागि पनि इन्टरनेटकै माध्यम नै रोज्न थालिसकेका छन् । बेरोजगारीका समस्याले फिरन्ते र निराश भएका युवाहरूलाई इन्टरनेटले धेरै अवसरहरू प्रदान गरेको छ । साइबर-क्याफेमा पसेर वा घरमै इन्टरनेट चलाएर मानिसहरू जागिरे भएका छन् र आफ्नो खुट्टामा आफै उभिन सक्ने स्वावलम्बी बन्न सिकेका छन् । यसले मानिसहरूलाई नयाँ उत्साह र हौसला पनि दिएको छ ।

इन्टरनेटलाई जति उपयोग गरिन्छ, त्यति नै मानिसहरूलाई फाइदा हुन्छ तर इन्टरनेटलाई दुरुपयोग गरिएमा त्यति नै हानि पनि पुग्दछ । यसो गरेमा यो नवयुग, होइन तर कलियुग हुन जान्छ । आजकलका युवाहरू इन्टरनेटमा ज्ञान हासिल गर्नका लागि नभएर च्याट-गफसफ गर्नका लागि कुद्छन् । इन्टरनेट ज्ञानको भण्डारमात्र नभएर मनोरञ्जनको साधन हुन पुगेको पाइन्छ । च्याटमा बसेर आफ्नो अमूल्य समय गुमाइरहेका ती युवाहरू बिग्रिरहेका छन् । यो चलन च्याउझैँ उम्रिँदै-बढ्दै गइरहेको छ र यो कुरालाई हामी सबैले संस्मरण गर्नुपर्दछ ।

राम्रा कुराहरूमात्र नभएर नेटहरूमा उत्तिकै नराम्रा कुराहरू पनि देखिन्छन् । छाडा र अश्लील चित्रहरू तथा नाङ्गिएका पुरुष र महिलाहरूका जल्दा-बल्दा चित्रहरूले मानिसहरूलाई धेरै यौनतर्फ खिचिरहेको छ । यौनशिक्षा दिनु नराम्रो होइन तर त्यस शिक्षाको दुरुपयोग हुनु कदापि राम्रो मान्न सकिँदैन । हाम्रा सोझा मानिसहरूले त्यस्ता साइटहरूबाट के नै सिक्न सक्छन् र ?

त्यसैले इन्टरनेट नै गुरु हो तर यसलाई चलाउन जानिएन भने दिमाग भ्रष्ट गर्ने राक्षस पनि यही नै हो । साइबर-युगको उपयोग गर्नुपर्दछ, दुरुपयोग होइन । राम्रा कुराहरू सिक्नुपर्दछ, नराम्रा कुराहरू होइन । इन्टरनेटबाट फाइदा लिनुपर्छ, नत्र भए बेफाइदा हुन्छ । यदि साइबर-युगलाई राम्रोसँग उपयोग गर्न सकियो भने एक व्यक्तिमात्र होइन, पूरा देश र विदेश नै विकासको सोपानमा पाइला

सारी अग्रसर हुन सक्दछन् । त्यसैले यस साइबर-युगलाई हामीले देशको विकासको उपज बनाउनुपर्दछ। यही नै आजको युगको बोली हो, आवश्यकता हो ।

## साइबर-युग

*– प्रियांशा सिलवाल*

मानवसमुदाय एक्काइसौँ शताब्दीसम्म आइपुग्दा यसको विकास, उत्थान तथा पहिचान विज्ञानद्वारा भएको देखिन्छ। विज्ञान मानवजीवनको हर पाटोमा आफ्नो अतुलनीय स्थान बनाएर दैनिक जीवनयापनको निमित्त नभई नहुने तत्त्वको रूपमा प्रस्तुत भएको छ। मानवमस्तिष्कको उपज विज्ञानले मानिसलाई दिएका विविध देनहरूमध्ये आजको दिनमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ, साइबर-संसार अर्थात् इन्टरनेट । त्यसैले साइबर-संसारको चर्काचर्की एवम् बाहुल्य भएको आजको युगलाई साइबर-युग भन्नमा दुई मत नहोला ।

साइबर-संसार विज्ञानको सहायताले मानवनिर्मित एउटा यस्तो प्रणाली हो, जसबाट कम्प्युटरमार्फत सजिलैसँग विविध विषयमा कुनै पनि जानकारी हासिल गर्न सकिन्छ । इन्टरनेट एउटा यस्तो प्रविधि हो, जसमार्फत करोडौँ फाइलहरू कम्प्युटरमार्फत क्षणभरमा नै उपयोग गर्न सकिन्छ । साइबर-संसारको सबैभन्दा प्रमुख उपयोगिता भने विश्वको कुनै पनि कुनामा रहेका व्यक्तिसँग सजिलैसँग कुराकानी तथा विचार आदानप्रदान गर्न सकिने सुविधा हो । यसलगायत आफूलाई चाहिएको कुनै पनि जानकारी चित्र तथा ध्वनिका साथ आफ्नै कोठामा बसीबसी हासिल गर्न सकिन्छ । त्यसैगरी समाचार, विविध मनोरञ्जनका साधन, व्यापार किनमेल आदि सबै साइबर-संसारमार्फत गर्न सकिन्छ । यसरी आजको यस साइबर-युगमा व्यक्तिलाई हरेक सुख-सुविधा तथा जानकारी सुलभ रूपमा उपलब्ध हुने देखिन्छ ।

साइबर-युगको आरम्भले मानवसमाजलाई धेरै टेवा पुऱ्याएको छ। घर बसीबसी सस्तो मूल्यमा देशविदेशमा रहेका आफ्ना आफन्त तथा इष्टमित्रसँग कुराकानी गर्न यसले सम्भव गराइदिएको छ ।

त्यसैगरी अन्य देश तथा जातिका मानिसहरूसँग मेलमिलाप गरी एकअर्काको संस्कृतिको आदानप्रदानमा विस्तार आएको छ । त्यसैगरी सर्वसुलभ जानकारीका मद्दतले विद्यार्थी, शिक्षक तथा अन्य पेसागत व्यक्तिहरूलाई पनि निकै सहायता भएको देखिन्छ। त्यसरी नै देश-विदेशको समाचार सत्य-तथ्य रूपमा छिनभरमै प्राप्त गर्न सकिने भएको छ। गीत-सङ्गीत, कला, साहित्य, आदि साइबर-संसारमा निकै फस्टाएको पाइन्छ । त्यसैगरी देशविदेशमा व्यापारमा निकै उपयोगी साबित भएर आय बढाउने काममा पनि यसको भूमिका रहेको देखिन्छ । नयाँ खोज तथा आविष्कार प्रतिपादन भएको जानकारी तुरुन्तै पाइने हुनाले विज्ञानको क्षेत्र पनि यसले गर्दा निकै फैलिएको हामीले देखेका छौँ ।

तर हरेक सिक्काको दुई पाटा हुन्छन् भनेझैँ साइबर-युगको नकारात्मक पक्ष पनि नभएको होइन । चौबीसै घण्टा साइबर-संसारमा भुलेर मानिसहरूले एक-अर्कालाई प्रत्यक्ष रूपमा भेटघाट गरी रमाइलो गर्ने चलनमा कमी आएको छ। यसले गर्दा विश्व-बन्धुत्वको भावनामा निकै ह्रास आएको देखिन्छ । साइबर-संसारमा आगन्तुकहरूमाथि भरोसा गरी हत्या, बलात्कार आदिका सिकार भएका घटनाहरू पनि हामीले नसुनेका होइनौँ । साइबर-संसारले उपयोगी जानकारी उपलब्ध गराउने भए पनि हरेक किसिमको जानकारी राख्न मिल्ने हुनाले मानिसहरू र त्यसमा पनि विशेष युवापुस्ता अश्लीलता तथा लागूपदार्थजस्ता विकृतिमा फस्ने क्रम पनि बढेको छ। साइबर-संसारमार्फत व्यापार गर्ने व्यक्तिहरूलाई फाइदामात्र होइन, कहिलेकाहीँ गलत तत्त्वको सिकारमा परेर ह्याकिङका कारणले सर्वस्व गुमाउनुपरेको उदाहरण पनि हामीसमक्ष नआएको होइन । त्यसैगरी इन्टरनेटका मार्फत खराब मानसिकताका व्यक्तिहरूले अर्काको कम्प्युटरमा भाइरस इत्यादि पठाएर भौतिक क्षति पनि गराएका छन् ।

तसर्थ, साइबर-युगको आरम्भले मानव समुदायमा मित्रता, विकास तथा सभ्यताको नयाँ पहिचान ल्याउन सके पनि तीसँगै विकृति, विसङ्गति तथा कुप्रथालाई पनि जन्म दिएको पाइन्छ । इन्टरनेट विज्ञानको निकै अनुकरणीय देन हो, जसले विश्वशान्ति,

सहिष्णुता तथा विकासका क्षेत्रमा अकल्पनीय योगदान पुऱ्याउन सक्छ तर त्यसको दुरुपयोग गरेमा त्यसले विनाश, अराजकता तथा क्षति पनि पुऱ्याउन सक्छ। त्यसैले साइबर-संसारको मानवजातिको कल्याणको लागि उपयोग गर्न नीति तथा नियम अपनाउनुपर्छ। साइबर-प्रहरी जसले साइबर-संसारमा हुने कुकर्मलाई पर्दाफास गर्न मद्दत पुऱ्याउन सक्छ, त्यसको स्थापना तथा विकास हुनुपर्छ। विविध अश्लील तथा हिंस्रक जानकारीमाथि प्रतिबन्ध लागाउन सक्नुपर्छ र साइबर-संसारका हरेक प्रतिनिधिको सुरक्षाको निमित्त सकिनेजति सम्पूर्ण विधि अपनाउनुपर्छ।

समष्टिमा भन्नुपर्दा, मानवकल्याणका निम्ति स्थापित साइबर-संसार मानवहितका लागि मात्र प्रयोग गरिनुपर्छ। साइबर-संसारमा सबैको प्रयोगका लागि एउटा स्वच्छ तथा सौहार्दपूर्ण वातावरणको सिर्जना हुनुपर्दछ। तर यस वैज्ञानिक आविष्कारप्रति मात्र आशक्त नभई मानिसले आफ्नो जीवनलाई आध्यात्मिक रूपमा पनि विकास गर्नुपर्दछ। यसरी भौतिक तथा आध्यात्मिक रूपमा जीवन व्यतीत गर्ने हो भने यो साइबर-युग मानवइतिहासकै सबैभन्दा जाज्वल्यमान युग नहोला भनेर भन्न सकिन्न।



*(पृ. २ को बाँकी)*

*त्यसपछि इतिहासज्ञ शिरोमणिले यो "धामीको चिठी" अन्त कतै छपाइसकेको पनि हुनसक्छ । भए पनि यो पानामा समेत (अधूरै भए पनि) त्यो छापिएर केही हानि छैन भन्ने लागेर यो ऐले हालिएको हो । धामीको चिठीको हाल प्राप्त अंश यो हो – सम्पादक]*

स्वामिवात भन्या जर्‍नोललाइ भिमसेन थापा त पनि भात षान जा भनि पथाय़ो उस् वेलामाहां स्वामिलाइ कातिदिउं भन्न्या मंसुभा चल्यो र सेरवाहादुरलाइ प्यास लाग्ये भनि २ फेरा उथि कौसिमाहां गइ पानि षाय़ो तिन फेरामाहां पानि षाइ आइकन स्वामिका अगारि षडा भयो र सेरवाहादुरले स्वामिलाइ भन्यो य़ो वात मलाइ लाग्यकि लागेन भनि विंति गर्‍यो स्वामिले भन्यो तलाइ पनि वात लाग्ये भन्यार सेरवाहादुरले तरवार मिय़ाना वात स्वात झिकि स्वामिका पेतमाहां अउतार हान्यो वालनरसिं कव़रले सेरवाहादुरलाइ तरवारले हान्ये वंम् साहिलाइ सेरवादुरका तरवारले पाषुरामाहां घाये़ल भये़ मये़न वति मर्‍यो अंध्यारो भय़ो कौसिमाहां काताकात भय़ो तल चोतामाहां जर्‍नोल भात षांथ्ये षवर दिन गय़ो र जर्‍नोलले चिराक वालि आय़ो र हेर्‍यो कंपनिलाइ भेरि लाउन पथाय़ो र तिलंगा जंम्मा भय़ो पहरा वाललाइ उदिः दिय़ो घर भित्र बस्न्या भारादार कसैलाइ वाहिर जानः नदिनु भनि छेक्ये सेरवाहादुरका केता जना दुइ कौसिमाहां थिय़ो कौसिमाहां कातिकन छानावात सेरवाहादुर पनि केता पनि षसालि दिय़ो स्वामिलाइ विछाउनामाहां राषि चोकमाहां ल्याय़ो प्रान पनि छुत्ये फेरि काजि त्रिभुं काजि नरसिं दुइ जनालाइ तिलंगाले घेरा लाइ दरवार लैगय़ो जरोल रंगनाथ पंदित कंवर काजि भडारि काजि चार जना रंजित पांडे सवै तिलंगाले घेरा लाइ माझमाहां वसि दरवारमाहां राजाको हजुर गय़ा स्वामिलाइ पसुपति पथाय़ो फेरि हजुरमाहां वसि चौउतरा विदुर साहिलाइ घरमाहां बांधन पथाय़ो भडालखालमाहां पालुपालि राजा काजि केताहरू सवै बाधन पथाय़ो पालुपालि राजा काजि विदुर साहि त्रिभुंनरसिं ये़ति जना भडालषालमाहां कातन लाय़ो अरूलाइ काति दे भंन्दा कोहि अघि सरेन विराजवि अर्दलि थिय़ो उइ

अघि सरि राजा काजिलाइ काति दियो उहि गुनले विराज विस्तलाइ लप्तेनि दिइ राषेछ जर्नोलवातः उ प्रांत भोलिषेर सेरवाहादुरकाः विदुर साहिकाः त्रिभुंकाः नरसिंकाः केताकेति सवै समाउन पथायो र उपल्लो १५ वर्सको तल्लो २ वर्सको छोरा सवै काति दियो विस्नुमतिमाहां लैगिकन स्वास्निहरू छोरिहरू कमारिहरू सवै उथाइ दियो सवैका घरषेत सर्वस्ये लियो पालुपालि राजाको केताहरू १८ जना सहर भित्रका बारिमाहां कातिदियो जगंषजांचि समेत विदुर सहिको केता सेरवाहादुरका केता त्रिभुंका छोरा समेत १३ जना विस्नुमतिका पुलमाहा पारिवात काति दियो स्वामि जलाउदा सति येक पनि गयेन वडामाहां रानि हेल्भुवात ल्याइ कन केति समेत ४ जना सति पथायो ८ दिन पछि कासिवाल भित्र्यानि १५ दिन पछि सति गयो स्वामि मर्दा सति गयाको कातियोको सवै जंम्मा ९३ का जिउ गयो क्येहि मतोमाहां नभयाको पनि रिस पछि लागि काति दियो निपालको षेलषाल येस्तै छ जर्नोल वात कामकाज गर्न लाग्या देषि निसाप केहिछैन रूपैया मात्रै धेरै लिछं घुस पनि धेरै षान लाग्ये अघि घुस् षान्या दस्तुर थियेन आजकाल सवै भारादार घुस षान लागिरह्या छं: १५ । १६ वर्स भयो जर्नोललाइ पजनि कामकाज छुताउनलाइ व्रज्रनाथ मिसज्यु विजये सिं साहि सर्वजित पाडे तिन जनाले मतो गरचाको जर्नोलवात थाहा पायो र सर्वजित पाडेलाइ कातिदियो वज्रनाथ मिस्रलाइ मधेस धपाइदियो विजये सिं साहिलाइ ञ्चेलषानामाहां न्येल हाल्ये र मरि गयो, पुरानु भारादार भया जर्नोल वाचनु काहां पाउथ्ये मारिदिथ्ये आजकालका भारादा सवै जर्नोलले वनायाको सवै केताकेति भारादार छं वुद्धि कसैको छैन निपाल षानु सहजै छ हजुर विनुरहिरहेछ हजुर वात केहि कुरा पथायो भन्या सवै दरले मर्दछं याहांको भारादार येकांत गर्दै मर्छं पेतपेत सवै फातिरहेछ मुषले वोल्न सक्दैनं मेरा कोतिकोति सलाम सलाम मिति आषाद सुदि १३ रोज ४ सुभं

# सम्पादकीय

## यो अङ्क

हाम्रो १९१ औँ अङ्क अनेक प्रकारले नौलो हुनपुगेछ ।

पैलो त सम्पादक स्वयम्ले आफ्नै 'नभएको' बूढोपास्नीका बारेमा लेखेको अनौठो लाग्नेछ पाठकहरूलाई । तर त्यो कुनकुन कारण र परिस्थितिले यहाँ समावेश हुन आइपुग्यो भन्ने कुरा शिरटिप्पणीमा नै खुलाइसकेकाले थप केही भन्नु परोइन ।

एउटा महत्त्वपूर्ण लेखचाहिँ हामीले यसपटक छाप्न पाएका छौँ। मैथिली र अवधी भाषाका रामायणको गहकिलो चर्चा गरेर डा. गङ्गाप्रसाद अकेलाले नेपालीमा लेखेको रचना नेपाली भाषाभाषीहरूका लागि एउटा ठूलै प्राप्ति हो। हाम्रा पाठकहरू पनि यसबाट लाभान्वित हुनेछन् भन्ने हामीलाई लाग्छ ।

त्यसपछिको अर्को उल्लेख्य पक्ष हो, यस अङ्कमा छापिएको "म.पु.गु. निबन्धलेखन" । यसबारे पनि विस्तृत रूपमा माथि नै लेखिएकाले बढी भन्नु छैन। बरु हाम्रा पाठकहरूको प्रतिक्रिया जान्न हामी चाहन्छौँ ।

## प्रज्ञा–प्रतिष्ठान

प्रज्ञा-प्रतिष्ठानले 'राजकीय' पद गुमाएको पनि निकै दिन महिना बितिसक्यो, तर त्यहाँ कामचाहिँ अझै त्यस्तै लथालिङ्ग छ भन्ने सुनिन्छ । त्यसको स्याहारसुसार गर्ने कोही छैन, बेवारिस अवस्थामा घिटीघिटी गर्दै छ रे भन्ने पनि खबर छ । तर बल्लबल्ल पुरानो ने.रा.प्र.प्र.लाई भत्काएर त्यसका ठाउँमा तीनओटा छुट्टाछुट्टै (स्वायत्त) प्रज्ञा-प्रतिष्ठान बनाउने विधेयक संस्कृतिमन्त्रीले व्यवस्थापिका संसद्मा प्रस्तुत गरेका छन् । प्रस्तुत भएको मात्र होइन, ती तीनैओटा

विधेयकका बारे विद्वान्‌हरूबीच छलफल पनि गराइँदै छ संसदीय समितिमा भन्ने थाहा भएको छ । त्यस छलफल कार्यक्रममा प्राज्ञ कृष्णचन्द्रसिंह प्रधानले (भाषा साहित्यतर्फको) राष्ट्रिय प्रज्ञा-प्रतिष्ठान विधेयक २०६३ का विषयमा कार्यपत्र पेस गर्ने भन्ने पनि बुझिन्छ । यो छलफल कार्यकारी होस्, प्रज्ञा-प्रतिष्ठान पुनः सुचारु रूपले सञ्चालन हुन थालोस् भन्ने शुभकामना गर्दछ 'नेपाली' ।

**पुरस्कारहरू**

यस अवधिमा निकैओटा साहित्यिक पुरस्कारविजयीहरूका नाम सार्वजनिकीकरण भएका छन् । तिनमध्ये केही हुन् :

- २०६४ सालको सिद्धिचरण पुरस्कार कवि दुर्गालाल श्रेष्ठलाई प्रदान भयो, यो गएको जेठमा ।
- यस वर्षको साझा पुरस्कार साहित्यिक पद्मावती सिंहलाई उनको उपन्यास "समानान्तर आकाश" का लागि प्रदान गरियो ।
- गोमा साहित्यिक सम्मान प्रदान गरियो हिरण्यकुमारी पाठकलाई ।
- यस वर्षका छिन्नलता पुरस्कार– गीतकारमा कञ्चन पुडासैनीलाई, सङ्गीततर्फ रत्नबहादुरलाई र गायनतर्फ लोचन भट्टराईलाई प्रदान गरिँदै छ ।

अरू पनि धेरै थप पुरस्कारको घोषणा भएका छन् यसबीच । हामी माथि उल्लिखित सबै कवि-कलाकर्मीहरूलाई तथा अन्य, यहाँ उल्लेख गर्न नभ्याइएका पुरस्कारविजेताहरूलाई बधाई र शुभकामना गर्दछौँ ।

